# *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली
भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर तह
(एम.एड.) द्वितीय वर्षको नेपा.शि.
५९८ को पाठ्यांश पुरा गर्ने
प्रयोजनका लागि
प्रस्तुत

शोधपत्र

सविना लामिछाने
त्रि.वि. दर्ता क्रमाङ्क : ९-२-६४३-१२-२०१२
परीक्षा क्रमाङ्क : २४०००८०

नेपाली भाषा शिक्षा विभाग
सप्तगण्डकी बहुमुखी क्याम्पस
भरतपुर, चितवन

२०७९/2022

## शोधनिर्देशकको सिफारिसपत्र

*मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको यो शोधपत्र शोधार्थी सविना लामिछानेले मेरो निर्देशनमा पूर्ण लगाव र परिश्रमपूर्वक तयार पार्नु भएको हो । विषयगत गहनतालाई महत्त्व दिई तयार पारिएको यस शोधपत्रबाट म पूर्ण सन्तुष्ट छु । प्रस्तुत शोधपत्र शिक्षाशास्त्र सङ्काय, नेपाली विभागको नयाँ प्रारूपअनुसार तयार पारिएको छ । शोधार्थीले प्रस्तुत शोधपत्र त्रि.वि. शिक्षाशास्त्र सङ्कायद्वारा जारी गरिएको पछिल्लो नवीन प्रारूपअनुसार तयार पार्नुभएको छ । अतः आवश्यक मूल्याङ्कनका लागि सप्तगण्डकी क्याम्पस, नेपाली विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०७९/०२/१३

सन् : २७/०५/२०२२

..............................

सरोज दवाडी

सहायक प्राध्यापक

सप्तगण्डकी बहुमुखी क्याम्पस

नेपाली शिक्षा विभाग

भरतपुर, चितवन

## कृतज्ञताज्ञापन

प्रस्तुत *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत दोस्रो वर्षको नेपा.शि. ५९८ अध्ययनपत्र पाठ्यांशको प्रयोजनार्थ तयार पारिएको हो । सर्वप्रथमतः प्रस्तुत उपन्यासका उपन्यासकार सिर्जन अविरलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्न चाहन्छु, जसको उपन्यासका कारण मैले आफ्नो शोधकार्यमा प्रस्तुत पुस्तकको माध्यमबाट अनुसन्धान कार्य गर्ने अवसर प्राप्त गरेकी छु ।

प्रस्तुत शोधको उपयुक्त शोधशीर्षक छनोट तथा शोधप्रस्ताव स्वीकृत गरी शोधको अवसर प्रदान गर्ने सप्तगण्डकी बहुमुखी क्याम्पसको नेपाली भाषा शिक्षा विभागअन्तर्गत विभागाध्यक्ष गुरुआमा बिन्दु पौडेल (वस्ती) प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । यस शोधकार्य सप्तगण्डकी बहुमुखी क्याम्पसका शोधनिर्देशक सरोज दवाडी गुरुको प्रत्यक्ष निर्देशनमा तयार पारिएको हो । आफ्नो व्यस्तताको बाबजुद पनि शोध लेखनको सम्बन्धमा आफ्नो अमूल्य समय र सुझावहरू दिनुभएकोमा उहाँप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

शोधपत्र तयार गर्ने क्रममा सर्वप्रथम *मोक्ष* उपन्यासका लेखक सिर्जन अविरलप्रति हार्दिक कृतज्ञता टक्र्याउँछु । सैद्धान्तिक पुनरावलोकनका निम्ति सामग्रीका रूपमा लेखक विष्णु आचार्य र विश्वास भुसाल, पारसमणि भण्डारी, मोहनराज शर्मा, रामचन्द्र लम्साल, कृष्णविलास पौडेल, ईश्वरीप्रसाद गैरेका कृतिहरूको सहयोग लिइएको छ, त्यस्तै प्रायोगिक पुनरावलोकनका लागि सामग्रीका रूपमा गोपालप्रसाद कँडेल, सुष्मा कोइराला, देवीराम लामा, कुमारी शर्मा, रीतादेवी शर्मा, धनमाया श्रेष्ठ, पूजा सुवेदी, टीकाराम सुनार, कमलाकुमारी सापकोटा, भवानी खतिवडाको शोधपत्रको सहयोग लिइएकाले उहाँहरूप्रति पनि हार्दिक कृतज्ञ छु । मेरो उज्ज्वल भविष्यको कामना गरी ठूलो प्रयासमा यो स्थानसम्म पुऱ्याउनुहुने मेरी ममतामयी आमा लक्ष्मी लामिछाने र बुवा गोकुलप्रसाद लामिछानेप्रति आजन्म ऋणी रहेको छु । मेरो हरेक सुखदुःखमा साथ दिँदै अध्ययन कार्यमा सदैव अग्रसर हुन प्रेरित गरिरनुहुने जीवनसाथी बलराम दाहालप्रति कृतज्ञ छु, साथै मेरो प्यारो छोरो सबल दाहालको उज्ज्वल भविष्यको कामना गर्दछु ।

अन्त्यमा, प्रस्तुत शोधकार्यको उचित मूल्याङ्कनका लागि सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभागमा पेस गर्दछु ।

मिति : २०७९/०२/०६ शोधार्थी

सन् : २०/०५/२०२२ सविना लामिछाने

## शोधसार

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्षको पाठ्यांश नेपा.शि. ५९८ को प्रयोजनका लागि तयार पारिएको हो । यस शोधपत्रको शोधशीर्षक *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* रहेको छ । आधुनिक नेपाली उपन्यासको क्षेत्रमा आफ्नो परिचय स्थापित गराउन सफल साहित्यकार सिर्जन अविरलद्वारा लिखित *मोक्ष* (२०७८) उपन्यासको कथानकका आधारमा शैलीवैज्ञानिक विश्लेषण गर्नु, पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा विश्लेषण गर्नुका साथै उपन्यासको भाषिक आधार (चयन, विचलन र समानान्तरता) को विश्लेषण गर्नु यस शोधकार्यको उद्देश्य रहेको छ ।

म पात्रको सहायताबाट कथानक अगाडि बढेको यस उपन्यास २३१ पृष्ठमा संरचित एउटा साहित्यिक गद्य लेखनका रूपमा स्थापित हुन पुगेको छ । शोधपत्रलाई चुस्तदुरुस्त बनाउनका लागि शैलीवैज्ञानिक अध्ययन, अनुसन्धान आवश्यक देखिन्छ । शैलीवैज्ञानिक अध्ययनलाई अगाडि बढाउने सिलसिलामा अग्रज विद्वान्हरूद्वारा तयार गरिएका शैलीविज्ञानसँग सम्बद्ध पुस्तक, लेख, रचना तथा शोधपत्रहरूको समेत पुनरावलोकन गरिएको छ । यस अनुसन्धानलाई विश्वसनीय र बैध बनाउन शैलीविज्ञानसम्बद्ध साहित्यहरूलाई आधार मानी सैद्धान्तिक अवधारणा निर्माण गरिएको छ । प्रस्तुत शैलीवैज्ञानिक अवधारणालाई समेत आधार मानी पुस्तकालयीय अध्ययन कार्यद्वारा सङ्कलन गरिएका तथ्याङ्कहरूलाई वर्णनात्मक एवम् ब्याख्यात्मक विधिद्वारा विश्लेषण गरी शोधपत्रको निर्माण गरिएको छ ।

परिवार र आफ्नो ज्यानको जोखिम मोल्दै दस वर्षसम्म सयौं माइल युद्धको यात्रा गरेर आएको आविष्कार र युद्धकै परिवेश देख्दै र युद्धले दिएका अनेकन चोट र पीडा भोग्दै बाँचेको आदित्यबीचको लामो समयपछिको भेट हुनु, आविष्कारसँगको भेटमा आदित्यले आफूले भोगेको युद्धको कथा लेख्न आग्रह गर्नु, आविष्कारले आफ्नो कथा आदित्यलाई लेखिदिन आग्रह गर्दै कथा सुनाउनु, मुक्ति र परिवर्तनका लागि दस वर्षसम्म आफ्नो ज्यान बाजी राखी युद्ध लडेका लडाकुहरूरूलाई क्यान्टोनमेन्टमा राखिनु, अनमिनद्वारा अयोग्यताको ट्याग भिराउनु, सांस्कृतिक मोर्चा, युद्ध मोर्चा र भाषाकला सबैमा निपूर्ण शारदाले नयाँ कार्यकर्ताहरूलाई प्रशिक्षण दिई युद्धको लागि सक्षम बनाउनु, रोमियो अपरेशनका लागि थवाङको यात्रा गर्नु, कार्यालय बा माओवादी युद्धलाई सघायबापत जेल पर्नु, बाको

गिरफ्तारीपछि  आदित्यको परिवारले दुःख पाउनु, बाको रिहाईका लागि ब्यारेक, कारागार र अदालतदेखि कर्णेलसँग भेट गर्नु, मुटुलाई स्पात बनाउँदै छातीमा अदम्य साहस बोकेर इच्छा, अम्बिका, सलिना, विद्रोहजस्ता लडाकुहरू युद्धको मैदानमा उत्रिनु, शोषित, पीडित र उत्पीडनमा परेका वर्गहरूको वर्गीय मुक्तिका लागि जनताको झुपडीमा खुसीको दियो बाल्नका लागि आफ्नो सपनालाई पन्छाएर देश र जनताका लागि क. आकृति, विद्रोह, शारदाले सहादत प्राप्त गर्नु, साहसी महिला छापामारद्वारा गोरखा जेलब्रेक गर्नु, आफ्नो ऊर्जावान् समय र जीवन युद्धलाई समर्पित गरेको योद्धा आविष्कारले आत्महत्या गर्नु, इच्छाले मोक्षका लागि भिक्षुको बाटो रोज्नु, कार्यालय बाको घर आगमन हुनु, आमाले आध्यात्मिकताको बाटो रोज्नुजस्ता घटनाहरू कथानकको रूपमा आएका छन् र जसले गर्दा कृति आकर्षक भएको पाउन सकिन्छ ।

आदित्य र आविष्कारको लामो समयपछि भेटमा भएको कुराकानीबाट कथानकको सुरुवात भएको छ । आदित्य, आविष्कार, शारदा र इच्छा उपन्यासका प्रमुख पात्रहरू हुन् भने कार्यालय बा, आमा, देव, अम्बिका, सलिना उपन्यासका सहायक पात्रहरू हुन् । कृतिको निश्चित भागमा देखा परी निश्चित भागमा नै हराएको हुँदा कर्णेल, चुनु गुरुङ, पाखिन दाइ, कृष्ण सेन इच्छुक, रिफा, इमा, दिलाशा, क. प्रभाकर, नारायण श्रेष्ठ आदि गौण पात्रका रूपमा आएका छन् । यसरी आएका समग्र पाात्रहरूको भूमिकाले कृति उत्कृष्ट रहेको निष्कर्ष निकालिएको छ ।

मोक्ष कृतिमा चयनअन्तर्गत तत्सम, तद्भव, आगन्तुक, नामपद, सर्वनाम, विशेषणपद, क्रियापद, नामयोगी, क्रियायोगी र संयोजकपद, निपात शब्दको प्रयोग, विस्मयाधिवोधक, योजक चिन्ह, उद्गार चिन्ह, प्रश्नवाचक चिन्ह आदिको चयन गरिएको छ । विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत र प्रयुक्तिगत विचलनको प्रयोग गरिएको छ । त्यसैगरी समानान्तरताअन्तर्गत आन्तरिक र बाह्य समानन्तरताको प्रयोग गरिएको छ । वाक्य चयनअन्तर्गत सरल, मिश्र र संयुक्त वाक्यको प्रयोग गरिएको छ । उपर्युक्त चयन र विचलनको प्रयोगले कृति सरल, सरस र बोधगम्य बन्न पुगेको छ । यसरी शैलीवैज्ञानिक आधारमा उद्देश्यअनुसारको विश्लेषण गरेर कृतिलाई सफल बनाइएको छ ।

## विषयसूची

*आवरण पृष्ठ* पृष्ठ
*प्रतिबद्धतापत्र*
*शोधनिर्देशकको सिफारिसपत्र*
*स्वीकृतिपत्र*
*कृतज्ञताज्ञापन*
*शोधसार* क
*सङ्क्षिप्त रूप* ग
*विषयसूची* घ
*तालिकासूची* ज
*चित्रसूची* झ
*चिन्हसूची* ञ

**अध्याय एक : शोधपरिचय**
अध्ययनको पृष्ठभूमि १
समस्याकथन २
अध्ययनको औचित्य २
शोधकार्यको उद्देश्य ३
सीमाङ्कन ३
पारिभाषिक शब्दावली ३
सारांश ४

**अध्याय दुई : सम्बन्धित कार्यको पुनरावलोकन**
सैद्धान्तिक पुनरावलोकन ५
प्रायोगिक पुनरावलोकन ६
अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग १२
शैलीविज्ञानको सैद्धान्तिक अवधारणा १२
    शैलीविज्ञानको परिचय र परिभाषा १४
    भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध १७

शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध १८
शैलीविश्लेषण प्रक्रिया १९
साहित्यिक संरचना २०
शैली २२
शैलीवैज्ञानिक आधारमा उपन्यासको विश्लेषण २७
सारांश ३३

**अध्याय तीन : शोधविधि र प्रक्रिया**

अनुसन्धान विधि ३५
अनुसन्धान ढाँचा ३५
नमुना छनोट प्रक्रिया ३५
तथ्य सङ्कलन प्रक्रिया ३५
तथ्य सङ्कलनका साधन ३६
तथ्य सङ्कलन ३६
अवधारणात्मक ढाँचा ३७
नतिजा र छलफल ३७
अध्ययनको रूपरेखा ३८
सारांश ३८

**चौँथो अध्याय : *मोक्ष* उपन्यासको कथानकको विश्लेषण**

आरम्भ ३९
सङ्घर्ष विकास ४०
चरमोत्कर्ष ४१
सङ्घर्षह्रास ४१
उपसंहार ४२
सारांश ४२

**पाँचौं अध्याय : *मोक्ष* उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण**


प्रमुख पात्र ४४

आदित्य ४५

आविष्कार ४५

शारदा ४५

कार्यालय बा ४६

आमा ४७

देव ४७

इच्छा ४७

सहायक पात्रहरू ४८

गौण पात्रहरू ४९

सारांश ५०


**छैटौं अध्याय : शैलीवैज्ञानिक आधारमा *मोक्ष* उपन्यासको भाषिक विश्लेषण**


चयन ५२

तत्सम शब्द चयन ५२

तद्भव शब्द चयन ५३

आगन्तुक शब्द चयन ५३

झर्रा तथा अनुकरणात्मक शब्द चयन ५४

नामपदको चयन ५४

सर्वनामको चयन ५४

विशेषणपदको चयन ५५

क्रियापदको चयन ५६

क्रियाविशेषण पदको चयन ५६

नामयोगी शब्द चयन ५७

निपातको चयन ५७

संयोजक शब्द चयन ५८

विस्मयादिबोधक शब्द चयन ५८

वाक्य चयन ५९

टुक्काको चयन ६०

विचलन ६०

कोशीय विचलन ६०

व्याकरणिक विचलन ६१

ध्वनिप्रक्रियात्मक विचलन ६१

लेख्य प्रक्रियात्मक विचलन ६२

अर्थतात्त्विक विचलन ६२

प्रयुक्तिगत विचलन ६३

भाषिकागत विचलन ६३

समानान्तरता ६४

बाह्य समानान्तरता ६४

आन्तरिक समानान्तरता ६४

चिन्ह प्रयोग ६५

प्रश्नवाचक चिन्ह प्रयोग ६५

योजक चिन्ह ६५

उद्‌गार चिन्हको प्रयोग ६६

पूर्णविराम चिन्हको प्रयोग ६६

सारांश ६६

**अध्याय सात : निष्कर्ष र उपादेयता**

सारांश ६८

निष्कर्ष ७०

उपादेयता ७२

नीतिगत ७२

प्रयोगगत ७२

सन्दर्भ सामग्रीसूची

व्यक्तिवृत्त

# तालिकासूची


| तालिका सङ्ख्या | शीर्षक | पृष्ठ |
| --- | --- | --- |
| १ : | पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण | ५० |

# चित्रसूची


| चित्र सङ्ख्या | शीर्षक | पृष्ठ |
|---|---|---|
| १ : | शैलीविश्लेषण प्रक्रिया | १९ |
| २ : | शोधपत्रको ढाँचा | ३७ |

# चिन्हसूची

| चिन्ह | अर्थ |
|---|---|
| ; | अर्धविराम |
| , | अल्पविराम |
| ‘ ’ | शीर्षक जनाउँदा वा विशेष जोड दिँदा |
| “ ” | कसैको प्रत्यक्ष उक्तिको उद्धरण गर्दा |
| … | केही अंश छोडिएको |
| । | पूर्णविराम |
| - | योजक |
| / | विकल्प, पर्याय |
| : | कुनै कुराको उदाहरण दिँदा |
| – | बाट |
| ( ) | पेटे टिप्पणी दिँदा |

# सङ्क्षिप्त रूप

| | | |
|---|---|---|
| उ.मा.वि. | : | उच्च माध्यमिक विद्यालय |
| एम.एड. | : | मास्टर्स अफ एजुकेसन |
| एस.एल.सी. | : | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | : | क्रम सङ्ख्या |
| क. | : | कमरेड |
| डा. | : | डाक्टर |
| त्रि.वि. | : | त्रिभुवन विश्वविद्यालय |
| नं. | : | नम्बर |
| नेपा.शि. | : | नेपाली शिक्षा |
| प्रा.लि. | : | प्राइभेट लिमिटेड |
| पृ. | : | पृष्ठ |
| पृपृ. | : | पृष्ठदेखि पृष्ठसम्म |
| बि.एड्. | : | ब्याचलर अफ एजुकेसन |
| मा.वि. | : | माध्यमिक विद्यालय |
| स्व. | : | स्वर्गीय |

# अध्याय एक

## शोधपरिचय

### अध्ययनको पृष्ठभूमि

प्रस्तुत शोधपत्रको शीर्षक *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* रहेको छ । नेपाली साहित्यको क्षेत्रमा विविध क्षेत्रमा कलम चलाउने सर्जक साहित्यिक नाम सिर्जन अविरल र वास्तविक नाम चेतनाथ अधिकारीको *म आकाश हेरिरहेको छु* (कवितासङ्ग्रह, २०६६), *आदिगायक सेतुरामदेखि दिलमाया खातीसम्म* (जीवनीसङ्ग्रह, २०६१), *क्यान्टोन्मेन्ट र अरू कविताहरू* (कवितासङ्ग्रह, २०७०) र *मोक्ष* (उपन्यास, २०७८) जस्ता चारवटा साहित्यिक कृतिहरू प्रकाशित भइसकेका छन् । यिनको चौथो कृतिको रूपमा *मोक्ष* शीर्षकको औपन्यासिक कृतिको रूपमा रहेको छ । साङ्ग्रिला पुस्तक प्रा.लि. को प्रकाशन रहेको प्रस्तुत *मोक्ष* उपन्यासले नेपालको दसवर्षे सशस्त्र द्वन्द्वलाई आधारभूमि बनाउँदै शान्तिवार्ता पछि अयोग्य बन्न पुगेका लडाकुहरूको जीवनकथालाई सूक्ष्म ढङ्गले चित्रण गरेको छ । यसका साथै नेपालको तत्कालीन समाजमा व्याप्त रहेको युद्धमोह र त्यसले नेपाली समाजमा पारेका विविध प्रकारका असरहरूलाई विषयवस्तु बनाएर तिनीहरूकै वरिपरी उपन्यास केन्द्रित रहेको छ । यसैले यो माओवादी विद्रोहको युद्ध कथामा आधारित रहेर यो उपन्यासको सिर्जना भएको छ ।

प्रस्तुत शोधकार्य भाषाको शैलीविज्ञानसँग सम्बन्धित रहेकाले शैलीविज्ञानको अवधारणासँग आधारित रहेर कृतिको अध्ययन विश्लेषण गरिएको छ । सामान्य अर्थमा शैली भनेको ढाँचा वा तयारी हो भन्ने बुझिन्छ । शैलीलाई भाषिक कलाको एउटा सशक्त अङ्गको रूपमा समेत लिइन्छ । शैलीविज्ञान त्यही भाषिक कलाको विश्लेषण गर्ने माध्यम हो । त्यसैले भाषालाई प्रस्तुत गर्ने ढङ्ग वा ढाँचालाई नै शैली भन्न सकिन्छ । वर्तमान समयमा कुनै पनि कृतिको वस्तुगत अध्ययन गर्नका लागि शैलीविज्ञानको महत्त्वपूर्ण भूमिका रहने हुँदा यो लोकप्रिय हुँदै गएको देखिन्छ । कुनै पनि कृतिको रचनात्मक अध्ययन बुनोट, बनोट तथा शैली पक्षको विश्लेषण गरी त्यसको साहित्यिक सौन्दर्य केलाउने काम शैली विश्लेषणमा गरिन्छ । कुनै पनि साहित्यकारले आफ्नो रचनालाई आकर्षक, कलात्मक र स्तरीय बनाउनको लागि प्रयोग गर्ने वर्ण, शब्द, पदावली तथा वाक्यको रूपात्मक वा अर्थीय पुनरावृत्ति गर्ने कला शैली नै शैलीविज्ञान हो । शैलीविज्ञानले नै कुनै पनि कृतिको भाषिक

चयन, विचलन तथा समानान्तरताको अध्ययन गर्ने गर्दछ । शैलीविज्ञानका यस्ता तत्त्वहरूको प्रयोगले अग्रभूमि र शैली सौन्दर्यलाई पाठकसमक्ष प्रस्तुत गर्ने हुनाले प्रस्तुत शोधपत्रमा उपन्यासकार सिर्जन अविरलद्वारा लिखित *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गरिएको छ ।

## समस्याकथन

शैलीविज्ञानलाई साहित्यिक कृतिहरूको समालोचना गर्ने आधुनिक पद्धति मानिएको हुनाले यसै पद्धतिमा आधारित रही विभिन्न उपकरण तथा प्रक्रिया अवलम्बन गरी *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक आधारमा अध्ययन विश्लेषण गर्नुलाई नै प्रस्तुत शोधकार्यको मुख्य समस्या मानिएको छ । यसै समस्यालाई मुख्य समस्याका रूपमा लिई प्रस्तुत उपन्यासको कथानक संरचना, पात्रविधान, चयन, विचलन र समानान्तरताको छनोट गरी विश्लेषणात्मक विधिलाई आत्मसात गरी अध्ययन र विश्लेषण गरिएको छ । अध्ययनलाई निरन्तरता दिने क्रममा *मोक्ष* उपन्यासमा प्रयोग भएका भाषिक संरचना, पात्रविधान, चयन, विचलन र समानान्तरताको स्थितिको बारेमा अवगत गराइएको छ । *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकसँग आधारित रही शोध्य उपन्यासको अध्ययन विश्लेषण गर्नुलाई प्रस्तुत शोधकार्यमा मुख्य समस्या मानिएको हुनाले यी समस्याभित्र आएका अन्य समस्याहरूलाई समेत यथासम्भव निराकरण गर्दै प्रस्तुत शोध तयार पारिएको छ ।

## अध्ययनको औचित्य

प्रस्तुत शोधशीर्षकमा आधारित रही *मोक्ष* उपन्यासको कथानक संरचना, पात्रविधानका साथै चयन, विचलन र समानान्तरताको छनोट गरी विश्लेषणात्मक विधिलाई आत्मसात् गरी अध्ययन र विश्लेषण गरिएको छ । यो विश्लेषण सम्बन्धित क्षेत्रका विद्यार्थीहरू र अन्य अध्येताका लागि अत्यन्त उपयोगी हुने देखिन्छ । यस कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यावहारिक उपयोग गर्ने क्षमता अभिवृद्धि गर्न मार्गप्रशस्त गरेकाले यस अध्ययनको औचित्य र सान्दर्भिकता रहेको छ ।

नेपाली साहित्यिमा विभिन्न कृतिहरूको विविध पक्षबाट व्याख्या विश्लेषण गरेको पाइए तापनि शैलीवैज्ञानिक कोणबाट *मोक्ष* उपन्यासको हालसम्म कुनै अध्ययन तथा अनुसन्धान नभएकाले र उक्त उपन्यासमा निहित सामाजिक यथार्थताका कारण

उपन्यासकार, पाठक र शोधार्थी तथा अध्येताहरूका निम्ति निकै फलदायी र उपयोगी बन्ने देखिन्छ । कुनै पनि साहित्यिक कृतिको शैलीवैज्ञानिक ढङ्गले अध्ययन, विश्लेषण एवम् मूल्याङ्कन गरी तयार पारिएको शोधपत्र वास्तविक, वैज्ञानिक, वस्तुपरक र प्रभावकारी ढङ्गले शैलीविज्ञानसँग सम्बन्धित व्यक्ति तथा संस्थाहरूलाई अत्यन्त लाभदायक हुने भएको हुँदा शैलीवैज्ञानिक अध्ययनको सान्दर्भिकता उच्च रहने देखिन्छ । यसैले साहित्यका कुनै पनि आख्यानात्मक कृतिको शैलीवैज्ञानिक ढङ्गले विश्लेषण एवम् मूल्याङ्कन गरी तयार पारिएको शोधपत्र वास्तविक, वैज्ञानिक, वस्तुपरक र प्रभावकारी भएको हुँदा शैलीवैज्ञानिक अध्ययनको सान्दर्भिकता उच्च रहेको प्रष्ट हुन्छ ।

## शोधकार्यको उद्देश्य

प्रस्तुत शोधकार्य *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक अध्ययन शीर्षकसँग सम्बन्धित रहेकाले यसका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) *मोक्ष* उपन्यासको कथानकको आधारमा अध्ययन गर्नु,

(ख) *मोक्ष* उपन्यासमा प्रयुक्त पात्रहरूको भाषिक आधारमा वर्गीकरण गर्नु र

(ग) चयन, भाषिक विचलन र समानन्तरताको आधारमा *मोक्ष* उपन्यासको विश्लेषण गर्नु ।

## सीमाङ्कन

कुनै पनि अध्ययन, अनुसन्धान तथा शोधकार्य गर्ने क्रममा अध्येता वा शोधार्थीले कुन प्रश्नमा आधारित रही अनुसन्धान गर्ने भन्ने कुरालाई शोधको सीमाङ्कन भनिन्छ । शोध्य उपन्यास *मोक्ष*लाई विभिन्न सिद्धान्त र अवधारणाका आधारमा विश्लेषण र मूल्याङ्कन गर्न सकिने भए तापनि अनुसन्धानलाई चुस्त, दुरुस्त, वस्तुगत र ठोस उपलब्धि हासिल गर्नका लागि शैलीवैज्ञानिक अध्ययनअर्न्तगत कथानक प्रस्तुति, पात्रगतको शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नुका साथै चयन, विचलन र समानान्तरतामा आधारित भई अध्ययन गरिएको छ भने यस कृतिलाई अन्य पक्षबाट अध्ययन विश्लेषण गरिएको छैन ।

## पारिभाषिक शब्दावली

मोक्ष = बन्धनबाट छुट्ने काम, छुटकारा

बलेसी = छानाको किनारबाट खस्दाको पानी, बलेनी

उपेक्षा = बेवास्ता, लापरवाही

जनयुद्ध = जनताको लागि जनताद्वारा गरिने युद्ध

विचलन = अस्थिरता; चञ्चलता; आफ्नो पुरानो ठाउँ छाडेर अरू ठाउँमा पुग्ने क्रिया

पुनरावलोकन = पुनरवलोकन; पुनः दोहोऱ्याइएको; एकपल्ट भइसकेको कुरा फेरि दोहोऱ्याउने काम

## सारांश

यस अध्यायमा विषय परिचयअन्तर्गत साहित्यकार तथा *मोक्ष* उपन्यासको सङ्क्षिप्त परिचय दिनुका साथै सामान्य रूपमा शैलीविज्ञानको परिचय पनि उल्लेख गरिएको छ। समस्याकथनमा *मोक्ष* कृतिलाई शैलीवैज्ञानिक पद्धतिका विभिन्न उपकरण र प्रक्रिया अवलम्बन गरी विश्लेषण गर्ने भन्ने कुरालाई खुलाइएको छ। यसैगरी अध्ययनको उद्देश्यअन्तर्गत यस कृतिको शैलीवैज्ञानिक आधारमा केकसरी विश्लेषण गरी उल्लेख गरिएको छ भने कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न, वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यावहारिक उपयोग गर्न मार्गप्रशस्त गरेकाले यस अध्ययनको औचित्यको पुष्टि गरिएको छ। यस उपन्यासलाई शैलीवैज्ञानिक आधारमा कथानक, पात्रगत र चयन भाषिक विचलन र समानान्तरताका आधारमा ब्याख्या र विश्लेषण गरिने र अन्य पक्षबाट विश्लेषण नगरिनु सीमाङ्कनमा प्रस्तुत गरिएको छ र अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ।

# अध्याय दुई

## सम्बन्धित कार्यको पुनरावलोकन

सामान्य भाषामा कुनै पनि विषयमा अनुसन्धान गर्नुभन्दा अगाडि त्यस सम्बन्धमा भएका अनुसन्धानहरूको समीक्षा गर्नु नै सम्बन्धित कार्यको पुनरावलोकन हो । विभिन्न समयमा साहित्यका विविध विधाका कृतिहरूको समीक्षा, अध्ययन र विश्लेषण भए तापनि त्यस्ता समीक्षा, अध्ययन र विश्लेषण सामान्यतः चारित्रिक विश्लेषण र कृतिपरक अध्ययनमा मात्र सीमित रहेका देखिन्छन् । शैलीविज्ञान साहित्यिक समालोचनाको क्षेत्रमा यो नवीनतम् विधाको रूपमा देखापरेको छ । प्रस्तुत शोधको शीर्षकसँग सम्बन्धित पुस्तक तथा यसअघि गरिएका शोधकार्यका समीक्षाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

## सैद्धान्तिक पुनरावलोकन

साहित्यकार, सञ्चारकर्मी तथा शैक्षिक व्यक्तित्व सिर्जन अविरलद्वारा लेखिएको *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक अध्ययन गर्ने समस्यामा प्रस्तुत अध्ययन केन्द्रित रहेको छ । शैलीविज्ञानसँग सम्बन्धित विभिन्न विद्वान्हरूद्वारा लिखित विभिन्न कृतिहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकनको रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

शर्मा (२०५८) द्वारा *शैलीविज्ञान* शीर्षकको पुस्तक प्रकाशित गरिएको पाइन्छ । यस पुस्तकमा लेखकले शैलीसम्बन्धी व्यापक चर्चा गरेको पाइन्छ । शैलीविज्ञानलाई भाषावादी सिद्धान्तको पद्धति, समालोचनाको प्रकाशबिन्दु, कृतिको भाषिक कलाकारितालाई शैलीविज्ञानको क्षेत्र, आलोचनाको तह, आधार सामग्रीको तह, कला माध्यमको तह र भाषिक शक्तिको तहको विस्तृत चर्चा गरिएको छ । यस पुस्तकको पुनरावलोकनले गर्न लागिएको शोधकार्यको सैद्धान्तिक प्रारूप तयार गर्न तथा भाषिक ज्ञान प्राप्त गर्न सहयोग पुगेको छ ।

शर्मा र लुइटेल (२०६७) द्वारा लिखित *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त* नामक पुस्तकमा शैलीलाई विभिन्न दृष्टिकोणबाट प्रष्ट पारिएको देखिन्छ । यस पुस्तकमा भाषिक दृष्टिकोणबाट शैलीविज्ञानको प्रारम्भ बिन्दु, भाषिक धारा र साहित्यशास्त्रको सम्बन्ध, भाषिक प्रतीक, भाषाको संरचना, बुनोट, अग्रभूमिकरण, गयात्मकता तथा आयामजस्ता तत्त्वहरू समावेश गरिएको हुनाले गर्न लागिएको शोधकार्यका लागि शैलीविज्ञानको सैद्धान्तिक प्रारूप तयार गर्न तथा उपन्यासमा प्रयुक्त भाषाको बारेमा विविध प्रकारले अध्ययन र अनुसन्धानमा महत्त्वपूर्ण सहयोग पुगेको छ ।

भण्डारी र अन्य (२०६८) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक एम.एड. तहको दोस्रो वर्षको पाठ्यपुस्तकमा शैली, शैलीविज्ञानअन्तर्गत सामान्य शैलीविज्ञान तथा साहित्यिक शैलीविज्ञान र शैलीविज्ञानको विकास, शैलीविज्ञानको विश्लेषण प्रक्रिया, भाषाको समालोचनात्मक तह र शैक्षणिक उपयोगिताको चर्चा गरिएको पाइन्छ । उक्त पाठ्यपुस्तकमा भाषा संरचनाभित्र ध्वनि, वर्ण, शब्दभण्डार, व्याकरण आदि व्यवस्थाको चर्चा गरिएको छ । यस पाठ्यपुस्तकको पुनरावलोकनको अध्ययनले शैलीविज्ञानको बारेमा जान्न तथा शैक्षणिक उपयोगिताका साथै अनुसन्धानका क्रममा विविध क्षेत्रमा महत्त्वपूर्ण फाइदा पुगेको छ ।

लम्साल र अन्य (२०६९) द्वारा लिखित *प्रायोगिक भाषाविज्ञान* नामक पुस्तकमा शैलीसम्बन्धी धारणा प्रस्तुत गरेका छन् । उक्त पुस्तकमा शैलीलाई साहित्यिक संरचनाको भाषावैज्ञानिक पद्धतिबाट सूक्ष्म र विशिष्ट रूपमा अध्ययन विश्लेषण गरिएको छ । यसका साथै भाषा वस्तुपरकता र कृति केन्द्रिकतामा केन्द्रित रही शैलीको संरचनाको तालिकीरण गरी यसलाई प्रस्ट्याउँदै साहित्यिक संरचना, शैली र भाषा संरचनाका शाखाहरूको विस्तृत चर्चा गरेका छन् । उक्त पुस्तकको पुनरावलोकनले साहित्यिक तथा भाषिक संरचना तयार पार्न अत्यन्त सहयोगी हुन पुगेको छ ।

आचार्य र भुसाल (२०७३) द्वारा प्रकाशित *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम* नामक पुस्तकमा कोशविज्ञानलाई कुनै पनि भाषाको कोश निर्माणका लागि सामग्रीको सङ्कलन तथा एकीकरण, उपयुक्त सामग्री चयन, यथाक्रम, अर्थनिरूपण, व्याकरणात्मक कोटिनिर्देश, उदाहरण, उच्चारण, हिज्जे, व्युत्पत्ति, प्रयोग, उद्धरण, परिचय, विशेषता र इतिहास आदिको संयोजन र सम्पादनसँग सम्बन्धित अध्ययनको रूपमा प्रस्तुत गरेका छन् । यस पुस्तकको अध्ययनले गर्न लागिएको शोधमा भाषिक र व्याकरणिक शुद्धता ल्याउन तथा सामग्री निर्माण गर्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

## प्रायोगिक पुनरावलोकन

शैलीविज्ञानसँग सम्बन्धित पूर्ववर्ती कार्यहरूले केकस्ता निष्कर्ष र सुझाव दिए भन्ने कुराको विश्लेषण गरी नयाँ कार्यको थालनी गर्न उपयुक्त हुनाले गर्न लागिएको शोधसँग सम्बन्धित विभिन्न शोधार्थीहरूले तयार पारेका शोधकार्यहरूलाई अध्ययन गरिएको छ । यस्ता शोधकार्यहरूको अध्ययन गर्नाले अध्ययनका क्रममा अनावश्यक कार्यमा अल्मलिनु

नपर्ने, नयाँ कार्यको थालनीको सैद्धान्तिक आधार र पृष्ठभूमि प्राप्त हुने, आफूले प्राप्त गरेको तथ्य तथ्याङ्कको व्याख्या, विश्लेषणका लागि आधार प्राप्त हुने, महत्त्वपूर्ण उपलब्धिहरू हासिल गर्न सकिने देखिनाले यहाँ शैलीविज्ञानसँग सम्बन्धित लेखिएका शोधकार्यसँग निकट सहयोगी शोधपत्रहरूलाई प्रायोगिक पूर्वकार्यका रूपमा लिई निम्नानुसार समीक्षा गरिएको छ :

श्रेष्ठ (२०६८) द्वारा *सीताहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* गरिएको छ । उक्त शोधकार्यमा शोध्य कृतिको कथानक वृत्तकारीय ढाँचामा संरचित रहेको, भाषिक चयनको सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दको प्रशस्त प्रयोग भएको, प्रयुक्ति चयनको हिसाबले कथाहरूमा मध्यम प्रयुक्तिको प्रयोग भएको, वर्णनात्मक एवम् प्रत्यक्ष, अप्रत्यक्ष परिचयात्मक शैलीको प्रयोग गरिएको छ भने चयन, विचलन र समानान्तरताको सार्थक प्रयोग गरी वर्तमान समयको यथार्थलाई क्रमबद्ध पार्न सफल भएको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा शोध्य कृतिको कथानक निर्माण भाषिक चयनको ब्याख्या तथा विश्लेषण गर्न सहयोगी बनेको छ ।

कोइराला (२०७०) द्वारा *अर्जुन दृष्टि लघुकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधकार्य गरिएको छ । उक्त शोधकार्यमा *अर्जुन दृष्टि* शीर्षकको लघुकथासङ्ग्रहमा समावेश भएका कथाहरूमा प्रमुख र सहायक पात्रको रूपमा विश्लेषण गरिएको पाइन्छ । पदवर्गीय दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रियापद, नामयोगी, क्रियायोगी, संयोजक, निपात र विस्मयादिबोधक, शब्दका साथै सङ्केतात्मक र प्रतीकात्मक शब्दहरूको चयनद्वारा कथानकलाई गति प्रदान गरिएको पाइन्छ भने भाषिक चयनका सन्दर्भमा तत्सम, तद्भव, आगन्तुक, झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । कथाहरूमा प्रयोग गरिएका विचलनहरूले अग्रभूमि निर्माणमा सहयोग पुगेको विश्लेषण गरिएको छ । साथै भाषिक पुनरावृत्तिका माध्यमबाट समानान्तरताको सिर्जना गरिएको, भाव र अर्थको पुनरावृत्ति गरी आन्तरिक समानान्तरता तथा ध्वनि, शब्द, पङ्क्ति, वाक्य आदिको पुनरावृत्ति गरी बाह्य समानान्तरताको प्रयोग गरिएको र उक्त समानान्तरताको प्रयोगले अग्रभूमि निर्माण भई अभिव्यक्तिमा सघनता आएको निष्कर्ष निकालिएको छ । उक्त शोधको पुनरावलोकनले गर्न लागिएको शोधमा पात्रविधान, पदवर्ग, भाषिक चयन, चयन, विचलन, समानान्तरताको बारेमा व्याख्या तथा विश्लेषण गर्न सहयोगी बनेको छ ।

सापकोटा (२०७२) द्वारा *प्रेम र मृत्यु कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा शोधकार्य गरिएको छ । उक्त अध्ययनमा *प्रेम र मृत्यु* कथासङ्ग्रहभित्र समावेश भएका कथाहरू तृतीय पुरुष दृष्टिविन्दुमा संरचित भएका, कथाहरू आदि, मध्य र अन्त्यको संरचना मिलेको, पात्रहरूलाई प्रतिकूल र अनुकूल गरी प्रस्तुत गरिएको देखिन्छ । भाषिक संरचनाअन्तर्गत तत्सम्, तद्भव, आगन्तुक, झर्रा र अनुकरणात्मक शब्दहरूको प्रशस्त प्रयोग भएको; पदवर्गीय दृष्टिले नाम, सर्वनाम, विशेषण, क्रिया, नामयोगी, क्रियायोगी र वाक्य गठन राम्रो भएको देखिन्छ भने कथाका विषयवस्तु, घटना, पात्रका विचार तथा मनोभावनालाई उपयुक्त ढङ्गले प्रस्तुत गरिएको छ भने लेखनशैलीका दृष्टिले आत्मालापीय, वार्तालापीय, वर्णनात्मक प्रत्यक्ष, अप्रत्यक्ष, परिचयात्मक शैलीको प्रयोग गरिएका कथाहरूमा चयन, विचलन र समानान्तरता अनि भाषिक संरचनाको दृष्टिले सरल, सरस र सहज भएको निष्कर्ष निकालिएको छ । यस शोधको अध्ययनले प्रस्तुत शोधपत्रको सैद्धान्तिक विश्लेषण गर्नका साथै पात्रगत र भाषागत संरचना निर्माण गर्न सहयोग पुगेको छ ।

खतिवडा (२०७४) द्वारा *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको शोधपत्र तयार गरिएको छ । उक्त शोधमा उपन्यास तीन खण्डमा विभक्त रहेको र आरम्भ, सङ्घर्ष विकास, चरमोत्कर्ष, सङ्घर्ष ह्रास र अन्त्य गरी कथानकलाई राखिएको, पात्रविधानका दृष्टिले हेर्दा प्रत्यक्ष र अप्रत्यक्ष पात्रहरूको प्रयोग गरिएको छ भने शब्द चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, तत्सम तद्भव, आगन्तुक, नामयोगी, क्रियायोगी, निपात, संयोजक, झर्रा र आगन्तुक शब्दहरूको प्रयोग, व्याकरणिक चिन्ह प्रयोग र सरल, संयुक्त, मिश्र, ईच्छार्थ, प्रश्नार्थ, आज्ञार्थ र सम्भावनार्थक वाक्यको प्रयोग गरिएको छ भने केही थेगोको समेत पनि प्रयोग गरिएको पाइन्छ । त्यस्तै विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनि प्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत, प्रयुक्तिगत र लेख्य प्रक्रियात्मक विचलनको प्रयोग र समानान्तरतामा बाह्य र आन्तरिक समानान्तरताको प्रयोग गरिएको निष्कर्ष निकालिएको छ । यस शोधपत्रको पुनरावलोकनले गर्न लागिएको शोधकार्यका लागि शोध्य उपन्यासको कथानक, पात्रविधान तथा भाषागत विश्लेषणमा अति उपयोगी बनेको छ ।

लामा (२०७५) द्वारा *ऐना कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन* शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त अध्ययनमा कथासङ्ग्रहमा रहेका उन्नाइसवटा कथाहरूलाई शैलीवैज्ञानिक विश्लेषण गरिएको पाइन्छ । अध्ययनका क्रममा चयनअन्तर्गत शब्दचयन,

वाक्यचयन र अर्थचयन; विचलनअर्न्तगत भाषिक विचलन, व्याकरणिक विचलन, कोशीय विचलन, ध्वनिप्रक्रियात्मक विचलन, प्रयुक्तिगत विचलन, लेख्यप्रक्रियात्मक विचलन र अर्थतात्त्विक विचलन; समानान्तरताअन्तर्गत आन्तरिक र बाह्य समानान्तरता गरी ब्याख्या र विश्लेषण गरिएको छ र अन्त्यमा सङ्ग्रहमा प्रयुक्त शब्दगत चयनको अवस्था, विचलनको चयन अवस्था, समानान्तरता चयनका अवस्थालाई उदाहरणका माध्यमबाट मिहीन ढङ्गबाट विश्लेषण गरिएको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा भाषिक अध्ययन गर्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

कुमारी (२०७७) द्वारा *खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्यमा *खलंगामा हमला* कृति पूर्वदीप्ति शैलीमा लेखिएको र प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरिएको उल्लेख गरिएको छ । उक्त कृतिमा चयनअन्तर्गत तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, नामपद, क्रियापद, क्रियाविशेषण, सर्वनाम, निपात, प्रतीकात्मक वा सङ्केतात्मक शब्दको प्रयोग, विस्मयादिबोधक चिन्हजस्ता शब्दको चयन गरिएको, विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्यप्रक्रियात्मक, अर्थतात्त्विक, भाषिकागत र प्रयुक्तिगत विचलनको प्रयोग गरिएको, समानान्तरताअन्तर्गत आन्तरिक र बाह्य समानान्तरताको प्रयोग गरिएको छ । उपयुक्त चयन र विचलनको प्रयोगले कृति सरल, सरस र बोधगम्य बन्न पुगेको उल्लेख गरिएको छ । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा उपन्यासको कथानकको ब्याख्या तथा विश्लेषण गर्नुका साथै पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु तथा भाषालाई चयन, विचलन र समानान्तरताका आधारमा व्याख्या र विश्लेषण गर्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

शर्मा (२०७७) द्वारा *मैदारो उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । यस शोधकार्यको निष्कर्ष निकाल्दै शोधार्थीले सन्ताउन्नौं उपशीर्षक र ३५२ पृष्ठमा संरचित *मैदारो* उपन्यास एउटा सफल आख्यानको रूपमा लिएर यसको शैलीवैज्ञानिक अध्ययन गरिएको र उक्त उपन्यासको कथानक, पात्रहरूको वर्गीकरण चयन, विचलन र समानान्तरताका आधारमा प्रयोगका दृष्टिले अध्ययन गरिएको, उपन्यासमा प्रयोग भएको चयन, विचलन र समानान्तरतालाई हेर्दा शैलीवैज्ञानिक अध्ययनका दृष्टिले यो उपन्यास उपयुक्त नै रहेको देखिन्छ भनेका छन् । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा उपन्यासको पात्रविधान, पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा

वर्गीकरण गर्नु तथा भाषालाई चयन, विचलन र समानान्तरताका आधारमा व्याख्या र विश्लेषण गर्न मार्गदर्शक बनेको छ ।

सुनार (२०७७) द्वारा *फेब्रुअरी १४ उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । यस शोधमा *फेब्रुअरी १४* उपन्यासमा पात्रहरूको बाहुल्यता अत्यन्त बढी रहेको, पात्रहरूले प्रयोग गर्ने भाषिक चयनलाई आधार मानिएको, भाषिक चयनमा तत्सम्, तद्भव, आगन्तुक, नामपद, सर्वनाम, विशेषण पद, क्रियापद, नामयोगी, क्रियायोगी र संयोजक पद; सरल, संयुक्त र मिश्र वाक्य तथा पूर्णविराम, अर्धविराम, अल्पविराम, प्रश्नवाचक, विश्मयसूचक र उद्धरण, लेख्य चिन्हको प्रयोग; उखान र टुक्का प्रयोगलाई आधार मानिएको; अग्रभूमि निर्माणअन्तर्गत विचलन र समानान्तरता; कोशीय, व्याकरणिक विचलन, ध्वनि प्रक्रियात्मक विचलन, भाषिक विचलन, अर्थतात्विक विचलन र प्रयुक्तिगत विचलन एवम् बाह्य र आन्तरिक समानान्तरताजस्ता पक्षलाई आधार मानी उपन्यासको व्याख्या र विश्लेषण गरिएको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा उपन्यासमा प्रयुक्त पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु तथा भाषालाई चयन, विचलन र समानान्तरताका आधारमा व्याख्या र विश्लेषण गर्न सहयोग पुगेको छ ।

सुवेदी (२०७७) द्वारा *प्रेमदासको डायरी उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अध्ययन गरिएको पाइन्छ । उक्त शोधकार्यमा *प्रेमदासको डायरी* उपन्यास पूर्वदिप्ती शैलीमा लेखिएको, उपन्यासको कथानकलाई आरम्भ, सङ्घर्ष विकास, चरमोत्कर्ष, सङ्घर्ष ह्रास र अन्त्यको आधारमा निर्माण गरिएको, पात्रहरूलाई हेर्दा प्रमुख, सहायक र गौण गरी तीन प्रकारका रहेका छन् । शब्द चयनअन्तर्गत नाम, सर्वनाम, विशेषण, क्रियापद, क्रियाविशेषण, संयोजक, नामयोगी, निपात, अनुकरणात्मक, विस्मयादिबोधक, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको चयन पर्दछन् । त्यस्तै विचलनअन्तर्गत कोशीय, व्याकरणिक, ध्वनिप्रक्रियात्मक, लेख्य प्रक्रियात्मक, भाषिक र प्रयुक्तिगत विचलनहरूको अधिक मात्रामा प्रयोगका साथै आन्तरिक र बाह्य समानान्तरताको समुचित प्रयोगका भएको र चयन, विचलन र समानान्तरताका दृष्टिले उपन्यास उत्कृष्ट बनेको निष्कर्ष निकालिएको छ । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा उपन्यासको कथानकको ब्याख्या तथा विश्लेषण गर्नुका साथै भाषालाई चयन, विचलन र समानान्तरताका आधारमा व्याख्या र विश्लेषण गर्न सहयोगी बनेको छ ।

अधिकारी (२०७२) द्वारा *सेतो धरती उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शोधकार्य सम्पन्न गरिएको पाइन्छ । उक्त अध्ययनमा उपन्यासका पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नुका साथै र भाषिक वर्गीकरणअन्तर्गत चयन, विचलन र समानान्तरताका आधारमा विश्लेषण गरिएको पाइन्छ । शोधकार्यको उद्देश्य पूर्ण गर्नका लागि पुस्तकालयीय अध्ययन कार्यको प्रयोग गरी व्याख्या र विश्लेषणात्मक पद्धतिद्वारा निष्कर्ष निकालिएको पाइन्छ । यस शोधको पुनरावलोकनले गर्न लागिएको शोधकार्यमा पात्रहरूलाई शैलीवैज्ञानिक आधारमा वर्गीकरण गर्नु तथा भाषालाई चयन, विचलन र समानान्तरताका आधारमा व्याख्या र विश्लेषण गर्न महत्त्वपूर्ण सहयोग पुगेको छ ।

कँडेल (२०७२) द्वारा *समानान्तर आकाश उपन्यासको शैलीवैज्ञानिक अध्ययन* गरिएको पाइन्छ । प्रस्तुत शोधकार्यमा साहित्यिक कृतिहरूको समालोचना गर्ने आधुनिक पद्धति मानिएको शैलीवैज्ञानिक पद्धतिका विभिन्न उपकरण र प्रक्रियाहरू अवलम्बन गरी *समानान्तर आकाश* उपन्यासमा सङ्गृहीत कथानकको कथागत विकास प्रक्रियालाई शैली वैज्ञानिक ढङ्गले विश्लेषण गरिनुका साथै उपन्यासमा सङ्ग्रहीत प्रयुक्त चरित्रको शैली वैज्ञानिक आधारमा वर्गीकरण र विश्लेषण गरिएको छ । भाषिक अध्ययनअन्तर्गत शब्द चयन, वाक्य चयन, उखान टुक्काको चयन र व्याकरणात्मक चिन्हको चयन; विचलन, समानन्तरता, भाषा संरचना र लेखनशैलीको पनि शैली वैज्ञानिक ढङ्गबाट अध्ययन विश्लेषण गरी शोधलाई पूर्णता दिइएको छ । उक्त कृतिमा शैलीविज्ञानसँग सम्बन्धि विभिन्न उपकरण तथा प्रक्रियाहरूका साथै भाषिक ज्ञान प्राप्त हुने हुनाले गर्न लागिएको शोधकार्यमा सैद्धान्तिक अवधारणा प्रस्तुत गर्न तथा शब्दप्रयोगको बारेमा जान्नका लागि महत्त्वपूर्ण योगदान पुगेको छ ।

यसरी पहिले गरिएका ती कृतिहरूको अध्ययनमा पात्रहरूको वर्गीकरणलाई शैलीवैज्ञानिक आधारमा लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, आबद्धता र आसन्नता आदि आधारलाई आत्मसात् गरिएको पाइन्छ । कुनै शोधार्थी तथा अनुसन्धानकर्ताले आफ्नै कार्यदक्षतालाई अवलम्बन गरी आख्यानात्मक कृतिको परिचय र प्रवृत्तिलाई समेत उल्लेख गरिएको पाइन्छ भने कसैले शैलीविज्ञानका परिचय, कथानक, पात्रको चरित्रचित्रण र भाषालाई मात्र अध्ययन अनुसन्धानको आधारमा अध्ययन विश्लेषण गरेको पाइन्छ । यी शोधपत्रको अध्ययनबाट प्रस्तुत शोधपत्र तयार पार्न पूर्णरूपमा सहयोग पुऱ्याउने अपेक्षा गरिनुका साथै समय अनुकूल, उपयुक्त र सान्दर्भिक बनाउन सहयोग पुगेको छ ।

उल्लिखित सैद्धान्तिक र प्रायोगिक पुनरावलोकनहरू हेर्दा धेरै विद्वान्, लेखक तथा शोधार्थीहरूले कुनै पनि कृतिको शैलीविज्ञानसँग सम्बन्धित कार्यकलापका सम्बन्धमा सामान्य सङ्केत गरे तापनि सिर्जन अविरलद्वारा लिखित *मोक्ष* उपन्यासको बारेमा व्यवस्थित, विस्तृत र प्रामाणिक अध्ययन भएको पाइँदैन । सङ्क्षेपमा भए पनि विभिन्न लेखकका कृतिहरू तथा पूर्व अध्येताहरूले गरेका शोधबाट प्रस्तुत शोधपत्रका लागि सहयोग र आधार लिँदै *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकमा अध्ययन गरिएको छ ।

## अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनको अनुप्रयोग

कुनै पनि शोध अध्ययन गर्नुभन्दा पहिले गर्न लागिएको शोध तथा अनुसन्धानको समस्यासँग सम्बधित कार्यको पुनरावलोकन गहन रूपमा गर्नुपर्दछ, जसले शोधार्थी वा अनुसन्धाताहरूलाई आफ्नो अध्ययनसँग सम्बन्धित विविध कार्यहरू गर्न सहयोग पुग्दछ । जस्तै : शोधकार्यको परिभाषा दिन, समस्या पहिचान गर्न, सैद्धान्तिक पृष्ठभूमि तयार गर्न, अवधारणा स्पष्ट पार्न, परिभाषा दिन, त्रुटिहरूबाट जोगिन, उत्कृष्ट विधिहरूको प्रयोग गर्न । यसले गर्दा शोध तथा अनुसन्धानहरूलाई सहयोगी सामग्रीका रूपमा लिई अध्ययन गरिएको हुन्छ र उक्त अध्ययन प्रभावकारी र गुणस्तरीय हुन्छ । अनुसन्धानमा सम्बन्धित कार्यको पुनरावलोकनले अध्ययनकर्तालाई सक्षम र फराकिलो पृष्ठभूमि प्राप्त गर्नुका साथै शोध तथा अनुसन्धान औचित्यपूर्ण र उपलब्धिमूलक रहेको देखिन्छ ।

## शैलीविज्ञानको सैद्धान्तिक अवधारणा

साहित्यको सबैभन्दा सशक्त र मुख्य माध्यम नै भाषा हो । भाषालाई अभिव्यक्त गर्ने तरिका शैली हो । सामान्य अर्थमा शैली भन्नाले कुनै पनि कार्य गर्ने ढङ्ग, ढाँचा तथा तरिका भन्ने बुझिन्छ । आधुनिक शैलीविज्ञानलाई परम्परागत पूर्वीय र पाश्चात्य साहित्यशास्त्रको योगदानबाट जन्मेको नभई भाषाविज्ञानको जन्मपश्चात् भाषाविज्ञानको प्रभाव र प्रेरणास्वरूप जन्मेको नवीन सिद्धान्त र पद्धति मानिन्छ । शैलीविज्ञानको प्रारम्भ पूर्वमा भरत र पश्चिममा प्लेटोबाट भए तापनि आधुनिक युगमा शैलीविज्ञानलाई ठोस आधार प्रदान गर्ने काम सुप्रसिद्ध भाषावैज्ञानिक फर्डिनान्ड डी सस्युरले गरेका हुन् । "सस्युरले भाषालाई ल्याङ र प्यारोल अर्थात् वाक् र बोली अभिव्यक्ति गरी दुई भागमा विभाजन गरेको थिए । त्यसैलाई आधार बनाएर उनका चेला बालीले ल्याङलाई भाषाविज्ञानको विषय र प्यारोललाई शैलीविज्ञानको रूपमा विभाजन गरे" (पौडेल, २०६९ :

पृ. ४२) भनेका छन् । यसै आधारमा शैलीविज्ञान भाषाको विशिष्ट अभिव्यक्तिहरूको विश्लेषण गर्ने विषयको रूपमा विकसित भएको  देखिन्छ । “कृति लेखनको क्रममा कृतिअनुरूप भिन्नभिन्न शैलीको उपयोग गरेको पाइन्छ । शैली पनि लेखाइ वा बोलाइ अथवा कुनै वस्तु वा कलाको अभिव्यक्ति वा सजावटको खास विधिदेखि लिएर कुनै व्यक्ति, परम्परा, काल वा अवधि र विषयको सामूहिक गुणसँग सम्बन्धित हुन्छ” (ढुङ्गेल र दाहाल, २०६८ : पृ. ९३) भनेका छन् । कुनै पनि विषयवस्तुको प्रकृति र त्यसले व्यक्त गर्न खोजेको भावका आधारमा पनि प्रस्तुत गर्ने शैलीमा भिन्नता आउँछ । शैलीलाई कृति लेखक वा सर्जकले मनोभावनाअनुरूप चित्रण गर्दछन्, जुन सर्जकको विचार, भावना, बौद्धिकताजस्ता कुरामा निर्भर रहन्छ । त्यसैले लेखक वा साहित्यकारअनुसार कृति लेखनमा फरकफरक शैली प्रयोग हुनु स्वाभाविक मानिन्छ । भाषामा शैलीविज्ञान शब्दका प्रथम प्रयोक्ता चार्ल्स बाली हुन् । फ्रान्सबाट सुरु भएको सामान्य शैलीविज्ञानको सुरुवात रुस, प्राग, कोपनह्यागेन हुँदै युरोपका अन्य देश र अमेरिकामा साहित्यिक शैलीविज्ञानको रूपमा विकास भएको देखिन्छ । शैलीविज्ञानको सम्बन्धमा प्रसिद्ध भाषाशास्त्री याकोब्सनले “साहित्यप्रति बहिरा बनेका भाषावैज्ञानिक र भाषाविज्ञानप्रति उदासिन साहित्यशास्त्री दुबै नै समान रूपमा आफ्ना समयदेखि निकै पछाडि परेका छन्” (पौडेल, २०५९ : पृ. ३५) भनी विश्लेषण गरेका छन् ।

भाषाविज्ञानसँग सम्बन्धित शैलीविज्ञानलाई वस्तुगत आधार प्रदान गर्ने काम आधुनिक भाषाविज्ञानका जन्मदाता फर्डिनान्ड डी सस्युरको आगमनसँगै गरियो । त्यसैले बीसौं शताब्दीमा आएर शैलीविज्ञान र विश्लेषण प्रक्रियामा बस्तुनिष्ठ दृष्टिकोण तथा वैज्ञानिक आधार प्राप्त भयो । भाषाविज्ञानका जन्मदाता सस्युरले भाषाको समकालीन रूपको संरचनागत अध्ययन गर्ने पद्धतिको  सङ्केत गरेपछि अन्य भाषावैज्ञानिकहरू बोलचालमा प्रयोग हुने भाषाको संरचनागत अध्ययनमा जुटे । विभिन्न भाषावैज्ञानिक क्षेत्रमा विकसित भएका वर्ग, उपवर्गले भाषाको अध्ययन भाषावैज्ञानिक पद्धतिबाट गर्दछ र साहित्यिक भाषाको विशिष्ट रूप भएको हुनाले यसमा प्रयुक्त भाषाको पनि भाषावैज्ञानिक अध्ययन, विश्लेषण गर्न सकिन्छ भन्ने धारणा प्रस्तुत गरे ।

## शैलीविज्ञानको परिचय र परिभाषा

शैलीविज्ञानको सामान्य अर्थ 'शैलीको अध्ययन गर्ने विज्ञान' भन्ने हुन्छ भने विशिष्ट अर्थ 'भाषाको माध्यमबाट गरिने वस्तुनिष्ठ आलेचना प्रणाली' भन्ने बुझिन्छ । भाषाविज्ञानको एउटा महत्त्वपूर्ण शाखा मानिने शैलीविज्ञान साहित्यिक समालोचनाको नवीनतम विधा हो । जुन भाषावादी सिद्धान्त र पद्धतिका रूपमा विकसित भएको छ । शैलीविज्ञानको क्षेत्रभित्र विशिष्ट भाषा प्रयोगको विश्लेषण गरिन्छ । यसले मौखिक वा लिखित साहित्यिक सङ्कथनका विशिष्ट शैलीको आफ्नो प्रकृतिअनुसार भाषावैज्ञानिक अध्ययन गर्दछ । शैलीविज्ञानलाई भाषाविज्ञान र साहित्यशास्त्रको मिलनबिन्दु पनि भनिन्छ । विभिन्न विद्वान्हरूले शैलीविज्ञानसम्बन्धी दिइएका परिभाषाहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

घनश्याम नेपालका अनुसार "भाषाविज्ञानको सहयोग लिएर साहित्यको शैलीपरक अध्ययन गर्ने विधा नै शैलीविज्ञान हो, जसको पद्धति भाषापरक र दृष्टि कलापरक हुन्छ" ( पौडेल, २०६९, पृ. ३४ मा उद्धृत) । यस्तै मोहनराज शर्माका अनुसार "रचनाकारको त्यस्तो विशिष्ट रचना प्रकार वा अभिव्यक्तिलाई शैली भनिन्छ, जसमा भाषिक एकाईहरूको सौन्दर्यबोधक समुच्चय हुन्छ र भाषा एवम् विषयका दृष्टिले विचलन हुन्छ" (पौडेल, २०६९, पृ. ३४ मा उद्धृत) ।

माथिका भनाइहरूअनुसार भाषिक उपकरणका सहायताले कृतिको वैज्ञानिक विश्लेषण गर्ने समालोचना प्रणाली, जसले कृतिभित्रको संसारमा विचरण गर्दछ । त्यसलाई नै शैलीविज्ञान भनिन्छ । यसैले साहित्यिक समालोचनाको नवीनतम विधा शैली विज्ञान हो भन्न सकिन्छ । शेलीविज्ञानले अन्य समालोचना प्रणालीभन्दा वस्तुगत एवम् वैज्ञानिक आधारलाई समातेर साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्ने भएकाले यसलाई तथ्यपरक एवम् व्यवस्थित समालोचना प्रणाली भन्न सकिन्छ ।

**शैलीविज्ञानको पूर्वीय परम्परा :** भाषाको आधारमा साहित्यको अध्ययन गर्ने पुरानो परम्परा पूर्वीय परम्परा हो । पूर्वीय काव्यशास्त्रीहरूले काव्यप्रयोजनको चर्चाकै क्रममा काव्यभाषालाई प्रियाको वचनजस्तो मधुरशैली भनेर व्याख्या गरेका छन् । यसले उनीहरू साहित्यमा प्रशस्तै महत्त्व दिन्थे भन्ने प्रष्ट हुन्छ । पूर्वीय अध्ययन परम्परामा *ऋग्वेद*ले रचनाकार, हृदय वा कृतिको संरचना तीनवटै कुरालाई प्रमुख

मानेर शैलीको चर्चा गरेको पाइन्छ । शैलीविज्ञानको पूर्वीय परम्पराको बारेमा ढुङ्गेल र दाहाल (२०६८) ले आफ्नो धारणा निम्नानुसार प्रस्ट्याएका छन् :

> विशुद्ध साहित्यशास्त्रका क्षेत्रमा पूर्वीय जगत्को प्रतिनिधि मानिने साहित्यशास्त्रका प्रथम आचार्य भामहले उनको कृति *काव्यालङ्कार*मा प्रथमतः सामान्य भाषा र काव्यभाषाका बीचमा अन्तर स्पष्ट पार्दै काव्यभाषामा वक्तालाई स्थान दिएका छन् । त्यसैले भामहलाई शैलीसम्बन्धी चर्चा गर्ने महत्त्वपूर्ण विद्वान् मानिन्छ । प्रख्यात साहित्यशास्त्री दण्डीले आफ्नो *काव्यादर्श* नामक ग्रन्थमा कविमार्ग अथवा शैलीलाई वैदर्भ र गौडी नामका दुई वर्गमा विभाजन गरी तिनको प्राणतत्त्व गुणलाई मानेको देखिन्छ, त्यस्तै अर्का विद्वान् आचार्य वामनले गुण, दोष, अलङ्कारजस्ता शैलीपक्षीय विवेचनालाई व्यवस्थित पारे । उनले कविमार्गलाई श्लेष, प्रसाद, समता आदि गुणलाई कविमार्गको गुण ठहऱ्याएका छन् । अर्का आचार्य वामनले रीतिवादी सिद्धान्तको प्रतिपादन गरी वर्णदेखि वाक्यात्मक तहसम्मको संरचनात्मक शैली विशिष्टतालाई सङ्केत गरेको पाइन्छ । उनले आफ्नो काव्यालङ्कार र सूत्रवृत्तिमा रीति वा शैलीलाई काव्यको आत्मा घोषित गरेको पाइन्छ । (पृ. ९८)

यसैगरी पूर्वीय साहित्यमा चर्चा गरिने अविधा, लक्षणा, व्यञ्जना र शब्दशक्तिले पनि कुनै न कुनै रूपमा भाव अभिव्यक्तिको शैलीलाई नै चिनाएको हुन्छ । “ध्वनिवादको प्रवर्तक आनन्दवर्धनले ध्वनिलाई काव्यको आत्मा” (भण्डारी र अन्य, २०६८, पृ. २८ मा उद्धृत) हो भनेका छन् । यस भनाइलाई हेर्दा आनन्दवर्धनले काव्य वा साहित्यबाट ध्वनित हुने अर्थको आधारमा काव्यलाई उत्तम, मध्यम र अधम गरी तीन प्रकारमा विभाजन गरेका छन् भनी बुझ्न सकिन्छ । यसले पनि साहित्यिक भाव वा विचार अभिव्यक्त गर्ने शैलीलाई सङ्केत गरेको देखिन्छ ।

यसरी शैलीविज्ञान परम्परामा उल्लिखित साहित्यिक शास्त्रीहरूले आआफ्नो ठाउँबाट महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । काव्यभाषामा भाषावैज्ञानिक पद्धतिबाट सौन्दर्यशास्त्रीय अध्ययन परम्परा पूर्वीय शैलीविज्ञानमा पाइन्छ तथा पूर्वीय शैली विश्लेषण परम्परा धेरै हदसम्म आधुनिक विज्ञानसँग निकट रहेको पाइन्छ ।

**शैलीविज्ञानको पश्चिमी परम्परा :** शैलीवैज्ञानिक दृष्टिले साहित्यिक कृतिहरूका बारेमा शैलीविज्ञानसँग सम्बन्धित अध्ययन पूर्वीय जगत्मा प्राचीन कालदेखि नै सामान्य रूपमा चर्चा भएको पाइन्छ । यसैगरी पश्चिमी साहित्यिक जगत्मा पनि यसको अध्ययन धेरै पहिलेदेखि नै भएको देखिन्छ । शैलीविज्ञानको पश्चिमी परम्पराका बारेमा ढकाल (२०५९) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> शैलीविज्ञानको बारेमा व्यापक प्रयोग अरस्तुले गरेका हुन् । यिनले शैलीको प्रकार, विभाजन भिन्नभिन्न व्यवहार क्षेत्रको आधारमा गरेका छन् । उनी शैलीको मुख्यतः दुई भेद साहित्यिक र विवादशैली भेद मान्दछन् । स्विस भाषाविद् फर्डिनान्ड डी सस्युरले सन् १९०६ देखि १८९१ का बीचमा भाषासम्बन्धी महत्त्वपूर्ण ब्याख्या प्रस्तुत गरेका थिए । उनले त्यस व्याख्यानलाई उनका विद्यार्थी चार्ल्स बाली र डा. सेचिडाले सन् १९१६ मा *द कोर्स इन जेनेरल लिङ्ग्विस्टिक्स* भन्ने पुस्तिका प्रकाशित गरे । यस पुस्तकले भाषाविज्ञानको क्षेत्रमा नयाँ मोड ल्यायो । (पृ. २८)

शैलीको विवचेना सिरेसोले पनि गरेका छन् । यिनका समयमा एटिक शैली र एसियाटिक शैली गरी दुई प्रकारको शैलीको निकै प्रतिस्पर्धात्मक स्थितिमा थिए । एटिक शैली सरल, स्वच्छ र कान्ति गुणले सम्पन्न मानिन्छ भने एसियाटिक शैलीचाहिँ अत्यधिक आलङ्कारिक र चमत्कारपूर्ण मानिन्छ । उन्नाइसौं शताब्दीमा पाश्चात्य साहित्यजगत् नै स्वच्छन्दतावादी शैलीबाट प्रभावित बन्यो, त्यसपछि स्वच्छन्दतावादी विकाससँगै शैलीलाई भागवत आधारमा हेर्ने परम्पराको विकास भएको देखिन्छ । टि.एस. इलियटले वस्तुगत समीक्षा पद्धतिका सम्बन्धमा आफ्नो विचार राख्दै "शैलीलाई वस्तुगत आधारमा कृति विश्लेषण गर्ने पद्धतिका रूपमा प्रस्तुत गरे" (ढुङ्गाना, २०६५, पृ. ३७ बाट उद्धृत) भनेका छन् । पाश्चात्य साहित्यमा काव्य लेखन र समीक्षाको क्रम बढ्दै गएपछि शैलीविज्ञानले अन्य विद्वान्हरू आइ.ए. रिचडर्स, मरे लुकासजस्ता भाषाविज्ञहरूको साथ पायो र यसले आधुनिक शैलीवैज्ञानिक विश्लेषणको जग निर्माण गर्‍यो । यसरी हेर्दा परम्परागत भाषिक चिन्तनमा पश्चिमी साहित्यमा पनि शैलीसम्बन्धी अध्ययनलाई महत्त्वपूर्ण

स्थान दिएको पाइन्छ । आधुनिक शैलीविज्ञानको विकासमा पश्चिमी भाषाविद्हरूको ठूलो योगदान रहेको देखिन्छ ।

**भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्ध**

सामान्य अर्थमा भाषाको शिक्षण नै भाषाशिक्षण हो । भाषाशिक्षणले भाषिक सीप (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) सँग सरोकार राख्दछ । सिकारुका भाषिक व्यवहारलाई अपेक्षाअनुकूल बनाउन भाषाशिक्षण गर्नुपर्छ, जसका लागि भाषाशिक्षण गर्ने शैलीमा उक्त सीपहरू भरपर्ने हुँदा प्रयोग गरिने भाषाशैली समयानुकूल र सन्दर्भपरक हुन जरुरी छ । जसले गर्दा भाषाशिक्षण सिकाइ क्रियाकलापमा सफलता हासिल गर्न सकिन्छ । मातृभाषी वा विमातृभाषी सिकारुहरूलाई भाषा सिकाउँदा ध्यान दिनुपर्ने कुरा, सिकाइलाई सरल र सहज बनाउने उपायहरू तथा कसरी भाषिक वातावरण सिर्जना गरी भाषा सिकाउने र उचित पृष्ठपोषण दिने भन्ने सम्बन्धमा केन्द्रित विषय नै भाषाशिक्षण हो । शैलीविज्ञान साहित्यिक कृतिहरूको अध्ययन र विश्लेषण पक्षसँग सम्बन्धित विज्ञान हो । यसले विचार वा भाव प्रस्तुत गर्ने तरिका वा ढाँचाको अध्ययन र विश्लेषण गर्दछ । त्यसैले शैलीविज्ञानको प्रत्यक्ष प्रभाव भाषाशिक्षणमा पनि पर्दछ ।

भाषाका माध्यमबाट प्रस्तुत गरिएका विविध विचार वा घटनाहरूलाई पाठका रूपमा संयोजन गरिएको हुन्छ र त्यसैलाई शिक्षण गर्ने कार्य भाषाशिक्षणको हो । शैलीविज्ञान सिद्धान्त भाषाविज्ञान र साहित्यशास्त्रका समन्वयबाट निर्मित शास्त्र हो । सैद्धान्तिक रूपमा शैलीविज्ञानको सम्बन्ध साहित्यशास्त्रसँग भए तापनि मूल सम्बन्ध भने भाषाविज्ञानसँग नै रहेको हुन्छ । साहित्यलाई शैलीविज्ञानले भाषिक कला मान्दछ । भाषिक कलाअन्तर्गत शैलीविज्ञानले प्रत्येक कृतिका दुई पक्ष अभिव्यक्ति र कथ्य हुन्छन् भनी व्याख्या गरेको छ । यही अभिव्यक्ति र कथ्यलाई पूर्णता दिई उद्देश्यमूलक बनाउनका लागि शिक्षण सिकाइ क्रियाकलापमा प्रस्तुत गरिने भाषा र शैलीको बीचमा तालमेल मिलेको खण्डमा कुनै पनि साहित्यिक कृति उत्कृष्ट बन्दछ, जसलाई भाषाशिक्षण गर्ने शिक्षकहरूले शैलीका माध्यमबाट विद्यार्थी सामु प्रस्तुत गर्न सक्नुपर्छ । विद्यालयका शिक्षकहरूले भाषाशिक्षण सिकाइ क्रियाकलाप गर्दा प्रत्यक्ष रूपमा विद्यार्थीलाई प्रभाव पर्ने हुनाले भाषाशिक्षणमा संलग्न शिक्षकहरूले प्रयोग गर्ने भाषा स्तरीय हुनु पर्दछ । शैलीविज्ञानको अन्य विषयसँग केकस्तो सम्बन्ध रहेको हुन्छ भन्ने कुरालाई प्रष्ट पार्दै “भाषिक सीप विकासका लागि विविध साहित्यिक पाठहरूसँग अन्य सम्बन्धित हुन्छन्” (भण्डारी र अन्य, २०६८, पृ. ४४) भनेका छन् ।

शिक्षण सिकाइ क्रियाकलाप जातिगत कार्य भएको हुँदा शिक्षण सिकाइलाई सहज, सरल र प्रभावकारी बनाउन यस्ता क्रियाकलापमा संलग्न शिक्षकले लगनशील र प्रयत्नशील भएर लाग्नुपर्छ। विद्यार्थीहरूले आफ्नो घरपरिवारबाहेकको अधिकांश समय विद्यालयमा बिताउने हुँदा त्यहाँ शिक्षकले प्रयोग गर्ने भाषाशैलीले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। शिक्षण सिकाइ क्रियाकलापलाई उद्देश्यमूलक, प्रभावकारी र गुणस्तरीय बनाउन भाषाशैलीको महत्त्वपूर्ण भूमिका रहने हुँदा सिकाइ क्रियाकलापमा संलग्न भएका शिक्षकहरूले यस कुरामा ध्यान दिएमा शिक्षण सिकाई क्रियाकलाप सफल र उद्देश्यमूलक बन्दछ। माथि प्रस्तुत गरिएका आधारहरूको आधारमा भाषाशिक्षण र शैलीविज्ञानबीचमा अन्तर्निहित सम्बन्ध रहेको हुन्छ। साहित्यका कथा, कविता, निबन्ध (प्रबन्ध), उपन्यास, जीवनी, संस्मरण आदि कृतिहरूको अध्ययन र विश्लेषण पनि शैलीविज्ञानअन्तर्गत नै पर्दछ। यसले कुनै पनि कृतिमा निहित विषयवस्तुको भाव वा विचार अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिकाको अध्ययन र विश्लेषण गर्ने हुनाले सुनाइ, बोलाइ, पढाइ, लेखाइजस्ता भाषाका चारै सीप सिकाउन शैलीविज्ञानले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ।

**शैलीविज्ञानको अन्य विधासँगको सम्बन्ध**

कुनै पनि विषयवस्तुलाई प्रस्तुत गर्ने ढङ्ग, ढाँचा वा तरिकालाई सामान्य अर्थमा शैली भनिन्छ। शैलीविज्ञानले शैलीका सम्बन्धमा सिलसिलाबद्ध अध्ययन र विश्लेषण गर्ने कार्य गर्दछ। साहित्यका विभिन्न विधाहरूसँग शैलीविज्ञानको सम्बन्ध रहको हुन्छ। कथा, कविता, निबन्ध, जीवनीजस्ता साहित्यका विविध विधासँग जोडिएको शैलीविज्ञानले साहित्यको कलात्मक र सौन्दर्यात्मक पक्षहरूको विश्लेषण गरेको हुन्छ। शैलीविज्ञानले कथा, उपन्यासजस्ता विधामा तिनीहरूको कथानकलाई कस्तो शैलीद्वारा वर्णन गरिएको छ भनेर गर्छ भने कवितालाई लयात्मक ढाँचामा बाँध्ने काम कसरी गरिएको छ भन्ने कुरालाई प्रस्ट्याउने प्रयास गरिएको हुन्छ। त्यसै गरेर निबन्ध (प्रबन्ध) र जीवनी विधासँग पनि शैलीविज्ञानको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ। यसैले शैलीविज्ञानको साहित्यको हरेक विधासँग सम्बन्ध रहेको छ भन्न सकिन्छ। कलात्मक तथा सौन्दर्यबोधक तत्त्वहरूको पहिचान गरी त्यसलाई बाहिर ल्याउने काम शैलीविज्ञानले गरेको हुन्छ। साहित्यमा प्रयोग हुने भाषाको उत्कृष्टता तथा भाषिक सौन्दर्यका घटकहरूको पहिचान गर्ने काम शैलीविज्ञानले गर्ने हुनाले साहित्यिक कृतिका पद, पदावली, वाक्य, उपवाक्य, घटक, उपघटक आदिको जानकारी दिई


कृतिलाई परिस्कृत बनाउने र कृतिमा अन्तर्निहित व्याकरणात्मक सम्बन्ध र संरचनात्मक विशेषताको अध्ययन गर्ने कार्य गर्दछ ।

भाषालाई सुव्यवस्थित ढङ्गले प्रस्तुत गर्न अपनाइने ढङ्ग, ढाँचा, तरिका वा विधिलाई शैली भनिने हुनाले कुनै पनि लेखकले आफ्नो मनमा लागेका विचार तथा भावनाहरूलाई प्रस्तुत गर्दा शैलीको सुव्यवस्थित तरिकाले प्रयोग गर्ने गर्दछन् । यसरी शैलीको प्रयोग गरेको खण्डमा प्रभावकारी बन्न पुग्ने हुनाले साहित्यका अन्य विधा र शैलीविज्ञानको सम्बन्ध एकआपसमा सुमधुर भएको हुनाले सम्बन्धित भाषिक पक्षहरूसँग सम्बन्धित रहको पाइन्छ ।

## शैली विश्लेषण प्रक्रिया

कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययन विश्लेषण गर्दा अपनाइने प्रक्रियालाई शैली विश्लेषण प्रक्रिया भनिन्छ । शैलीविज्ञानको सैद्धान्तिक र प्रविधिगत ढाँचाका माध्यमबाट कृतिको क्रमिक, व्यवस्थित र वस्तुनिष्ट व्याख्या र विश्लेषण गरिन्छ । साहित्य कलात्मक अभिव्यक्ति हो । कुनै पनि कृतिको विश्लेषणका लागि त्यससँग सम्बन्धित प्रयाप्त मात्रामा ज्ञान हुनु आवश्यक हुन्छ । अध्येताले शैलीविज्ञानको सैद्धान्तिक पक्ष, कृतिको संरचना, भाषाविज्ञानको प्रकृति र सम्बन्धित भाषाको व्याकरणका बारेमा राम्रो जानकारी प्राप्त गरेको हुनुपर्दछ । साहित्यिक कृतिहरूको शैली विश्लेषण गर्दा कम्तिमा यसमा निहित दुई तह (क) भाषिक संरचना र (ख) साहित्यिक संरचनाको ख्याल राख्नु पर्दछ ।

शर्मा (२०६९, पृ. ४६) ले शैली विश्लेषण प्रक्रियालाई निम्न आरेखमार्फत् प्रस्तुत गरेका छन् :




चित्र सङ्ख्या १ : *शैलीविश्लेषण प्रक्रिया*

कुनै पनि साहित्यिक कृतिको पूर्ण स्वरूपलाई माथिको आरेखले प्रस्ट्याएको छ । यस आरेखमा उल्लिखित विभिन्न शीर्षक तथा उपशीर्षकहरूलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

**साहित्यिक संरचना**

प्रत्येक साहित्यिक कृतिको आआफ्नै मौलिक वा निजी संरचना रहेको हुन्छ, त्यसलाई नै साहित्यिक संरचना भनिन्छ । साहित्यिक संरचनाको बारेमा आफ्नो धारणा प्रस्तुत गर्दै पौडेल (२०६९) ले आफ्नो धारणा निम्नानुसार व्यक्त गरेका छन् :

> संरचना भनेको कुनै पनि वस्तुमा पाइने साना वा लघु घटकहरूको अन्वितिपूर्ण कूलयोग हो र अझ त्यसभन्दा पनि बढ्ता केही हो । जस्तै मानिस भनेको टाउको, नाक, मुख, आँखा, कान, घाँटी, दाँत, खुट्टा, भुँडी, छाती आदिको कूलयोग हो र अझ त्यसभन्दा पनि बढ्ता उसको जीवन्त व्यक्तित्व हो । त्यस्तै साहित्यिक कृति भनेको एउटा वस्तु संरचना हो र त्यो एउटा भाषाको सिर्जनात्मक छवि, सौन्दर्यात्मक कला र प्रतीक पनि हो । कृतिको संरचनाभित्र निहित घटकहरू विभिन्न क्रम, श्रेणी वा तहमा विभक्त हुन्छन् । (पृ. ४७)

माथिको भनाइलाई हेर्दा हरेक साहित्यिक सिर्जनासँग सम्बन्धित विभिन्न घटकहरूको योग नै साहित्यिक संरचना भन्ने कुरा स्पष्ट हुन्छ । यस आधारमा कृतिलाई एउटा सिङ्गो स्वरूपको संरचना मानेर त्यसको बनोट र बुनोटलाई निम्नानुसार विश्लेषण गरिएको छ :

**बनोट :** कृतिको बाह्य वा भौतिक पक्षलाई बनोट भनिन्छ । बनोटको बारेमा भण्डारी र अन्य (२०६८) ले निम्नानुसार धारणा व्यक्त गरेका छन् :

> कृतिको बाह्य वा भौतिक पक्षसँग सम्बन्धित पक्षलाई बनोट भन्ने गरिन्छ । यो कृतिभित्र रहेका घटकहरूको समुच्चयात्मक सम्बन्धसँग सम्बन्धित छ । यसमा वस्तुको आन्तरिक र अन्तःसम्बन्धित नियम, विज्ञान वा व्यवस्थाको समुच्चय रहेको हुन्छ । घटकहरूको प्रकार्य र कृतिको स्वायत्तताका बारेमा जानकारी गराएको हुन्छ । नाटकमा रहेको अङ्क, दृश्य, संवाद; उपन्यासका परिच्छेद, प्रसङ्ग, घटना; कविताका श्लोक, पङ्क्ति आदिले कृतिमा बनोटको सृजना गरेका हुन्छन् । (पृ. ३५) ।

यसैगरी साहित्यिक संरचनाअन्तर्गत बनोटको बारेमा आफ्नो धारणा व्यक्त गर्ने क्रममा  पौडेल (२०६९) ले निम्नानुसार व्याख्या गरेका छन् :

> कृतिको बनोट एउटा स्वायत्त संरचना हो । यसमा समग्र घटकहरूको आपसी अन्विति प्रभाव सौन्दर्य विद्यमान हुने भएकाले यो अमूर्त हुन्छ । यो कृतिगत विविध लघु घटकहरूको कुलयोग हो, जस्तै : अङ्क, दृश्य, कथानक, पात्र आदि लघु घटकहरूको कूलयोग नाटक हो भने भाग, परिच्छेद, प्रसङ्ग, घटना, परिवेश, दृष्टिविन्दु आदिको योग उपन्यास हो । यस्तै घटकको विश्लेषण गरेर अमूर्त बनोटलाई मूर्त पार्ने काम शैलीविज्ञानले गर्छ । (पृ ४७)

माथिका भनाइहरूलाई हेर्दा कुनै पनि साहित्यिक कृतिमा समावेश गरिएका आवरण पृष्ठदेखि लिएर अङ्क, भाग, कथानक, दृश्य, संवाद, परिच्छेद, प्रसङ्ग, घटना, श्लोक, पङ्क्ति, सर्ग, कारकको स्तर, आकार आदिले कृतिको बनोट कस्तो छ भन्ने कुरा विश्लेषण गर्न सकिन्छ । त्यसैले बनोट कृतिको बाह्य वा भौतिक पक्षसँग सम्बन्धित हुन्छ ।

**बुनोट :** साहित्यिक कृतिभित्रका लघु घटकहरूले बेग्लाबेग्लै किसिमले आआफ्नो कार्य गर्नु बुनोट हो र यसको संलग्नता कृतिको आन्तरिक पक्षसँग हुन्छ । बुनोट अमूर्त हुन्छ भने बनोट मूर्त हुन्छ । बुनोटको सम्बन्धमा “कृतिभित्र रहेका वस्तु, अलङ्कार, छन्द, लय, बिम्ब, प्रतीक, घटना, चरित्र, परिवेश, सौन्दर्य आदिको आपसी अन्वय र सम्बन्धसूत्रको वर्णन र विश्लेषण गरेर शैलीविज्ञानले बुनोट प्रक्रियाको विवेचना गर्दछ” (पौडेल, २०६९, पृ. ४८) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यसैगरी बुनोटको सम्बन्धमा भण्डारी र अन्य (२०६८) ले आफ्नो धारणा निम्नानुसार व्यक्त गरेका छन् :

> कृतिको आन्तरिक संरचनालाई नै वास्तवमा बुनोट भनिन्छ । पाठकका मनमा चित्रित हुने घटकहरू यसमा पर्दछन् । यो मूर्त प्रकृतिको हुन्छ । कृतिको दृश्यात्मक वा पठनीय रूप नै बुनोट हो । भाषा र साहित्यका सम्बन्धमा बुनोटले कथ्यको रूपगत वा दृष्टिपटलीय पक्षलाई जनाएको हुन्छ । जस्तै : छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक, चरित्र आदिको सिर्जना । यस उपकरणद्वारा शैलीविज्ञानले कृतिको रूपगत पक्ष अर्थात् छन्द, अलङ्कार, अर्थ, बिम्ब, प्रतीक, कथानक, चरित्र आदिको

> कृतिगत वैयक्तिक वैशिष्ट्यलाई केलाउँछ । तसर्थ यस संरचनाले ती घटकहरूको आपसी कार्य र सम्बन्धलाई जनाएको हुन्छ । (पृ.३६)

माथि उल्लिखित भनाइहरूलाई हेर्दा साहित्यिक कृति संरचनाका आधारमा कुनै पनि कृतिको शैलीवैज्ञानिक विश्लेषण गर्दा बनोको तहबाट प्रवेश गरेर कृतिभित्र पसी त्यसका आन्तरिक घटक तथा बुनोटको अध्ययन र विश्लेषण गरिन्छ ।

**शैली**

मानवीय भाव वा विचारलाई भाषाको माध्यमबाट अभिव्यक्त गर्ने ढङ्ग, ढाँचा वा तरिकालाई शैली भनिन्छ । शैली साहित्यिक संरचना र भाषा संरचनाको बीचमा पर्छ । शैलीको सम्बन्ध एकातिर भाषारूपी कच्चा पदार्थसँग रहेको हुन्छ भने अर्कातिर कृतिरूपी मालसँग पनि हुन्छ । शैलीको बारेमा “भाषा संरचनाका श्रेणीहरू रूपान्तरित भएर साहित्यिक संरचनामा परिणत हुन्छन् । यसरी रूपान्तरित हुँदा विशिष्ट र अमूर्त किसिमले भएको मानिन्छ, वास्तवमा यही नै शैली हो, अर्थात् एकातर्फ भाषागत स्वभाव र अर्कोतर्फ कृतिनिर्माणको आधार सामग्रीको एकल सम्बन्ध नै शैली हो” (ढुङ्गाना, २०६५, पृ. ४०) भनी शैलीको बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । यो भनाइबाट बुझ्न सकिन्छ कि अमूर्त रूपले भाषा संरचनाको श्रेणी साहित्यिक संरचनामा परिणत हुन्छन् र यही रूप नै शैली हो । साहित्यिक कृतिको पहिचान गर्दा निम्नलिखित पक्षका अवस्थामा शैलीलाई पहिल्याउने प्रयास गरिन्छ :

**चयन :** शब्द आदि भाषिक एकाइको सुविचारित छनोटलाई चयन भन्दछन् । यसलाई सामान्य भाषामा छनोट गर्ने कार्य भन्ने बुझिन्छ । शैलीवैज्ञानिक अध्ययनका क्रममा चयन भन्नाले कुनै पनि साहित्यिक कृतिको निर्माण गर्दा त्यसमा आवश्यक पर्ने शब्द, पद र पदावलीको छनोट गर्नुलाई बुझिन्छ । चयनको बारेमा शर्मा (२०५९) ले आफ्नो धारणा निम्नानुसार प्रस्तुत गरेका छन् :

> कृतिकारले उपलब्ध विकल्पहरूमध्ये कुनै एकको जानेर वा नजानी पनि छनोट गर्छ, जस्तै : नेपाली शब्द तहमा स्त्रीलाई बुझाउने नारी, अबला, रमणी, सुन्दरी, कल्याणी, आइमाई, स्वास्नीमानिस आदि विकल्पहरू उपलब्ध छन् । उपयुक्त विकल्पहरूमध्ये कृतिकारले कुनै

> एक सन्दर्भमा तिनीहरूमध्येकै कुनै एक विकल्पको चयन गर्छ भने त्यसको खास कारण हुन सक्छ । (पृ.७)

यस भनाइलाई हेर्दा एउटै शब्द वा पदावलीका पनि विभिन्न विकल्पहरू हुन सक्छन् । यस्ता विकल्पहरूबाट उपयोगी शब्द वा पदावलीको छनोट गर्नु नै चयन हो । कृति लेखनको क्रममा उचित र सान्दर्भिक शब्द चयन गरिएमा मात्र लेखिएको कृति सान्दर्भिक र मार्मिक बन्न पुग्छ । शैलीविज्ञानले कृतिकारले विभिन्न विकल्पहरूमध्ये कुनै एक विकल्पको प्रयोग गर्ने कुराको चयनको विशिष्टतालाई पहिल्याउने कार्य गर्छ भन्न सकिन्छ ।

**अग्रभूमि निर्माण :** साधारण भाषामा कुनै पनि साहित्यिक रचनालाई विशेष जोड दिइ अगाडि सार्नुलाई नै अग्रभूमि निर्माण भनिन्छ । साहित्यिक भाषाको सृजनामा अग्रभूमि निर्माणको विश्लेषणका लागि यसको उपयोग महत्त्वपूर्ण हुन्छ । अग्रभूमि निर्माणको बारेमा “सर्वप्रथम कलाक्षेत्रमा प्रयोग भएको अग्रभूमि निर्माणको प्रवर्तन सन् १९३० मा जे. मुकारोब्स्कीले गरेका हुन् । उनले अभिव्यक्तिमा ध्यानाकर्षण गर्ने युक्तिका रूपमा यसको प्रयोग गरेका थिए । पश्चभूमिमा रहेको सूचनालाई अग्रभागमा ल्याई नवीनताको सृजना गर्नु नै अग्रभूमि निर्माण हो” ( भण्डारी र अन्य, २०६८, पृ. ३८) भनेका छन् । यस भनाइलाई हेर्दा अग्रभूमि निर्माण एउटा यस्तो युक्ति हो जसले अभिव्यक्तिमा ध्यानाकर्षण पैदा गराउँछ भन्न सकिन्छ । यसले परम्परित भाषा प्रयोग हुने स्वचालनको विपरीत भाषा प्रयोगमा अवस्वचालन र अवपरिचयीकरण गराएर नवीनता ल्याइदिन्छ । कृतिभित्र गरिएको अग्रभूमि निर्माणको अध्ययन र विश्लेषण गर्ने तरिकाहरूलाई निम्नानुसार वर्णन गरिन्छ :

***समानान्तरता :*** सामान्य अर्थमा समानान्तरताले समान तत्त्वहरूको पुनरावृत्तिलाई जनाउँछ । समानान्तरतालाई विचलनको विपरीत ध्रुवमा देखापर्ने उपकरणका रूपमा लिइन्छ किनकि विचलनमा अनियमितता रहेको हुन्छ भने समानान्तरतामा अतिरिक्त नियमितता रहेको  हुन्छ । समानान्तरताको बारेमा “समानान्तरताले अतिरिक्त नियमित प्रयोग देखाउँछ । समानान्तरताको प्रयोग सादृश्यमूलक पुनरावृत्तिका रूपमा देखापर्छ । कतिपय रूढ किसिमका

अनुप्रासात्मक अभिव्यक्तिमा र कतिपय नवीन प्रयोग सन्दर्भहरूमा पनि नियमित सादृश्यताका साथ समानान्तरता अविभावी हुन सक्छ । यो भाषाका विभिन्न एकाइ, तह र पक्षमा देखिन्छ (पौडेल, २०६९, पृ. ५२) भनेका छन् । यस भनाइलाई हेर्दा समानान्तरताले साहित्यिक अभिव्यक्तिगत नियमितता र नवीन प्रयोगबाट भाषाका विभिन्न एकाइ, तह र पक्षमा पुनरावृत्तिको माध्यमबाट सौन्दर्यको सृजना गर्न सकिन्छ र बढी नियमितताको पालना गरी भाषा प्रयोगमा नियमित पुनरावृत्ति ल्याउनु नै समानान्तरता हो । समानान्तरतालाई निम्नानुसार दुई प्रकारमा वर्गीकरण गरिएको पाइन्छ :

*बाह्य समानान्तरता :* बाह्य समानान्तरता स्थूल प्रकृतिको हुन्छ । यसलाई "एक वा एकभन्दा बढी ध्वनि, शब्द रूप, पदावली, वाक्य आदिको नियमित पुनरावृत्ति गरी सौन्दर्य सृजना गर्ने युक्तिलाई बाह्य समानान्तरता भन्ने गरिन्छ; जस्तै : स्वर्ग यही हो स्वर्ग यही हो, अमर श्री भरिएको । जपले तपले युग युगदेखि पहुँच यसैमा खोज्छ" (भण्डारी र अन्य, २०६८, पृ. ४०) भनी प्रष्ट पारेका छन् । यस भनाइमा 'स्वर्ग यही हो' भन्ने वाक्य र अर्कोमा 'र', 'प', 'ल', 'य' वर्ण दोहोरिएका छन् । यसैले एक वा एकभन्दा बढी शब्द, पदावली, वाक्य आदिको नियमित पुनरावृत्तिलाई बाह्य समानन्तरता भनिन्छ ।

*आन्तरिक समानान्तरता :* आन्तरिक समानान्तरतालाई प्रष्ट पार्ने क्रममा "भावार्थ वा वाच्यार्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ (भण्डारी र अन्य, २०६८, पृ. ४० ) भनेका छन् । यसैले कृतिको लेखाइका क्रममा भाव वा अर्थको पुनरावृत्ति गरी कृति वा रचनाभित्र सौन्दर्य सृजना गर्ने युक्तिलाई आन्तरिक समानान्तरता भनिन्छ । जस्तै : हिजोको घटना सम्झेर राम हाँस्छ, रमाउँछ र खुसी हुन्छ । यहाँ 'हाँस्नु', 'रमाउनु' र 'खुसी हुनु' तीनवटै कुराहरूको अर्थ एउटै हुनाले यो आन्तरिक समानान्तरता हो ।

***विचलन :*** परम्परित नियम वा प्रचलित संरचनामा अतिक्रमण गर्नुलाई सामान्य अर्थमा विचलन भनिन्छ; अर्थात् भाषाको स्वीकृत वा मानक रूपलाई उल्टोपाल्टो पारी प्रयोग गर्नु नै विचलन हो । भाषाको प्रचलित पथ वा मानक प्रयोगलाई

उल्लङ्घन गर्ने हुनाले विचलनलाई विपथन पनि भनिन्छ । "मानक प्रयोगबाट रड्किनु, चिप्लिनु वा विचलित हुनुलाई नै विचलन भनिन्छ तर यस्तो विचलनको निरुद्देश्य र निरर्थक नभई सोद्देश्य र सार्थक हुनु जरुरी मानिन्छ" (पौडेल, २०६९, पृ. ५०) भनी विचलनको बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । यसैले साहित्यमा अत्यन्त महत्त्वपूर्ण मानिने भाषिक अभिव्यक्तिका क्रममा देखापर्ने विचलनका प्रकारहरू निम्नानुसार देखाउन सकिन्छ :

*कोशीय विचलन :* "शब्दकोशले समावेश नगरेका मौलिक वा नवीन शब्दलाई लेखक वा स्रष्टा आफैले निर्माण गरी प्रयोग गर्ने कार्यलाई कोशीय विचलन भनिन्छ, जस्तै : चक्रेटो, फुलारु, मान्द्रिलो, गोब्रिलो, कुकुल्डुक, बोक्सी रङ्ग, रातोमाटे रोगन, रट्टुफिकेसन, घोटलाइजेसन, चिोराइजेसन, गडबडाइजेसन आदि" (पौडेल, २०६९, पृ. ५०) भनिएको छ । यस कथनलाई हेर्दा कृतिका लेखकले आफ्नो लेखनलाई रसिलो बनाउनका लागि आफ्नै मनमा आएका नयाँ शब्दको सृजना गरी प्रस्तुत गर्ने कार्य नै कोशीय विचलन हो भन्न सकिन्छ । यस्ता शब्दले पाठकलाई कृतिलाई पठनमा अभिरुचि जगाउँछ ।

*व्याकरणिक विचलन :* भाषालाई व्यवस्थित बनाउने काम व्याकरणले गरेको हुन्छ । व्याकरणात्मक कोटि, लिङ्ग, वचन, पुरुष, काल, पदक्रममा हुने विचलन वा नियम भङ्गलाई व्याकरणिक विचलन भनिन्छ । यसलाई प्रष्ट पार्दै "लिङ्ग, वचन, पुरुष, काल, पदक्रम आदिमा विचलन देखिनु व्याकरणिक विचलन हो । जस्तै : बहिनी आउँछे कि भनेर उनीहरू पर्खिरहँदो हो (वचन विचलन); चल्यो हावा गाउँभरि (पदक्रम विचलन); केटी जान्छजस्तो लाग्दैन भन्या (लिङ्ग विचलन) आदि" (भण्डारी र अन्य, २०६८, पृ. ३९) भनेका छन् । यस भनाइलाई हेर्दा कुनै पनि कृतिको लेखनमा नियमअनुसार भाषा प्रयोग गर्नुपर्ने हुन्छ तर लेखकले व्याकरणिक अनुशासनलाई आत्मसात् नगरी वाक्य प्रयोगमा विचलन ल्याउनु नै व्याकरणिक विचलन हो भनिन्छ । जस्तै : सीता मासु खान्छ जस्तो लाग्छ (लिङ्ग विचलन); भाइ काम्यो लुगलुग जाडोले (पदक्रम विचलन) आदि ।

*ध्वनिप्रक्रियात्मक विचलन :* "लेख्य भाषालाई कथ्य उच्चारण प्रवृत्तिमा ढालेर गरिने विचलनलाई ध्वनि प्रक्रियात्मक विचलन भनिन्छ, जस्तै : भइरहेछ, यौटा,

यौटी, क्वै, क्यै, त्यै आदि" (पौडेल, २०६९, पृ. ५१) भन्ने भनाइलाई हेर्दा खास एकाइको ध्वनि र वर्ण प्रयोग हुने विचलन नै ध्वनि प्रक्रियात्मक विचलन हो भन्न सकिन्छ । जस्तै : ह्रस्वको सट्टा दीर्घको प्रयोग गरिनु ।

*लेख्य प्रक्रियात्मक विचलन :* भाषा लेखन प्रक्रियाको निश्चित व्यवस्थालाई अतिक्रमण गरेको अवस्था वा शब्दले लेखाइका सन्दर्भमा देखिने विचलनलाई लेख्य प्रक्रियात्मक विचलन भनिन्छ । यसलाई प्रष्ट पार्दै "शब्द लेखाइका सन्दर्भमा देखिने विचलन नै लेख्य प्रक्रियात्मक विचलन हो" (भण्डारी र अन्य, २०६८, पृ. ३९) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । यस कथनलाई हेर्दा कृतिकारले आफ्नो कृतिलाई आकर्षक र स्तरीय बनाउनका लागि लेख्य प्रक्रियात्मक विचलनलाई प्रयोगमा ल्याएका हुन्छन् । जस्तै : आ ज व र प र आदि ।

*अर्थतात्त्विक विचलन :* शब्दको अर्थमा विचलन देखिनु नै अर्थतात्त्विक विचलन हो भनेर साधारण भाषामा बुझ्न सकिन्छ । "सन्निघातको सिद्धान्तअनुसार मेल नखाने कुरा अथवा प्रकृतिको मानवीकरण, मानवको प्रस्तुतीकरण आदि गरेर देखाउने प्रवृत्तिलाई यसअन्तर्गत राख्न सकिन्छ" (गौतम, २०६९, पृ. ५१) । यस भनाइलाई हेर्दा शब्दको ठेट अर्थमा विचलन आउने गरी भाषाको प्रस्तुतीकरण नै अर्थतात्त्विक विचलन हो भन्न सकिन्छ । जस्तै : आकाशबाट मुस्कुराउँदै जुन धर्तीमा भेट्न आउँछ (प्रकृतिको मानवीकरण गरिएको, जुनजस्तो अचेतन वस्तु मुस्कुराउनु र धर्तीलाई भेट्न आउनु) । कुनै पनि साहित्यिक कृतिमा यस्ता शब्द वा वाक्यको अर्थतात्त्विक विचलनको प्रयोगले भाषाशैलीलाई प्रभावकारी र कलात्मक बनाउनुका साथै पठनयोग्यसमेत बनाउने गर्दछ ।

*भाषिक विचलन :* "मानक भाषिकाको विचलन प्रयोग नगरी अमानक भाषिको प्रयोग गर्नुबाट भाषिक विचलन देखिन्छ" (पौडेल, २०६९, पृ. ५१) भनिएकाले भाषा प्रयोग गर्ने क्रममा भाषाको मानक रूपको प्रयोग नगरी शब्दलाई अग्रभूमिमा ल्याएर नवीनता प्रस्तुत गर्ने प्रयास गरियो भने भाषिक विचलन हुन्छ भन्न सकिन्छ । जस्तै : गाम वेसीका गीत, बइडा बइडी, केटाकी, सुपो, आँसी आदि । कुनै पनि कृतिकारले आफ्नो कृतिलाई उत्कृष्ट र आकर्षक बनाउनका

लागि भाषिका विचलनलाई प्रयोगमा ल्याएका हुन्छन्, त्यसैले मानक भाषा वा शब्दको सट्टा अन्य भाषा वा शब्दका विशेषताहरू प्रयोग गर्नु नै भाषिकागत विचलन हो । जस्तै : खोलालाई गाँड, भैँसीलाई भुइँसी, बहिनीलाई बुइनीजस्ता शब्दहरूको प्रयोग हुन्छ भने भाषिका विचलन हुन्छ ।

*प्रयुक्ति विचलन :* "एउटा प्रसङ्गमा प्रयोग हुने भाषालाई अर्कै प्रसङ्गमा प्रयोग गरिएमा प्रयुक्ति विचलन हुन्छ । जस्तै : जङ्गलवासी भयङ्कर डाँकाहरू प्रत्येक शीत ऋतुमा कीराहरूको संहार गर्छन् (कीराका लागि संहारको प्रयोग) आदि" (भण्डारी र अन्य, २०६८, पृ. ३९) । यस भनाइबाट बुझ्न सकिन्छ कि एउटा प्रसङ्गमा अर्कै भाषाको प्रयोग अर्थात् अमिल्दो भाषाको प्रयोग गरिनाले प्रयुक्ति विचलन हुन्छ । जस्तै : गाउँगाउँबाट आउने लुटेराहरूले पनि तिनै कहिलाहरूको संहार गरे । यस वाक्यमा 'कमिला' को निम्ति 'संहार' को प्रयोग गर्नु प्रयुक्ति विचलन हो ।

**विविधता :** भाषाको प्रयोगकर्ता र विषयको कारणले देखापर्ने भाषिक भेदहरूलाई विविधता भनिन्छ । विविधताको धारणालाई पुष्टि गर्दै "विषयवस्तु, प्रसङ्ग, सामाजिक र सांस्कृतिक सन्दर्भ तथा कृतिकारका प्रवृत्तिगत विशिष्टता आदि अनुसार एउटै भाषामा पनि विभिन्न भेदहरू देखापर्छन्" (पौडेल, २०६९ : पृ. ५४) भनेका छन् । साहित्यिक कृतिमा गद्यात्मक शक्ति, शैली चिन्हक र आयाम गरी मुख्य तीनप्रकारका विविधताहरू भेटिन्छन् ।

## शैलीवैज्ञानिक आधारमा उपन्यासको विश्लेषण

प्रस्तुत शोधपत्रको शीर्षक *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* भएकाले यस कृतिको कथानकको आधारमा ब्याख्या र विश्लेषण गरिएको छ । साधारण भाषामा कथानक भन्नाले कुनै पनि कृतिको आख्यानात्मक विषयवस्तु हो भन्ने बुझिन्छ । यसर्थ कुनै पनि आख्यानात्मक कृतिमा रहेको क्रमबद्ध घटनाक्रम नै कथानक हो । शैलीवैज्ञानिक आधारमा निम्नानुसार कथानक, पात्रविधान र भाषागत वर्गीकरण गरी अध्ययन गरिएको छ :

**उपन्यासको कथानक :** घटनाहरूको योजनाबद्ध प्रस्तुति कथानक हो । कुनै पनि कृतिको घटनाहरूको कार्यकारण सम्बन्धद्वारा कथानक व्यवस्थित गरिएको हुन्छ । कुनै घटना घट्नुको पछाडि कारणहरू हुन्छन् । घटना घटेपछि त्यसको प्रभाव

देखिन्छ । यी पक्षहरूको सङ्गठित रूप कथानक हुन्छ । कथानकको बारेमा "घटनाको काल अनुक्रममा आउने वर्णन कथा हो । कार्यकारण सम्बन्ध भएका घटनाहरूको वर्णन कथानक हो । कथानकको शाब्दिक अर्थ कथाको छोटो रूप हो । विशिष्ट अर्थमा साहित्यको कथात्मक रूप वा कार्यव्यापारको योजनालाई कथानक भनिन्छ" (पौड्याल, २०६९, पृ. ५५) भनी आफ्नो धारणा व्यक्त गरेका छन् । कथानकलाई स्रष्टाले प्रस्तुतिका क्रममा आदि, मध्य र अन्त्य गरी वर्गीकरण गरेका हुन्छन् । आरम्भ खण्डमा पात्रहरूबीचको सङ्घर्ष र त्यसको विकास हुन्छ भने मध्य खण्डमा सङ्घर्षले आफ्नो प्रभाव पारेर सङ्कटावस्था हुन्छ र त्यसले चरम रूप लिन पुग्छ भने अन्त्य खण्डमा सङ्घर्ष मत्थर हुँदै ह्रास भएर कथानकको अन्त्य हुन पुग्दछ । कथानकलाई आदि, मध्य र अन्त्य गरी निम्नाअनुसार प्रस्तुत गर्न सकिन्छ :

***आरम्भ/चिनारी :*** कथानकको सुरुको भागमा सम्बन्धित कृतिका पात्रहरूको परिचय, ती पात्रहरूले सामना गर्नुपर्ने समस्याहरूको पूर्व सङ्केत दिइएको हुन्छ । यसै सन्दर्भमा आरम्भलाई थप पुष्टि गर्दै "उपन्यासका पात्रहरूले मुख्यमुख्य समस्या के भोग्नु परेको छ त्यसको चिनारी हुन्छ र कथानकमा एउटा त्यस्तो मोड आउँछ, जहाँ एउटा नयाँ समस्याले घटना वा चरित्रमा नयाँ मोड ल्याउँछ । त्यसलाई प्रथम सङ्कटावस्था वा सङ्घर्ष विकास भनिन्छ" (गैरे, २०७६, पृ. १०) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यस भनाइबाट कृतिगत कथानकमा परिस्थितिबाट घटित घटनाको सुरुवात वा आरम्भको अवस्था हो भन्न सकिन्छ ।

***सङ्घर्ष विकास :*** यो खण्ड कथानकको दोस्रो अध्याय हो । यस अवस्थामा पात्रहरू उत्पन्न भएको नयाँ समस्यासँग सङ्घर्ष गर्नुपर्ने अवस्थामा पुग्छन् । यस अवस्थाको बारेमा "प्रथम सङ्कटावस्थासँग सम्बन्धित भएर अरू नयाँनयाँ सङ्गठावस्थाहरू आउँछन् जो उपन्यासको मध्यको सुरुवात हो" (गैरे, २०७६, पृ. १०) भनेका छन् । यसै अवस्थामा कथानकमा पहिलोपल्ट सङ्कटको सिर्जना हुने भएकाले यसलाई प्रथम सङ्कटावस्था पनि भनिन्छ । यस अवस्थामा आकस्मिक परिस्थिति तथा घटनाहरूको कारण पात्रहरूसमक्ष नयाँ समस्याहरू उत्पन्न भई उनीहरू एकआपसमा नै सङ्घर्ष गर्न थाल्छन् र उपन्यासको कथानकमा चरम अवस्थाको सिर्जना हुन जान्छ ।

***चरम :*** पहिलो सङ्कटावस्थाले अन्य सङ्कटहरूलाई सृजना गर्छ र सङ्घर्षको विकास हुन्छ । घटनाक्रमको समस्याको कारणले अझ बढी समस्या जन्माउँछ अर्थात् यस अवस्थामा पात्रहरूसमक्ष भएको समस्या निराकरण हुनुको साटो अझ बढी सङ्घर्ष गर्न थाल्छन् । चरमलाई "सङ्कटावस्थाहरूका शृङ्खलामा आउने सबभन्दा अन्तिम सङ्कटावस्था चरम हो, जो अत्यन्त घातक र गहिरो हुन्छ" (गैरे, २०७६, पृ. १०) भनेका छन् । यस अवस्था नै पात्रहरूको सबैभन्दा महत्त्वपूर्ण, गम्भीर र निर्णायक सङ्कटावस्था उत्पन्न हुन्छ र सङ्घर्ष ह्रासको क्रममा प्रवेश गर्दछ ।

***सङ्घर्षह्रास :*** यस अवस्थामा आईपुग्दा चरम अवस्थामा पुगेका पात्रहरूको सङ्घर्ष बिस्तारै मथ्थर हुँदै जान्छ । यस कुरालाई प्रष्ट पार्दै "चरममा पुगेपछि सङ्घर्षमा जुन शिथिलता आउँछ त्यसबेला उपन्यासकारले बिस्तारै आफ्ना पात्रहरूलाई समेट्न थाल्छ र सङ्घर्ष पातलो हुँदै जान्छ" (गैरे, २०७६, पृ. ११) भनेका छन् । यसबाट बुझ्न सकिन्छ कि समस्या समाधानका लागि कुनै पनि कार्य, निर्णय वा खोज गरिन्छ र सङ्घर्षलाई उपसंहार तथा निष्कर्षतिर लैजाने कार्य गरिन्छ ।

***उपसंहार :*** कथानक विकासको अन्तिम अवस्था उपसंहार हो । यस कुरालाई प्रष्ट पार्दै "चरममा पुगेर सङ्घर्ष पातलो हुँदै गएर र अन्त्यमा सङ्घर्षको अन्त्य हुन्छ, जुन त्यस उपन्यासको समस्या समाधानको विन्दु वा उपसंहार हुन जान्छ" (गैरे, २०७६, पृ. ११) भनेका छन् । यसबाट बुझ्न सकिन्छ कि यस अवस्थामा पात्रहरूबीचको सङ्घर्षको अन्त्य भई समस्या समाधान हुन्छ र पात्रहरूले आफ्नो कर्मअनुसारको फल प्राप्त गर्दछन् । यसरी कथानकको अन्त्य हुन्छ ।

**उपन्यासको पात्रविधान :** आख्यान विधाअन्तर्गत पर्ने उपन्यास एक महत्त्वपूर्ण साहित्यिक विधा हो । यसमा आफ्नै निश्चित खालको कथानकीय संरचना रहेको हुन्छ । आख्यानलाई गति दिने काम कथानकको हो भने कथानकलाई गति दिने काम पात्र वा चरित्रको हो । चरित्र वा पात्रको बारेमा "जीवन र समाजमा यथार्थ रूपमा पाइने व्यक्तिलाई मूलप्रति मानेर त्यसै आधारमा साहित्यकार वा उपन्यासकारले आफ्नो कल्पना, बुद्धि र विवेकद्वारा थपघट गरी सृष्टि गरेको

औपन्यासिक व्यक्ति नै उपन्यास वा कृतिको चरित्र हो" (गैरे, २०७६, पृ. २०) भनेका छन् । यस कथनलाई हेर्दा उपन्यासमा देखिने मानवीय वा मानवेतर प्राणीलाई पात्र वा चरित्र भन्न सकिन्छ । उपन्यासमा प्रयोग भएका पात्रहरू आफ्नो चरित्रलाई असल र खराब दुवै प्रकारले प्रकट गरेको हुन्छन् । जसले असल चरित्रको प्रदर्शन गर्दछन् तिनीहरू सकारात्मक पात्र हुन् भने जसले खराब चरित्रको प्रदर्शन गर्दछन् तिनीहरू नकारात्मक वा खलपात्र हुन् । यसरी कृतिमा प्रस्तुत पात्र (चरित्र) ले समाजमा घटिरहने विभिन्न घटना र प्रवृत्तिका आधारमा आफ्ना विशेष मानवीय चरित्रलाई प्रदर्शित गरिरहेका हुन्छन् । उपन्यासकारले उनीहरूको चरित्रको माध्यमबाट व्यक्ति तथा समाजको वास्तविक अवस्था उद्घाटन गराउने काम उपन्यासबाट गर्दछ ।

मान्छेमान्छेका विविध स्वभावहरू पात्रकै माध्यमबाट प्रकट भएका हुन्छन् । पात्रहरूलाई समाजका सजीव र यथार्थ जीवनलाई प्रतिनिधित्व गर्ने गरी प्रस्तुत गर्नुपर्दछ । कुनै पनि साहित्यिक कृति वा उपन्यासमा प्रयुक्त चरित्रहरू विभिन्न प्रकारका हुन्छन् । यस्ता चरित्र वा पात्रलाई मुख्यतयाः लिङ्गगत रूपमा, कार्यगत रूपमा, प्रवृत्तिगत रूपमा, स्वभावको आधारमा, जीवनचेतनाको आधारमा, आसन्नताको आधारमा र आबद्धताको आधारमा वर्गीकरण गरिएको पाइन्छ । पात्रको वर्गीकरणलाई निम्नानुसार व्याख्या गरिएको छ :

***आबद्धताको आधारमा :*** उपन्यासको कथानकसँग रहेका पात्रहरूको सम्बन्धको आधारमा चरित्रलाई छुट्याउने उपकरण आबद्धता हो । यसलाई प्रष्ट पार्दै "आबद्धताका आधारमा पात्रहरूलाई बद्ध र मुक्त गरी दुई भागमा वर्गीकरण गर्न सकिन्छ । उपन्यासमा अनिवार्य रूपमा आउने पात्र बद्ध हो भने उपन्यासमा त्यो पात्र नभए पनि हुन्छ भनिने किसिमको ऐच्छिक पात्र मुक्त पात्र हो" (गैरे, २०७६, पृ. २०) भनी पात्रको आबद्धताको आधार प्रस्तुत गरेका छन् । यस भनाइको आधारमा पात्रहरू बद्ध र मुक्त गरी दुई प्रकारका हुन्छन् । कृतिमा बाँधिएर मात्र सार्थक हुने पात्रलाई बद्ध र कृतिबाट स्वतन्त्र भएर पनि सार्थक हुने पात्रलाई मुक्त भन्न सकिन्छ ।

***लिङ्गको आधारमा :*** शारीरिक जात अर्थात् स्त्री र पुरूष छुट्याउने प्राणीका शरीरफो चिन्ह वा लक्षणलाई लिङ्ग भनिन्छ । "लिङ्गका आधारमा पुरुष र स्त्री गरी दुई प्रकारका हुन्छन् । पुरुष छ, प्रमुख कार्य गर्छ र समाज अनुकूल छ भने त्यो नायक हुन्छ । स्त्री छे, प्रमुख कार्य गर्छे र समाज अनुकूल छे भने त्यो नायिका हुन्छे" (गैरे, २०७६, पृ. २१) भनेका छन् । यसैले कृतिमा प्रयुक्त नायकनायिका, खलनायकखलनायिका वा नारी पुरूष आदिलाई लिङ्गको आधारमा नामाकरण गरिएको हुन्छ ।

***कार्यको आधारमा :*** कार्य वा कार्यमूल्यको घटीबढीका आधारमा पात्रहरूलाई वर्गीकरण गरिएको हुन्छ । यसलाई प्रष्ट पार्दै "सहायक कार्य र समाज प्रतिकूल कार्य गर्ने सहायक पात्र हुन्छन् भने गौण कार्य गर्छन् भने गौण पात्र हुन्छ । यसरी प्रमुख र महत्त्वपूर्ण भूमिका हुने प्रमुख, सहायक भूमिका हुने सहायक र गौण भूमिका हुने गौण चरित्र हुन्छन्" (गैरे, २०७६, पृ. २१) भनेकाले कथानकमा सबैभन्दा बढी भूमिका निर्वाह गर्ने क्रियाशील पात्र प्रमुख पात्र, मध्यम खालको भूमिका निर्वाह गर्ने सहायक पात्र र निम्न खालको भूमिका निर्वाह गर्नेलाई गौण पात्र भन्न सकिन्छ ।

***प्रवृत्तिको आधारमा :*** यस आधारमा पात्र अनुकुल र प्रतिकूल गरी दुई वर्गका हुन्छन् । "आफ्नो समाजको रीतिथितिलाई पालना गर्ने, मान्ने र समाज व्यवस्थालाई न खल्बल्याइकन हिँड्ने चरित्र सकारात्मक र समाज व्यवस्थालाई नमान्ने पात्र नकारात्मक चरित्र हो" (गैरे, २०७६, पृ. २२) भनेका छन् । यसबाट बुझ्न सकिन्छ कि सकारात्मक भूमिका निर्वाह गरी पाठकको सहानुभूति प्राप्त गर्ने अनुकूल अर्थात सत् पात्र हुन् भने नकारात्मक भूमिका निर्वाह गरी पाठकको घृणा प्राप्त गर्ने प्रतिकूल वा असत पात्र हुन् ।

***स्वभावको आधारमा :*** साधारण भाषामा स्वभाव भन्नाले कुनै पनि पात्रको बानी व्यवहारलाई जनाउँछ । यसलाई प्रष्ट पार्दै "स्वभावका आधारमा पात्रहरू गतिशील र गतिहीन गरी दुई वर्गका हुन्छन्" (गैरे, २०७६, पृ. २१) भनेका छन् । यस भनाइबाट बुझ्न सकन्छि कि कुनै पनि कृतिको कथानकमा आएको समय, परिस्थिति र अवस्थाअनुसार परिवर्तन हुने पात्रलाई गतिशील पात्र भनिन्छ भने

उपन्यासको सुरुदेखि अन्त्यसम्म एकै किसिमले अगाडि बढ्ने पात्रलाई गतिहीन पात्र भनिन्छ ।

***जीवनचेतनाको आधारमा :*** यस आधारमा पात्र वर्गीय र व्यक्तिगत गरी दुई प्रकारका हुन्छन् । "जुन पात्रको चरित्र त्यो वर्गका अन्य व्यक्तिसँग मिल्ने हुन्छ वा त्यसले त्यस वर्गको मूलभूत लक्षणहरूलाई बताउन सक्छ वा कुनै खास वर्गको प्रतिनिधित्व गर्दछ, त्यस्तो  पात्र वर्गगत हुन्छ भने कसैसित नमिल्ने, आफ्नो छुट्टै विशेष लक्षण भएको चरित्र व्यक्तिगत वा व्यक्ति चरित्र हो" (गैरे, २०७६, पृ. २१) । यस भनाइलाई हेर्दा निश्चित सामाजिक वर्गको भूमिका निर्वाह गरी त्यही वर्गको प्रतिनिधित्व गर्ने पात्र वर्गीय हुन्छ भने आफ्नो निजी स्वभाव वा वैशिष्ट्य तथा वैयक्तिकताको भूमिका निर्वाह गरी नवीन शैलीको अनुसन्धान गर्ने पात्र वैयक्तिक हुन्छ ।

***आसन्नताको आधारमा :*** "उपन्यासमा स्वयम् व्यक्तिका रूपमा अघि आउने वा प्रत्यक्ष रूपमा आई संवादमा बोल्ने र कार्यव्यापार गर्ने पात्र मञ्चीय पात्र हो भने त्यसरी प्रत्यक्ष रूपमा नआई केवल वर्णनमा मात्र आउने पात्र नेपथ्य पात्र हो" ( गैरे, २०७६, पृ. २२) यस भनाइलाई हेर्दा पात्रहरू मञ्चीय र नेपथ्य गरी दुई प्रकारका हुन्छन् । उपन्यासमा उपस्थित भई कार्यव्यापार वा संवाद गर्ने पात्र मञ्चीय हुन्छ भने कथायिताले वा अन्य पात्रले नामोच्चारण मात्र गरेको पात्र नेपथ्य हुन्छ । मञ्चीय पात्र वर्तमान समयमा र नेपथ्य पात्र पूर्वकालमा सक्रिय रहेका हुन्छन् ।

**भाषिक संरचना :** कुनै पनि साहित्यिक कृतिको माध्यम वा आधार सामग्री भनेको भाषा हो । भाषाको आफ्नै अस्तित्व वा संरचना रहेको हुन्छ । साहित्यिक कृतिमा प्रयोग भएका वर्णहरू, शब्दभण्डार व्यवस्था तथा व्याकरण व्यवस्थासम्बन्धी अध्ययन र विश्लेषण भाषिक संरचनाअन्तर्गत पर्दछन् । "भाषाका क्रमशः तल्लो श्रेणीबाट माथिल्लो श्रेणीतिर सोपान क्रमिक रूपमा निर्मित हुन्छ अर्थात् भाषाको व्याकरणिक व्यवस्थासम्म पुग्न ध्वनि, वर्ण, अक्षर, रूप, पदावली, उपवाक्य र वाक्य हुँदै अघि बढ्नुपर्छ" (शर्मा, २०५९, पृ. ७) ले भाषिक संरचनाको बारेमा आफ्नो धारणा व्यक्त गरेका छन् । भाषिक संरचनाका घटकहरूलाई निम्नानुसार चर्चा गरिएको छ :

***व्याकरण व्यवस्था :*** कुनै पनि कृतिको वर्णसम्बन्धी व्यवस्थालाई व्याकरण व्यवस्था भनिन्छ । कुनै पनि भाषाको व्याकरण व्यवस्थालाई त्यस भाषाको माथिल्लो तह मानिएको छ । जहाँ रूपविज्ञान तथा वाक्यविज्ञान प्रक्रिया र प्रकार्यहरूको व्याख्या गरिएको हुन्छ । साहित्यिक कृतिमा प्रयोग गरिएको भाषासँग सम्बन्धित भई व्याकरण व्यवस्थाको अध्ययन र विश्लेषण गर्ने काम शैलीविज्ञानले व्याकरण व्यवस्थाअन्तर्गत गर्दछ । यसैले शैलीविज्ञानअन्तर्गत कुनै कृतिको भाषासंरचनाको विश्लेषण गर्नु छ भने उल्लिखित तीनवटै व्यवस्था वा तहमा आधारित भएर विश्लेषण गर्नु जरूरी हुन्छ ।

***शब्द व्यवस्था :*** हरेक भाषाको शब्दभण्डार व्यवस्था हुन्छ । विभिन्न साहित्यिक कृतिमा प्रयोग भएको भाषासँग सम्बन्धित शब्दभण्डारमा केन्द्रित भई उक्त कृतिमा प्रयोग गरिएका शब्दहरूको अध्ययन र विश्लेषण गर्ने कार्य यसअन्तर्गत गरिन्छ । शब्द व्यवस्थासम्बन्धी अवधारणा प्रस्तुत गर्ने क्रममा "रूपात्मक तथा शब्दात्मक स्रोत, प्रकार, कार्य र तिनका अर्थसम्बन्धक पर्दछन् । यसमा रूपविज्ञान र अर्थविज्ञानका सहायताले कृतिगत शब्दभण्डार व्यवस्थाको बयान विश्लेषण गरिन्छ (पौडेल, २०६९, पृ. ४७) भनी आफ्नो धारणा प्रस्तुत गरेका छन् । यस भनाइलाई हेर्दा शब्द व्यवस्थाअन्तर्गत शब्दको रूप तथा त्यसको स्रोत, प्रकार, कार्य र तिनका अर्थ पर्दछन् भन्न सकिन्छ ।

***ध्वनि व्यवस्था :*** ध्वनि भाषाको न्यूनतम एकाइ हो । यसमा कुनै पनि भाषाका खण्डीय र खण्डेत्तर ध्वनिमा अनुनासिकता, श्वसन, आघात, लय, मात्रा, तान आदि पर्दछन् । यसलाई प्रष्ट पार्दै "प्रकारगत उपमा, खण्डीय र खण्डेत्तर ध्वनिको संयोजनात्मक अवस्था नै ध्वनि व्यवस्था हो" (शर्मा, २०४८, पृ. १०) भनेका छन् । यसलाई दृष्टिगत गर्दा खण्डीय र खण्डेत्तर ध्वनिलाई ध्वनि व्यवस्थाको प्रमुख तत्त्व हुन् भन्न सकिन्छ ।

## सारांश

यस शोधकार्यको अध्याय दुईलाई 'सम्बन्धित कार्यको पुनरावलोकन' दिइएको छ, जसअन्तर्गत शैलीविज्ञानसँग सम्बन्धित पाँचवटा पुस्तकहरूको समीक्षालाई सैद्धान्तिक पुनरावलोकन उपशीर्षक दिई प्रस्तुत गरिएको छ, भने शैलीवैज्ञानिक अध्ययनमा आधारित

रहेर गरिएका दसवटा शोधपत्रहरूको अध्ययनलाई 'प्रायोगिक पुनरावलोकन' उपशीर्षकमा दिई शोधसँग सम्बन्धित पुस्तक तथा शोधकार्यहरूको अध्ययनले गर्न लागिएको शोधकार्यमा केकस्तो सहयोग गरेका छन् भनेर अध्ययन गरिएको छ । यसपश्चात् 'पूर्वकार्यको अनुप्रयोग' उपशीर्षकअन्तर्गत पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधपत्रमा पुऱ्याएको सहयोगबारे केकस्ता सहयोग पुऱ्याएको छ भन्नेबारे विश्लेषण गरिएको छ । शैलीविज्ञानको सैद्धान्तिक अवधारणालाई पनि यसै अध्यायमा समावेश गरिएको छ । यसअन्तर्गत यस खण्डमा शैलीविज्ञानको सैद्धान्तिक अवधारणाको बारेमा चर्चा गरिएको छ । सैद्धान्तिक अवधारणाअन्तर्गत शैलीको परिचय, शैलीविज्ञानको स्वरूप र विकासप्रक्रिया, शैलीविज्ञानको पूर्वीय परम्परा, पाश्चात्य परम्परा, अन्य विधासँगको सम्बन्ध, शैलीविश्लेषण प्रक्रिया, साहित्यिक संरचना, भाषिक संरचना, भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्धको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । उपन्यासको कथानकअन्तर्गत कथानकको आरम्भ, सङ्घर्षविकास, सङ्घर्षह्रास, चरम र उपसंहार अर्थात् परिणतीको व्याख्या तथा विश्लेषण गरिएको छ । यसैगरी उपन्यासमा प्रयुक्त पात्रहरूको चरित्र चित्रण केकसरी भएको छ भन्ने विषयको सम्बन्धमा पात्रहरूको लिङ्ग, प्रवृति, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरिएको छ । अध्यायको अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरी यो अध्यायको समापन गरिएको छ ।

# अध्याय तीन

# शोधविधि र प्रक्रिया

## अनुसन्धान विधि

प्रस्तुत शोधकार्य *मोक्ष* उपन्यासको समाजभाषिक अध्ययनमा आधारित रहेको हुँदा यसै उपन्याससँग सम्बन्धित लेख, रचना, शोधकार्य तथा पुस्तकहरूलाई शोध सामग्रीका रूपमा उपयोग गरिएको छ । यस शोधकार्यको लागि मूलतः पुस्तकालयीय अध्ययन कार्यलाई उपयोग गरिएको छ ।

## अनुसन्धान ढाँचा

यस शोधकार्य शैलीविज्ञानसँग सम्बन्धित रहेको हुनाले यसै विषयसँग सम्बन्धित सामग्रीहरूको अध्ययन पुस्तकालयीय तथा स्वअध्ययनका आधारमा गरिएको छ । सामग्री सङ्कलनको स्रोत पुस्तकालयीय प्रक्रिया भएकाले शोधकार्यमा गुणात्मक अध्ययन ढाँचाको उपयोग गरिएको छ ।

## नमुना छनोट प्रक्रिया

प्रस्तुत शोधकार्य सिर्जन अविरलद्वारा लिखित *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित रहेको छ । नमुना छनोट गर्नको लागि प्राथमिक तथा द्वितीयक सामग्री सङ्कलन पद्धतिको प्रयोग गरिएको छ र उपन्यासको कथानक, पात्रगत तथा भाषिक शैलीको आधारमा शैलीवैज्ञानिक अध्ययन गरिएको छ ।

## तथ्य सङ्कलन प्रक्रिया

प्रस्तुत अध्ययनलाई विश्वसनीय, तथ्यपरक र भरपर्दो बनाउनका लागि नमुना छनोट प्रक्रियालाई प्रयोगमा ल्याइएको छ । नमुना छनोटअन्तर्गत प्राथमिक र द्वितीयक स्रोतबाट सङ्कलन गरिएको छ । सिर्जन अविरलद्वारा लेखिएको *मोक्ष* उपन्यासलाई प्राथमिक सामग्रीको रूपमा प्रयोग गरिएको छ भने यस उपन्याससँग सम्बन्धित रहेका विभिन्न लेख, रचना, जर्नल, शोधकार्य, अध्ययन प्रतिवेदन, आलेख आदि द्वितीयक स्रोतका रूपमा प्रयोग गरिएको छ ।

**तथ्य सङ्कलनका साधन**

कुनै पनि शोध अध्ययनका क्रममा विभिन्न तथ्यहरूलाई सङ्कलन गरिन्छ, जसले गर्दा शोध अध्ययन स्तरीय, विश्वसनीय रहने यकिन गर्न सकिन्छ । यसरी सङ्कलन गरिने सामग्रीहरूलाई प्राथमिक स्रोत र द्वितीयक स्रोत गरी निम्न दुई भागमा विभाजन गर्न सकिन्छ :

**प्राथमिक स्रोत :** यस *मोक्ष* उपन्यासको शैलीवैज्ञानिक अध्ययनको मुख्य आधार नै *मोक्ष* उपन्यास रहेकोले उक्त कृतिलाई प्राथमिक वा प्रमुख स्रोतका रूपमा लिइएको छ ।


**द्वितीयक स्रोत :** प्रस्तुत शोध शैलीवैज्ञानिक अध्ययसँग सम्बन्धित रहेकाले शैलीविज्ञानसँग सम्बन्धित विभिन्न पाठ्यपुस्तकहरू, प्रकाशित तथा शोधहरू, विभिन्न लेख, रचना, इमेल, इन्टरनेटबाट प्राप्त जानकारीहरू नै द्वितीयक सामग्रीका रूपमा रहेका छन् ।

**तथ्य सङ्कलन**

प्रस्तुत शोधकार्यलाई गुणस्तरीय, विश्वसनीय, वैद्य र प्रमाणित बनाउनका लागि सङ्कलन गरिएका सामग्रीहरूबाट विभिन्न उदाहरणहरू, जस्तै : पात्रहरूका वर्गीकरण गरिएका तालिका, भाषिक चयन, विचलन र समानान्तरताका प्रयोग भएका वाक्य आदि प्राथमिक स्रोतबाट अध्ययन गरी प्राप्त गरिएको छ र द्वितीयक सामग्रीअन्तर्गत पुस्तकालय, इमेल, इन्टरनेट, शोधपत्र, लेख, रचना, शोधनिर्देशक तथा विद्वान्हरूका दिशानिर्देशलाई लिइएको छ । यसरी विभिन्न स्रोत र साधनहरूको प्रयोग गरी पुस्तकालयीय अध्ययनविधिका आधारमा तथ्य सङ्कलन गरिएको छ ।

## अवधारणात्मक ढाँचा

प्रस्तुत शोधकार्यको अवधारणात्मक ढाँचा निम्नानुसारको रहेको छ :




चित्र सङ्ख्या २ : *शोधपत्रको अवधारणात्मक ढाँचा*

## नतिजा र छलफल

शैलीवैज्ञानिक अध्ययनसँग सम्बन्धित यस उपन्यासको शोधपत्र भाषिक एवम् संरचनात्मक विश्लेषण पद्धतिद्वारा प्राप्त सामग्रीलाई व्याख्या र विश्लेषण गरिएको छ । शोधपत्रको अध्ययनका क्रममा पुस्तकालयीय एवम् स्वअध्ययन विधि अवलम्बन गरी प्राप्त तथ्याङ्कहरूलाई व्याख्या तथा विश्लेषण गरिएको छ । अध्ययनको क्रममा यस उपन्यासका पात्रहरूलाई वैज्ञानिक आधारमा व्याख्या र विश्लेषण गरिएको छ । चरित्रचित्रण, शैलीवैज्ञानिक आधारहरू लिङ्ग, कार्य, प्रवृत्ति, स्वभाव, जीवनचेतना, आबद्धता रहेको छन् र यिनै आधारहरूमा तालिकीकरण गरिएको छ । उक्त उपन्यासमा प्रयुक्त भाषिक पक्षको विश्लेषण अग्रभूमि निर्माणका आधारमा गरिएको छ ।

## अध्ययनको रूपरेखा

प्रस्तुत शोधपत्रमा सात अध्याय रहेको छन् । पहिलो अध्यायमा शोधपरिचय रहेको छ, जसमा अध्ययनको पृष्ठभूमि, समस्याकथन, उद्देश्य, शोधको औचित्य, सीमाङ्कन र अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ भने दोस्रो अध्यायमा सम्बन्धित कार्यको पुनरावलोकन प्रस्तुत गरिएको छ । उक्त अध्यायमा सैद्धान्तिक पुनरावलोकन र प्रायोगिक पुनरावलोकन, पूर्वकार्यको पुनरावलोकनको अनुप्रयोगका साथै शैलीविज्ञानको सैद्धान्तिक अवधारणा र अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । त्यसैगरी तेस्रो अध्यायलाई 'शोधविधि' शीर्षक राखी अध्ययन गरिएको छ, जसमा अनुसन्धानको ढाँचा, नमुना छनोट प्रक्रिया, तथ्य सङ्कलनका साधन र तथ्य सङ्कलनका साथै नतिजा र छलफल प्रस्तुत गरिएको छ भने अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । चौथो अध्यायलाई प्रस्तुत शोधको उद्देश्यअनुसार अध्याय विभाजन गरिएको छ, जसमा *मोक्ष* उपन्यासको कथानकगत संरचना प्रस्तुत गर्दै अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । यसैगरी पाँचौं अध्यायमा उपन्यासमा प्रयुक्त पात्रहरूको भाषिक प्रयोगलाई आधार बनाई उनीहरूको वर्गीकरण गरिएको छ र अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । यसैगरी अध्ययनको छैटौं अध्यायमा उपन्यासको भाषिक चयन, भाषिक विश्लेषण र समानान्तरताको विश्लेषण गरिएको छ र अध्यायको अन्त्यमा सारांश प्रस्तुत गरिएको छ । अध्ययनको सातौं तथा अन्तिम अध्यायमा शोधकार्यको परिच्छेदगत निष्कर्ष र उपादेयता प्रस्तुत गरिएको छ र शोधको अन्त्यमा सन्दर्भ ग्रन्थसूचीका साथै व्यक्तिवृत्त प्रस्तुत गरी शोधकार्यलाई पूर्णता दिइएको छ ।

## सारांश

प्रस्तुत अध्यायको शीर्षक 'शोधविधि र प्रक्रिया' राखिएको छ । यस अध्यायमा अवधारणात्मक ढाँचा, अनुसन्धान कार्य गर्दा अपनाइएको विधिको ढाँचाअन्तर्गत पुस्तकालयीय विधिद्वारा गुणात्मक अध्ययन ढाँचाको प्रयोग, शोधकार्य पुरा गर्न सम्भाव्य नमुना छनोटको प्रयोग, सामग्री सङ्कलन गर्दा प्रयोग गरिएको प्राथमिक स्रोतमा *मोक्ष* उपन्यास र द्वितीयक स्रोतहरूमा शोधकार्यसँग सम्बन्धित पूर्वकार्यहरू, इमेल, इन्टरनेटको प्रयोग, त्यसैगरी तथ्याङ्क सङ्कलन गर्दा प्रयोग गरिने साधनहरू पुस्तकालयीय अध्ययनबाट उल्लिखित साधनको प्रयोग गरी तथ्य सङ्कलन, नतिजा र छलफल, अध्ययनको रूपरेखा र अध्यायको सारांशलाई समेत उल्लेख गरिएको छ ।

## चौँथो अध्याय

## *मोक्ष* उपन्यासको कथानकको विश्लेषण

सिर्जन अविरलद्वारा लिखित *मोक्ष* उपन्यास नेपालको दसवर्षे द्वन्द्वलाई विषयवस्तु बनाएर लेखिएको उपन्यास हो । त्यसैले यसलाई युद्ध साहित्य पनि भन्न सकिन्छ । एउटा क्रूर समयको चित्र, जुन लेखक आफैले भोगेको, देखेको र अनुभूत गरेको दृश्यचित्र प्रस्तुत गरिएको छ । द्वन्द्वकालका कहालीलाग्दा दिनहरू सम्झाउने, घाइते, अपाङ्ग र अयोग्य भनिएका लडाकुहरूको पीडाबोध गराउने, असमानताको मुक्तिका निम्ति युद्धमा होमिएकाहरूलाई अन्त्यमा के प्राप्त भयो भन्ने थुप्रै गम्भीर तथा अनुत्तरित प्रश्नहरूको सङ्गालोको रूपमा यस उपन्यासलाई लिन सकिन्छ ।

नेपालमा भएको दसवर्षे जनयुद्धलाई यस उपन्यासको मुख्य विषयवस्तु बनाइएको छ । जनयुद्ध, क्यान्टोन्मेन्ट र सेना समायोजनसम्मको सजीव तस्वीर *मोक्ष* उपन्यासमा देखाइएको छ । जनतामाथिको अन्याय, अत्याचार, शोषण, दमन र असमानताको मुक्तिका निमित्त युद्धमा होमिएकाहरूलाई अन्त्यमा के प्राप्त भयो त भन्ने गम्भीर प्रश्नचिन्हको उठान उपन्यासमा गरिएको छ । युद्धको अन्त्य कहिल्यै नहुने र क्रान्तिका लागि सङ्घर्षरत पात्रहरू अन्त्यमा कसरी मोक्षको बाटोमा प्रवृत्त भएका छन् सोको चित्रण यस कृतिमा गरिएको छ । थवाङदेखि सङ्खुवासभासम्मको पृष्ठभूमिमा आधारित उपन्यासको कथा प्रमुख गरेर चितवनको कारागार, अदालत, आर्मी ब्यारेक, शक्तिखोरको क्यान्टोनमेन्ट वरिपरिको पृष्ठभूमिमा आधारित रहेको छ । नेपाली जनताको मुक्तिको सपना साकार पार्नका लागि आफ्नो व्यक्तिगत सपनाहरूलाई पन्छ्याएर युद्धको बाटोमा होमिएका आविष्कार, इच्छा, शारदाजस्ता प्रतिनिधि पात्रका रूपमा रहेका थुप्रै नेपाली आमाका छोराछोरीहरूले शोषित, पीडित र दलित वर्गका मुक्ति र परिवर्तनका खातिर शहादत प्राप्त गरेका घटनाहरूलाई यस उपन्यासमा चित्रण गरिएको छ ।

### आरम्भ

*मोक्ष* उपन्यासको प्रमुख पात्रको रूपमा आविष्कारका साथै अन्य सहायक पात्रहरू आदित्य, शारदा, इच्छा, कार्यालय बा, आमा आदिलाई लिन सकिन्छ । शोषित, पीडित, दलित नेपाली जनताको परिवर्तनका खातिर दसवर्षे लामो युद्धमा होमिएको एक अयोग्य लडाकु आविष्कार र युद्धको परिवेश देख्दै र भोग्दै बाँचिरहेको आदित्यबीचको धेरै

समयपछिको भेटघाट र कुराकानीबाट उपन्यासको आरम्भ गरिएको छ। आँखामा सिङ्गो युद्धको कथा बोकेको छ आविष्कारले। युद्ध सकिए पनि युद्धको स्मृति सकिएको छैन। आविष्कारका लागि पहिलोपल्ट कम्ब्याट ड्रेसमा कार्यालय बासँगको भेटको परिवेशलाई उपन्यासमा देखाइएको छ। समाज परिवर्तनका लागि युद्ध मैदानमा होमिएका छापामारहरूको मौनताको समय थियो, क्यान्टोन्मेन्टको समय। समयले सम्बोधन गर्न छुटाइएका छापामारहरू थिए अयोग्य लडाकु, जो समयले सम्बोधन गर्न बिर्सिएका मान्छेहरू थिए। आफ्ना अनगिन्ती सपनाहरूलाई छोडी परिवर्तनका लागि युद्धको मैदानमा उत्रिएकी हुन् शारदा। श्रीपुर मा.वि. को असल, जेहेन्दार शिक्षकहरूको प्रिय छात्रा थिइन उनी। उनलाई साँघुरो र हिलोबाटो उज्यालो र फराकिलो सपना खोज्नु थियो। वर्गसङ्घर्षको युद्धमा उज्यालो बत्तीको प्रकाश बनेर होमिएकी योद्धा थिइन् उनी, उनले गहिरो छाप छोडेकी थिएन आमालाई। कुशल नेतृत्व, असल, इमान्दार कमान्डर शारदाको महिला मुक्तिको लेख र गीत लेखनमा पनि रुचि थियो। शारदाकै नेतृत्वमा पार्टीले जितेको थियो कतिपय युद्ध। सैन्य कमान्डर, कार्यकता, जनकलाकार आदिको भेटघाट हुने र सूचना आदानप्रदान हुने ठाउँ थियो कार्यालय बाको घर, जहाँ बस्दा सबैले सुरक्षित भएको महसुस गर्थे। तिनै कार्यालय बा कारगार पुग्नु भएको थियो। त्यति सजिलो थिएन कारागारभित्रको कथा। मृत्युको मुखबाट फुत्कनुजस्तै थियो ब्यारेकबाट कारागार पुग्नु। युद्धबाट अलग दुई नजिकका साथीहरू थिए देव र आनन्द। कार्यालय बालाई भेट्नका लागि कारागार र ब्यारेकको यात्रा निरन्तर थियो आदित्यको। युद्ध सकिएको कैयौँ घण्टासम्म बलिरहेको थियो खारा। धेरै ठूलो क्षति सहनुपरेको थियो उक्त युद्धमा माओवादीले। उपन्यासको कथानकले यहाँसम्मको समयलाई आरम्भको रूपमा प्रस्तुत गरेको छ।

### सङ्घर्ष विकास

शोषित, पीडित वर्गको परिवर्तनका लागि युद्धको बाटो रोजेको थियो आविष्कारले। जनताको झुपडीमा सुनौलो बिहानी ल्याउने र समाजमा रहेको वर्गीय असमानतालाई निर्मुल पार्नका लागि कलम समाउने हातहरूले बन्दुक समाएका थिए। शोषक र शोषित, हुँदा खाने र हुनेखाने, सामन्ती र सर्वहारा आदि वर्गको अन्तर तथा विभेदको अन्त्यका लागि माओवादी जनयुद्धको सूत्रपात भएको हुनाले यस उपन्यासको सङ्घर्ष विकासको प्रारम्भिक अवस्थालाई देखाइएको छ। आविष्कार, इच्छा, विद्रोह, क. आकृतिजस्ता व्यक्तिहरूले युद्धको बाटोलाई आत्मसात गर्नु, बाले कार्यकर्ताहरूको संरक्षणका साथै पार्टीको लागि जिम्मेवारीपूर्ण

भूमिका खेल्नु, शारदा, चुनु गुरुङ, पाखिन दाइ, कृष्णसेन इच्छुकजस्ता लडाकुहरू रोल्पाको रोमियो अपरेशनका लागि जानु, थवाङमा छुट्टै जनसरकार र जनअदालतको घोषणा गर्नु, माओवादी युद्धको आगो सल्किदै जानु, शाही सेनाद्वारा शहरका सबै ठाउँहरूको सुरक्षा व्यवस्था कडा पार्नु, कर्फ्यू लगाउनुजस्ता घटनाक्रमलाई यस उपन्यासको सङ्घर्ष विकासको रूपमा प्रस्तुत गरिएको छ ।

**चरमोत्कर्ष**

देशैभरि जनयुद्धको आगो बढ्दै जानु । कार्यालय बालाई शाही सेनाद्वारा गिरफ्तार गरिनु; युद्धमा सहादत प्राप्त गर्ने शहीद, बेपत्ता र घाइतेहरूको सङ्ख्या बढ्दै जानु; लगातार बाइस घण्टासम्म खारामा युद्ध चल्नु; बाले ब्यारेकमा धेरै दुःख र कष्ट सहन पर्नु; बाको रिहाइका लागि आदित्यले विशेष भूमिका खेल्नु, शाही सेनाद्वारा जनयुद्ध दबाउनका लागि विभिन्न प्रकारका प्रयासहरू हुनु, युद्धको मैदानबाट विद्रोहले सहादत प्राप्त गर्नु, बाको गिरफ्तारीपछि आदित्यको परिवारले विभिन्न प्रकारका दुःख र कष्ट सहन पर्नु; कोराकबाट अम्बिका र ताराको गिरफ्तारी हुनु; शाही सेनाले उनीहरूको हत्या गर्नको लागि आदेश दिनु; कोराकमा पहिलोपटक माओवादीले जनसरकारको घोषणा गर्नु, लडाकुहरूको मार्चपास र सलामी कार्यक्रम हुनु; प्रहरीले घेराबन्दी गर्नु; साहसी महिला छापामारहरू सुरुङ मार्फत जेलबाट भागेर जेलमुक्त हुनुजस्ता घटनाक्रमले यस उपन्यासमा आएको सङ्घर्षको चरमोत्कर्षमा पुगेको देखिन्छ ।

**सङ्घर्षह्रास**

मृत्युलाई हत्केलामा राखेर परिवर्तनका लागि आफ्नो जीवन समर्पण गर्ने लडाकुहरूलाई क्यान्टोन्मेन्टमा लैजानु, पार्टीभित्र सत्ताप्रतिको मोह मौलाउनु, अनमिनले युद्ध लडेका योग्य लडाकुहरूलाई अयोग्य ठहऱ्याई प्रमाणपत्र दिनु, दिलशाजस्ता युद्धका छापामारहरू विदेश पलायन हुनु, आमाको आध्यात्मिकतातिरको बाटो, जनताको लागि आफ्नो ऊर्जाशील समय र श्रीमान् गुमाएकी इच्छाले भिक्षु बन्ने बाटो रोज्नु, युद्धसँग कहिल्यै नहारेको आविष्कारले जिन्दगीसँगको युद्ध हारेर आत्महत्याको बाटो रोज्नु, जनयुद्धका शहीद, घाइते, अपाङ्ग, बेपत्ताहरूको वेवास्ता हुनु, आदित्यजस्ता पात्रहरू भयानक मानसिक द्वन्द्वबाट गुज्रँदै लेखनतर्फ लाग्नु, दिलाशाजस्ता युद्धका साहसी लडाकुहरू विदेश पलायन हुनु, क्यान्टोनमेन्टमा लडाकुहरू आफ्नै साथीहरूबाट असुरक्षित हुनु, पार्टी नेतृत्व सत्ता र

पैसामोहमा लाग्नु, नेतृत्वप्रति लडाकुहरूको असन्तुष्टि हुनुजस्ता विषयवस्तु र घटनाक्रमहरूलाई उपन्यासको सङ्घर्षह्रासअन्तर्गत प्रस्तुत गरिएको छ ।

## उपसंहार

सङ्घर्षह्रासको चरण गुज्रिएर उपसंहारको चरणसम्म आइपुग्दा पात्रहरूको सङ्घर्ष टुङ्गिन्छ । युद्ध जितेकाहरूको नै युद्धप्रति घृणा बढ्नु, आविष्कारजस्ता योद्धाले आत्महत्या गर्नु, दिलशा विदेश पलायन हुनु, पार्टीले जनयुद्धका घाइते, शहीद, वेपत्ताको वेवास्ता गर्नु, देव इच्छाको लागि एकोहोरो प्रेममा पर्नु, आमाले आध्यात्मिक बाटो रोज्नु, इच्छाले मोक्षका लागि भिक्षु बन्ने बाटो रोज्नु आदि घटनाक्रमसँगै उपन्यासको अन्त्य हुन पुगेको छ । यसरी उपन्यासमा प्रयुक्त विभिन्न पात्रहरूमध्ये अधिकांशले देशका गरिब, निमुखा, शोषित, पीडित जनताको मुक्तिको लागि आफ्नो प्राणको आहुति दिनसम्म पछि नपर्ने सङ्कल्प गरी युद्धभूमिमा होमिएका थिए । समय र परिस्थितिले उनीहरूलाई अयोग्य ठहऱ्याउन पुग्यो र आफूहरू सक्षम हुँदाहुँदै पनि असक्षमको बिल्ला भिरेर कसैले आत्महत्या गर्ने, कसैले विदेश पलायन हुने त कसैले भिक्षु बन्नुपर्ने बाध्यता सिर्जना हुन पुग्यो भने केही शीर्षस्थ व्यक्तिहरू सत्तास्वार्थमा लिप्त भएर आफू र आफ्ना परिवारलाई मात्र सुविधासम्पन्न जीवन गुजार्न पुगेको तीतो यथार्थ पस्किएर दुःखद अवस्थाको सिर्जना गर्दै उपन्यासको समापन हुन पुगेको छ ।

## सारांश

यस शोधकार्यको चौथो अध्यायमा *मोक्ष* उपन्यासको कथानक संरचना प्रस्तुत गरिएको छ । कथानक संरचनाअन्तर्गत कथावस्तुको आरम्भ अर्थात् चिनारी प्रस्तुत गरिएको छ । यसअन्तर्गत उपन्यासमा प्रयोग भएका पात्रहरू आविष्कार, आदित्य, कार्यालय बा, आमा, शारदा, इच्छा, देव, सलिना, अम्बिकाजस्ता पात्रहरूका सामान्य घटनाक्रमको परिचय दिइएको छ । त्यस्तै सङ्घर्षविकासअन्तर्गत माओवादी जनयुद्धको सूत्रपात, आविष्कार, शारदा, इच्छाको राजनैतिक यात्राका साथै भूमिगत जीवन, कार्यालय बाको गिरफ्तारी, थवाङदेखि खारासम्मको घटनाक्रम, आदित्यले बाको रिहाइका लागि खेलेको भूमिका, शाही सेनाद्वारा चालिएका कदमहरू पस्किएको छ । दिनदिनै दन्किरहेको माओवादी जनयुद्ध, सेनाद्वारा कारागारमा बालाई गरिएको अमानवीय व्यवहार, आदित्यको परिवारले पाएको दुःख, कष्ट, कोराकमा सेनाद्वारा भएको गिरफ्तारी, साहसी छापामारहरूले गरेको गोरखा

जेलब्रेकको प्रसङ्ग, खारामा लगातार बाइस घण्टासम्म चलेको युद्धको प्रसङ्गजस्ता घटनाक्रमहरूलाई यस उपन्यासको चरमअन्तर्गत प्रस्तुत गरिएको छ । जनयुद्धका लडाकुहरू क्यान्टोन्मेन्टमा राख्नु, अनमिनद्वारा योग्य र अयोग्य लडाकुहरू छुट्याइनु, पार्टी नेतृत्व सत्तामोहमा लिप्त भएर जनयुद्धको आधार बिर्सिनु, शारदा, आकृति, विद्रोह आदिको बलिदानी, बाको मूल्याङ्कन नहुनु, आविष्कारले आत्महत्याको बाटो रोज्नु, इच्छाले मोक्ष र मुक्तिका लागि भिक्षु बन्ने बाटो रोज्नु आदि घटनाप्रसङ्गले कथाको उपसंहारतर्फ अग्रसर भएको थाहा हुन्छ । यसअन्तर्गत पात्रहरूले आफ्नो कर्मअनुसारको फल पाएको बारेमा पाँचवटा शीर्षकमा वर्गीकरण गरी कथानकको घटनाक्रमलाई प्रस्तुत गरिएको छ । यसरी युद्ध साहित्यलाई आधार बनाइ लेखिएको यस उपन्यासको कथानकको संरचनागत रूपलाई हेर्दा कृति पठनयोग्य र उत्कृष्ट रहेको देखिन्छ ।

## पाँचौं अध्याय

## *मोक्ष* उपन्यासमा पात्रहरूको शैलीवैज्ञानिक विश्लेषण

प्रस्तुत *मोक्ष* उपन्यासमा उपस्थित पात्रहरूको चरित्रका आधारमा पात्रहरूलाई लिङ्गगत आधारमा, कार्यगत आधारमा, प्रवृत्तिगत आधारमा, स्वभावको आधारमा, जीवनचेतनाको आधारमा, आसन्नताको आधारमा र आबद्धताको आधारमा वर्गीकरण गरिएको पाइन्छ । यस उपन्यासमा प्रमुख, सहायक र गौण गरी तीसभन्दा बढी पात्रहरू देखापरेका छन् । जसलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### प्रमुख पात्र

यस उपन्यसमा आदित्य, आविष्कार, शारदा र इच्छाको वरिपरि उपन्यासको कथानक घुमेको हुनाले यिनीहरूलाई नै प्रमुख पात्रको रूपमा लिन सकिन्छ । यिनीहरूमध्ये मुख्य पात्रहरू निम्नानुसार रहेका छन् :

#### आदित्य

प्रस्तुत उपन्यासको प्रमुख पात्रको रूपमा आदित्यलाई लिन सकिन्छ । उसले म पात्रको प्रतिनिधित्व गरेको छ । उसले देखेका, भोगेका, सुनेका समय, परिवेश र परिस्थितिका कारण उसको केन्द्रिय भूमिका रहेको प्रष्ट हुन्छ । ऊ कार्यको आधारमा प्रमुख र लिङ्गको आधारमा पुरुष पात्र हो । युद्धको मैदानमा होमिएका लडाकुहरूसँग भेटघाट गर्नु, बाको गिरफ्तारीपछि घरको सबै जिम्मेवारी बहन गर्नु, युद्धको मोर्चामा रहेका कमरेडहरूलाई सुरक्षित सेल्टर प्रदान गर्नु, आवश्यक सूचनाहरू प्रवाह गर्नु, बाको रिहाइका लागि ब्यारेकदेखि कारागार हुँदै अदालतसम्म लागिरहनु, आफ्नो रेडियोसँग सम्बन्धित कर्मलाई निरन्तरता दिनु र अरूले लडेको युद्ध तथा आफूले भोगेको परिस्थितिमा कलम चलाउनुजस्ता उपन्यासको कार्यव्यापारबाट प्रभावित भएर स्वभाव परिवर्तन गरी अगाडि बढेको पात्र भएकाले कार्यको आधारमा आदित्य यस उपन्यासको प्रमुख र गतिशील पात्र हो । युद्धको परिवेशमा पनि आफ्नो ज्यानको परवाह नगरी निडर भई कारागारदेखि अदालतसम्मको यात्रा गर्नु, लडाकुहरूको सुरक्षा गर्नुका साथै उनीहरूसँग भेटघाट गरिरहनु, रेडियोमा जनजागरणका कार्याक्रमहरू चलाइरहनु आदि असल चरित्रका रूपमा प्रस्तुत भएको हुँदा ऊ प्रवृत्तिको आधारमा अनुकूल पात्र हो । आदित्यले आफ्नो वरिपरिफा पात्रहरूको बारेमा सधैँ सोचमग्न हुने हुनाले ऊ जीवनचेतनाका आधारमा वर्गीय,

कथानकमा प्रत्यक्ष रूपमा कार्यव्यापार गर्ने हुनाले मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हो ।

**आविष्कार**

प्रस्तुत उपन्यासको अर्को प्रमुख पुरुष पात्र आविष्कार हो । उसले पनि उपन्यासमा केन्द्रिय भूमिका निर्वाह गरेका कारण कार्यका आधारमा प्रमुख पात्र हो । स्कुल पढ्दापढ्दै भर्खर सोह्रसत्र वर्ष लागेको केटो सांस्कृतिक मोर्चाको बाटो हुँदै युद्धमोर्चामा आउनु, शोषित, पीडित वर्गको मुक्ति र अस्तित्वको लागि बन्दुक समाउनु र युद्धको बाटो रोज्नु, पार्टीको सैन्य कारवाहीमा कुशल नेतृत्व निर्वाह गर्नु, आफ्नो ऊर्जाशील समय युद्धमा खर्चिनुजस्ता कार्य गर्नाले ऊ कार्यका आधारमा गतिशील पात्र  हो । शोषित, पीडित र उत्पीडीत जनताको परिवर्तनका लागि आफ्नो ज्यानको बाजी राखेर युद्धको मैदानमा उत्रने; देशको आमूल परिवर्तनका लागि आफ्ना निजी सपनाहरू त्यागेर जनताको मुक्तिलाई नै आफ्नो सपना बनाउने; पार्टी र नेतृत्वको निर्देशनको पालना गरी वर्षौं युद्ध लडेको आफ्ना हतियारहरू कन्टेनरमा बुझाउने अनुशासित छापामारको रूपमा क्यान्टोन्मेन्टमा बस्ने असल चरित्रको रूपमा प्रस्तुत भएकाले ऊ प्रवृत्तिका आधारमा अनुकूल पात्र हो । दलित समुदायमा हुर्केको निम्न वर्गीय उत्पीडनको विद्रोहमा आवाज उठाउन बन्दुक बोकेर हिँडेको आविष्कार जीवनचेताका आधारमा वर्गीय र सामाजिक सम्बन्धको आधारमा निम्न वर्गीय पात्र हो । मुटुलाई स्पात बनाउँदै मुक्तिका लागि लडाइँको मैदानमा उत्रिएको साहसी योद्धाले अयोग्यताको प्रमाणपत्र बुझेपछि विचलित भई आत्महत्याजस्तो कायरतापूर्ण बाटो रोजेको हुनाले प्रवृत्तिको आधारमा ऊ प्रतिकूल पात्र हो । आसन्नताको आधारमा आविष्कार मञ्चीय पात्र हो भने उपन्यासबाट उसको भूमिकालाई झिक्दा उपन्यासको संरचना नै खल्बलिन गई उपन्यास नै अपूर्ण बन्ने हुनाले आबद्धताको आधारमा ऊ बद्ध पात्र हो ।

**शारदा**

शारदा प्रस्तुत उपन्यासमा केन्द्रीय भूमिका निर्वाह गर्ने कार्यका आधारमा प्रमुख र लिङ्गका आधारमा स्त्री पात्र हुन् । व्यक्तिगत स्वार्थ र सपनालाई छाडेर देश र जनताको परिवर्तनका लागि घर छोडेर हिँड्नु; युद्ध, विद्यार्थी र महिलासम्बन्धी तीनवटै मोर्चालाई जिम्मा लिएर पार्टीको जिम्मेवारी पुरा गर्नु; नाच्न, गाउन र भाषण कलामा निपुर्ण हुनु; युवायुवतीहरूको कलिलो मस्तिष्कमा विचार भरेर पूर्णकालीन छापामार बनाउनु,

योद्धाहरूलाई युद्धको स्कुलिङमा निपूर्ण बनाउनु, थवाङको रोमियो अपरेसन होस् वा अन्य युद्धको मैदानमा होस् अग्रपङ्क्तिमा रहेर भूमिका निर्वाह गर्नु; ह्वारह्वार्ती बलेको क्रान्तिको आगोलाई टेकेर मुटुलाई स्पात बनाउँदै, क्रान्तिको गीत गाउँदै हिँड्नु; देश र जनताको लागि बलिदानी प्राप्त गरी शहीद हुनुजस्ता कार्यहरूले गर्दा कार्यको आधारमा मुख्य पात्र र जीवनचेतनाका आधारमा वर्गीय पात्र हुन् । शोषित, पीडित, उत्पीडित र दलनमा परेकाहरूको परिवर्तनका लागि हातमा बन्दुक र काँधमा जिम्मेवारी बोकेर युद्धमा हिँड्ने; विभिन्न मोर्चामा रहेर महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने; युद्धको जित र हारलाई सहजै स्वीकार गरेर कत्ति पनि विचलित नभई पुरानाबाट सिक्दै र नयाँहरूलाई सिकाउँदै अगाडि बढ्ने, सबैको प्रिय, मिजासिलो स्वभावकी प्रखर व्यक्ति र असल चरित्रका रूपमा प्रस्तुत भएकी शारदा प्रवृत्तिको आधारमा अनुकूल पात्र हुन् । हँसिलो अनुहार, मिजासिलो व्यवहार, पढाइमा पनि अब्बल शारदा कक्षाका साथीहरूको प्रिय र शिक्षक तथा शिक्षिकाहरूको पनि प्रिय भएकी हुनाले सामाजिक सम्बन्धको आधारमा मध्यम; उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएर आफ्नो भूमिका निर्वाह गर्ने भएकीले आसन्नताको आधारमा मञ्चीय; उपन्यासबाट उसको भूमिकालाई झिक्दा उपन्यासको संरचना नै खल्बलिन पुग्ने हुनाले आबद्धताको आधारमा बद्ध पात्र हुन् ।

**कार्यालय बा**

प्रस्तुत उपन्यास *मोक्ष*को पात्र कार्यालय बा लिङ्गको आधारमा पुरुष पात्र हो । मुक्तिको लागि माओवादीले सुरु गरेको सशस्त्र द्वन्द्वमा आफ्नो घरलाई नै कार्यकर्ता आउनेजाने ठाउँ बनाई प्रत्यक्ष रूपमा युद्धलाई सहयोग गर्ने कार्यालय बा कार्यको आधारमा सहायक पात्र हो । युद्धको सहयात्री भएको कारण शाही सेनाबाट गिरफ्तारीमा परी ब्यारेक र कारागारसम्मको यातना भोग्न बाध्य बाले यस उपन्यासमा कुनै स्वभाव परिवर्तन गरेको नदेखिएकाले स्वभावको आधारमा स्थिर र जीवनचेतनको आधारमा वर्गीय पात्र हो । समाजको आमूल परिवर्तनको लागि युद्धमा होमिएकाहरूलाई निरन्तर सल्लाह र साथ दिँदै शाही सेनाको गिरफ्तारीमा परी ब्यारेक र कारागारको चरम यातना भोगी सम्पूर्ण जीवन युद्धलाई दिई असल चरित्रको रूपमा देखिएकाले प्रवृत्तिको आधारमा उपन्यासको अनुकूल पात्र हो । उपन्यासमा प्रत्यक्ष संलग्न भएर आफ्नो भूमिका निर्वाह गरेको आधारमा बालाई आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्रको रूपमा उपस्थित भएको देखिन्छ ।

**आमा**

प्रस्तुत उपन्यास *मोक्ष*को पात्र आमालाई लिङ्गका आधारमा स्त्री, कार्यको आधारमा सहायक पात्रको रूपमा प्रस्तुत गरिएको छ । युद्धको सपना देखेर परिवर्तनका लाीग आफ्नो ज्यानको बाजी राखेर हिँड्ने पार्टीका कार्यकताहरूलाई माया, ममता, हेरचाह दिनु, बाको गिरफ्तारीपछि घर र सन्तानको जिम्मेवारी वहन गर्नु; युद्धको जटिल बाटोमा हिँडेकाहरूलाई सान्त्वना दिनु; मुक्ति र मोक्षका लागि अन्तिममा आध्यात्मिक बाटो रोज्नुजस्ता प्रवृत्तिको आधारमा उनी अनुकूल पात्र हुन् । आफ्नोघर, परिवार र आफन्तहरू छोडेर आफ्नो व्यक्तिगत सपनाहरू छोडेर देश र जनताको परिवर्तनका लागि युद्धको मोर्चामा आउने नयाँ तथा पुराना छापामारहरूलाई माया, ममता, स्नेह दिनु; बाको उपस्थितिमा होस् वा अनुपस्थितिमा पनि घर, परिवार र सन्तानको जिम्मेवारी वहन गर्नु; पति विछोडमा रहँदा पनि विचलित नभइकन अगाडि बढ्नु; मनको सुख र जीवनको मोक्षका लागि आध्यात्मिक बाटो रोज्नुजस्ता स्वाभावका आधारमा आमा यस उपन्यासकी गतिशील पात्र हुन् भने जीवनचेतनाको आधारमा वर्गीय;  आसन्नताको आधारमा मञ्चीय र आबद्धताका आधारमा बद्ध पात्र हुन् ।

**देव**

देव प्रस्तुत उपन्यासमा लिङ्गका आधारमा पुरुष पात्र हो । गणित, साहित्य र दर्शनशास्त्रमा अब्बल; प्रत्यक्ष रूपमा युद्धको परिवेश बुझेको; आदित्यको मिल्ने साथी; युद्धमा खासै रुचि नभएको, बहिनीले हिँडेको युद्धको बाटोलाई नराम्रो मान्ने देव कार्यको आधारमा उपन्यासको एक सहायक पात्र  हो । बहिनीले झोला भिरेर यद्धुमा निस्कँदा पनि नरोक्नु; आकृतिको मृत्युले विचलित हुनु; आदित्यसँगको भेटमा लालसेनाहरूको कुरा गर्नु; इच्छाको एकोहोरो प्रेममा पर्नु; इच्छाका हरेक असजिलो अवस्थाहरूमा साथ दिनु; इच्छासँग विवाहको आशा राख्नु; इच्छाले आध्यात्मिक बाटो रोजेपछि देवले युद्धमा प्रवेश गर्नुजस्ता घटनाक्रमहरूले गर्दा देव प्रवृत्तिको आधारमा अनुकूल; स्वभावको आधारमा गतिशील; जीवनचेतनाका आधारमा व्यक्तिगत; आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्र हुन् ।

**इच्छा**

प्रस्तुत उपन्यास *मोक्ष*को पात्र इच्छा लिङ्गको आधारमा स्त्री पात्र हो । कम बोल्ने, सरल र मिजासिलो स्वभावकी, पढ्दापढ्दै युद्धको बाटो रोजेर देश र जनताका लागि युद्धमा

होमिएकी, जनयुद्धमा श्रीमान् गुमाएकी युद्धकी एक अयोग्य लडाकु इच्छा कार्यको आधारमा प्रस्तुत उपन्यासको सहायक पात्र हुन् । पार्टीको सपना नै आफ्नो सपना ठानेर निरन्तर युद्धमोर्चामा अग्रपङ्क्तिमा रहेर काम गर्नु, युद्धकै दौरानमा विद्रोहसँग जनवादी विवाह गर्नु, विद्रोहको शहादतपछि पनि कति विचलित नभई मुटुलाई स्पात बनाउँदै युद्धमा समय र ऊर्जा खर्च गर्नु, अनमिनद्वारा अयोग्य लडाकु बन्नु, जनयुद्धकी एउटी साहसी योद्धा, अयोग्य लडाकु, एक असल आमाको जिम्मेवारी निभाउनुजस्ता कार्यव्यापारअनुसार स्वभाव परिवर्तन गर्दै आफ्नो भूमिका निभाउने उनी स्वभावको आधारमा गतिशील र प्रवृत्तिको आधारमा अनुकूल पात्र हुन् । छातीमा अदम्य साहस बोकेर हिँडेकी एक साहसी योद्धा, युद्ध जितेर पनि अयोग्य बन्नु, अनमिनले अगोग्य ठहऱ्याएपछि मोक्षको लागि सांसारिक जीवन छाडी भिक्षुको बाटो रोजेकी इच्छा उपन्यासमा प्रत्यक्ष रूपमा उपस्थित भएर आफ्नो भूमिका निर्वाह गरेको हुनाले उपन्यासको मञ्चीय पात्र हुन् । शोषित, पीडित र उत्पीडनमा परेको वर्गको वर्गीय मुक्तिका लागि आफ्नो व्यक्तिगत स्वार्थ र सपना छाडेर युद्धमा होमिएकी इच्छा जीवनचेतनाको आधारमा वर्गीय पात्र हुन् भने उपन्यासबाट उनको भूमिकालाई झिक्दा उपन्यासको सार्थकता नै खल्बलिने हुनाले आबद्धताको आधारमा उनी बद्ध पात्र हुन् ।

**सहायक पात्रहरू**

प्रमुख पात्रहरूलाई प्रत्यक्ष रूपमा सहयोग गर्दै कथानकलाई बढाउनका लागि प्रत्यक्ष रूपमा आएर आफ्नो कार्यव्यापार गर्ने कार्यालय बा, आमा, देव, सलिना, अम्बिका आदि सहायक पात्रको रूपमा देखापरेका छन् । उल्लिखित पात्रहरूको सेरोफेरोमा उपन्यासको कथानक घुमेको भए तापनि उनीहरूको कार्यलाई प्रत्यक्ष तथा परोक्ष रूपमा सहयोग गर्ने विभिन्न सहायक पात्रहरू पनि यस उपन्यासमा रहेका छन् । उनीहरूको कार्यले नै प्रमुख पात्रहरूको कार्यव्यापार अगाडि बढेर कथानकले समापनको विन्दुमा पुगेको छ । यस्ता पात्रहरूमध्ये जनयुद्धकी एक साहसी लडाकु हुन् अम्बिका । अम्बिका लिङ्गको आधारमा नारी पात्र हुन् । शारदाको निकै मिल्ने साथी; आँखामा सपना र छातीमा अदम्य साहस बोकेर हिँडेकी योद्धा, तार्किक विचार भएकी स्पष्टवक्ता यिनी कार्यका आधारमा यस उपन्यासकी सहायक पात्र; अनौठो भाषाकला हुनु, निडर र हक्की स्वभावकी, पार्टीको कार्यक्रमबाटै तारा कुमालसँग गिरफ्तारीमा पर्नुजस्ता कार्यलाई हेर्दा प्रवृत्तिका आधारमा यिनी अनुकूल पात्र; जेलभित्रैबाट अदम्य साहसका साथ जेलब्रेक गर्न सफल हुनुले स्वभावका आधारमा गतिशील; जीवनचेतनाको आधारमा वर्गीय पात्र हुन् । उपन्यासमा प्रत्यक्ष

उपस्थित भएर आफ्नो भूमिका निर्वाह गर्ने अम्बिका आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्र हुन् । क्यान्टोन्मेन्टकी अर्को लडाकु दिलाशा लिङ्गको आधारमा स्त्री पात्र हुन् । नवलपरासीको बुलिङटारमाथि सेल्टर बसेको घरमा सेनाको आक्रमणमा श्रीमान मारिनु; श्रीमान्को वियोगमा कत्तिपनि विचलित नहुनु; काखमा रहेको छोरीका लागि असल आमा बन्नुजस्ता स्वभावका आधारमा गतिशील पात्र हुन् । युद्धको लागि श्रीमान, समय र जीवनको ऊर्जा समर्पण गरेकी दिलाशाले पार्टी छोड्नु, सामूहिक भ्रमणमा अष्ट्रेलिया पुगेकी दिलाशा पलायन हुनु, उतै बिहे गर्नुले उनी प्रवृत्तिका आधारमा प्रतिकूल र जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताको आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्र हुन् । कार्यालय बा लिङ्गको आधारमा पुरुष पात्र हो । मुक्तिको लागि माओवादीले थालेको सशस्त्र द्वन्द्वमा आफ्नो घरलाई नै कार्यकर्ता आउने र जाने ठाउँ बनाइ प्रत्यक्ष रूपमा युद्धलाई सहयोग गर्ने बा कार्यको आधारमा उपन्यासको सहायक पात्र हो । युद्धको सहयात्री भएको कारण शाही सेनाबाट गिरफ्तारीमा परी कारागारदेखि जेलसम्मको यातना भोग्न बाध्य बाले यस उपन्यासमा परिवेशअनुसार स्वभाव परिवर्तन गरेको हुँदा स्वभावको आधारमा गतिशील र जीवनचेतनाको आधारमा वर्गीय पात्र हो । समाजको आमूल परिवर्तनका लागि युद्धमा होमिएकाहरूलाई निरन्तर सल्लाह र साथ दिँदै शाही सेनाको गिरफ्तारीमा परी कारागारको चरम यातना भोगी सम्पूर्ण जीवन युद्धप्रति समर्पण गर्ने असल चरित्रमा देखिएकाले प्रवृत्तिको आधारमा अनुकूल पात्र हुन् भने उपन्यासमा प्रत्यक्ष संलग्न भएर आफ्नो भूमिका निर्वाह गरेको आधारमा मञ्चीय पात्रको रूपमा लिइएको छ ।

## गौण पात्रहरू

यस उपन्यासमा प्रस्तुत भएका अन्य पात्रहरूमध्ये कर्णेल र कर्सा‍प पनि उपन्यासमा गौण पात्रका रूपमा उपस्थित भएका छन् । शाही सेनाले सुरु गरेको माओवादी विरुद्धको आक्रमणमा बाको गिरफ्तारीमा संलग्न हुनु, आदित्यसँग माओवादी विरुद्धको सूचना पाउने आशामा विभिन्न भेटघाटमा संलग्न हुनुजस्ता जीवनचेतनाका आधारमा वर्गीय, आसन्नताका आधारमा मञ्चीय र आबद्धताको आधारमा बद्ध पात्र हुन् । यसैगरी *मोक्ष* उपन्यासमा गौण रूपमा आएका पात्रहरूमध्ये पाखिन दाइ, कृष्णसेन इच्छुक, चुनु गुरुङ, टिका, नारायण श्रेष्ठ, इमा, पूर्वमन्त्री पाण्डे, प्रभाकर, क. प्रज्वलजस्ता पात्रहरूको प्रत्यक्ष तथा अप्रत्यक्ष भूमिकाबाट उपन्यासको समापन भएको छ । पात्रहरूलाई विभिन्न वर्गमा वर्गीकरण गरिएर उनीहरूको

कार्यव्यापारलाई उत्कृष्ट ढङ्गले प्रस्तुत गरी उपन्यासकारले आफ्नो कृतिलाई पठनयोग्य बनाउन सफल भएका छन् । उपन्यासमा अवस्थित प्रमुख, सहायक र गौण पात्रको शैलीवैज्ञानिक आधारमा यसरी तालिकीकरण गरेर देखाउन सकिन्छ :

तालिका सङ्ख्या १ : *पात्रहरूको शैलीवैज्ञानिक वर्गीकरण*

| आधार पात्र | लिङ्ग | | कार्य | | | प्रवृति | | स्वभाव | | जीवनचेतना | | आसन्नता | | आबद्धता | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरूष | स्त्री | मुख्य | सहायक | गौण | अनु. | प्रति. | गतिशील | गतिहीन | व्यक्तिगत | वर्गीय | मञ्चीय | नेपथ्य | बद्ध | मुक्त |
| आदित्य | + | | + | | | + | | + | | | + | + | | + | |
| आविष्कार | + | | + | | | | + | + | | | + | + | | + | |
| शारदा | | + | + | | | + | | + | | | + | + | | + | |
| इच्छा | | + | | + | | + | | + | | | + | + | | + | |
| आमा | | + | | + | | + | | + | | | + | + | | + | |
| कार्यालय बा | + | | | + | | + | | | + | | + | + | | + | |
| देव | + | | | + | | + | | + | | | + | + | | + | |
| अम्बिका | | + | | + | | + | | + | | | + | + | | + | |
| दिलासा | | + | | | + | | + | + | | | + | | + | + | |
| कर्णेल | + | | | | + | | + | | + | + | | + | | | + |
| नारायण श्रेष्ठ | + | | | | + | + | | | + | + | | | + | | + |
| रिफा | | + | | | + | + | | | + | + | | + | | + | |

(नोट : उल्लिखित तालिकामा पात्रहरूको सकारात्मक भूमिकालाई (+) चिन्हद्वारा सङ्केत गरिएको छ ।)

## सारांश

यस अध्यायमा *मोक्ष* उपन्यासको पात्रहरूको चरित्र विश्लेषण प्रमुख, सहायक र गौणका आधारमा आधारित रहेर प्रस्तुत गरिनुका साथै चरित्रचित्रणका आधारहरूअन्तर्गत लिङ्ग, कार्य, प्रवृत्ति, जीवनचेतना, आसन्नता र आबद्धताजस्ता पक्षहरूमा आधारित रहेर विश्लेषण गरिएको छ । चरित्र चित्रणका हिसाबले पनि यो उपन्यास सबल देखिन्छ । यस उपन्यासमा धेरै थरीका पात्रहरूको चरित्र रहेको छ । नेपालको दसवर्षे सशस्त्र जनयुद्ध र त्यसले पारेका विविध प्रभावहरूमा आधारित यस उपन्यासमा पात्रहरूलाई तिनीहरूको स्वभाव, प्रवृत्ति, लिङ्ग, कार्य, जीवनचेतना, आसन्नता, आबद्धताका आधारमा विश्लेषण गरिएको छ । यस उपन्यासमा प्रमुख, सहायक र गौण गरी तीसभन्दा बढी पात्रहरू देखापरेका छन् । आविष्कार, शारदा, इच्छा र आदित्यको वरिपरि उपन्यासको कथानक

घुमेको हुनाले यिनीहरूलाई नै प्रमुख पात्रको रूपमा लिन सकिन्छ । यिनीहरूलाई प्रत्यक्ष रूपमा सहयोग गर्दै कथानकलाई बढाउनका लागि प्रत्यक्ष रूपमा आएर आफ्नो कार्यव्यापार गर्ने कार्यालय बा, आमा, देव, सलिना, अम्बिका आदि सहायक पात्रको रूपमा देखापरेका छन् । कथानकमा निश्चित समयको लागि देखा परी निश्चित समयमा नै हराउने भएकाले पाखिन दाइ, कमरेड इच्छुक, चुनु गुरुङ, रिफा, आनन्द, तिलक, सागर, कर्णेल, करसाब, इमा र दिलासा आदि पात्रहरूलाई गौण पात्र हुन् । उपन्यासमा उपस्थित पात्रहरूले उच्च, मध्यम र निम्न गरी तीनै प्रकारका वर्गको प्रतिनिधित्व गरेका छन् । यिनीहरू शिक्षाका आधारमा शिक्षित र अशिक्षित, उमेरका आधारमा केटाकेटी, युवायुवती र बुढापाकाजस्ता विभिन्न वर्गहरूलाई समेटिएको छ । विश्लेषणको क्रममा तालिकासमेत प्रस्तुत गरिएको छ । जसले गर्दा उपन्यासमा प्रयुक्त पात्रहरूको भूमिकालाई विस्तृत रूपमा प्रस्ट्याएको पाइन्छ भने अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरी अध्यायलाई समाप्त गरिएको छ ।

## छैंटौं अध्याय

## शैलीवैज्ञानिक आधारमा *मोक्ष* उपन्यासको भाषिक विश्लेषण

यस अध्यायमा साहित्यकार सिर्जन अविरलद्वारा लिखित *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको प्रस्तुत शोधपत्रको भाषासम्बन्धी अध्ययन गरिएको छ । उपन्यासकारले आफ्नो कृतिलाई उत्कृष्ट बनाउनका लागि केकस्ता शब्दहरूको चयन गर्नुपर्छ भन्ने बारेमा जानकारी राख्नुपर्छ । उपयुक्त शब्द वा वाक्यको छनोट गर्नाले मात्र कृति उत्कृष्ट बन्दछ । कृतिलाई सौन्दर्यात्मक र कलात्मक बनाउनका लागि उखानटुक्का, व्याकरणिक, अर्थतात्त्विक र कोशीय विचलनजस्ता माध्यमहरूको उचित प्रयोग गर्नुपर्दछ । कृतिमा शब्द वा वाक्य अथवा तिनको पुनरावृत्तिले सुन्दरतामा निखारतामा प्रगाढता ल्याउने गर्दछ । यिनीहरूलाई आन्तरिक र बाह्य समानन्तरताको नामले चिनिन्छन् । यस अध्ययनमा *मोक्ष* उपन्यासमा प्रयोग भएका शब्द, वाक्य र तिनको अभिव्यक्तिलाई चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन गरी निम्नानुसार व्याख्या र विश्लेषण गरिएको छ :

### चयन

उपन्यासकार सिर्जन अविरलद्वारा लेखिएको *मोक्ष* उपन्यासमा रहेका शब्द, वाक्य र तिनको अभिव्यक्तिलाई भाषिक चयनका आधारमा केही साक्ष्यहरूलाई उदाहरणका रूपमा निम्नानुसार प्रस्तुत गरिएका छन् :

### तत्सम शब्द चयन

नेपाली भाषामा संस्कृत भाषाबाट रूप परिवर्तन नगरी जस्ताको तस्तै आएका तत्सम् शब्दहरूको विभिन्न स्थानमा प्रयोग भएका छन् । यस्ता केही शब्दहरूलाई उदाहरणहरूमा : उसले झोलाबाट एउटा पुस्तक निकालेर भन्यो, "यो पढ, युद्धको पुस्तक" (पृ. १८) । "अनमिनको स्टिकर टाँसिएपछि हाम्रो अधिकार रहेन हतियारमा" (पृ. ७१) । "अकस्मात् आधार इलाकाभित्रै पस्यो शाही सेना र, पूर्वतयारीका साथ घेराबन्दी गऱ्यो" (पृ. १३९) । "मलाई पनि आश्चर्यमा पारेकी हो उसले । ऊ कसरी आइपुगी यहाँसम्म ?" (पृ. १४०) । "छापामार हुँदा बाईस वर्षकी थिई आकृति" (पृ. २१९) । "गुम्बामा लामा गुरुहरूको मन्त्रसँगै बज्थ्यो घण्टीको आवाज" (पृ. २१४) । प्रस्तुत वाक्यहरूमा संस्कृत भाषाबाट आएको 'पुस्तक', 'अधिकार', 'अकस्मात्', 'आश्चर्य', 'वर्ष' र 'गुरु' शब्दलाई कुनै

रूप परिवर्तन नगरी प्रयोग गरिएको छ । यस्ता तत्सम शब्दहरूको प्रयोगले उपन्यासको भाषिक संरचनालाई अब्बल बनाएको छ ।

### तद्भव शब्द चयन

नेपाली भाषामा संस्कृत भाषाबाट रूप परिवर्तन भएर आएका तद्भव शब्दहरूको विभिन्न स्थानमा प्रयोग भएका छन् । यस्ता केही शब्दहरूलाई उदाहरणहरूमा : "क्यान्टोन्मेन्टबाट निस्किएको दिन म हिँड्दै थिएँ तर थाहा थिएन म उकालो हिँड्दै छु कि ओरालो ?" (पृ. ११) । "बिहान उठ्दा घाम परिसकेको थियो झ्यालबाट (पृ. १८) । काखमै थियो दूधे बालक" (पृ. ५०) । "अक्करे भीर र खोँचमा पनि लुकियो" (पृ. ५६) । "मनको संवाद अचानक फुत्कियो मुखबाट" (पृ. ९५) । "वर्गीय आँखाले हेरियो सबै खाले सम्बन्धलाई" (पृ. १२३) आदि । यी वाक्यहरूमा उकालो, ओरालो, घाम, दूधे, खोँच, मुख र आँखाजस्ता शब्दहरू संस्कृतबाट रूप परिवर्तन भई आएका शब्दहरू हुन् । यस्तै अरू पनि तद्भव शब्दहरूको प्रयोगले उपन्यास उत्कृष्ट बन्न पुगेको छ ।

### आगन्तुक शब्द चयन

प्रस्तुत *मोक्ष* उपन्यासमा संस्कृत स्रोतभन्दा बाहिरका अन्य भाषाबाट नेपालीमा आई प्रयोग भएका शब्दहरू प्रयोग भएका छन् । यस्ता केही आगन्तुक शब्दहरूलाई उदाहरणमा : "ऊसँग अझै सुरक्षित थियो त्यो फोटो" (पृ. ८)" । "अँध्यारै अँध्यारोमा हुन्थे यिनीहरू जुनकिरीजस्तो टर्च बालेर" (पृ. १५) । "अबको केही बेरमा कर्फ्यु लाग्छ सडकमा" (पृ. ५१) । "मैले उसको हातमा कार्ड थमाएँ रेडियोको" (पृ. ५२) । "भारी मात्रामा हतियारहरू कब्जा गरेर रिट्रिट भयो यो बटालियन" (पृ. ८४) । "थकित यात्रीहरूको बिसौनीजस्तो बन्यो क्यान्टोन्मेन्ट" (पृ. ८५) । "बेलाबेलामा फोन गरेर सोध्थिन् - कार्यक्रम लाइभ चल्दैछ कि रेकर्डेड, सर ?" (पृ. १३३) । "भऱ्याङबाट तल झर्दै गरेको सैनिक अफिसर अचानक तेस्रो तलामा देखियो" (पृ. १७१) । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका आगन्तुक शब्दका केही उदाहरणहरू मात्र हुन् । यस्तै अन्य आगन्तुक शब्दहरूको प्रयोगले उपन्यासमा रोचकता थपेको पाउन सकिन्छ ।

### झर्रा तथा अनुकरणात्मक शब्द चयन

प्रस्तुत *मोक्ष* उपन्यासमा प्रशस्त मात्रामा झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । तीमध्ये केही उदाहरणहरूमा : "झलमल तार र जुन, ल्याउनुपर्छ सुनौलो त्यो दिन..." (पृ. ४२) । "सुलुलु आएर रोकियो एउटा निजी कार" (पृ. ५२) । "बाहिर पानी परिरहेको छ झमझम" (पृ. ८०) । "स्मृतिको पुरानो समय आउँथ्यो झनझन प्रिय भएर" (पृ. ८२) । "सुरक्षा बिदाइका लागि तल्लो गौँडोसम्म आई" (पृ. ११०) । "टुक्रुक्क बसेको थियो पिँढीको डिलमा" (पृ. १४७) । "अगौटे धान थन्क्याउन चटारो थियो किसानलाई" (पृ. १४८) । "बा'को गिरफ्तारीपछि झन् अरू, आस्तिक भएर देखिनुभो आमा" (पृ. १४९) । यी झलमल, सुलुलु, झमझम, झनझन, टुक्रुक्क आदि अनुकरणात्मक शब्द तथा अगौटे, चटारो, बा'को जस्ता झर्रा शब्दहरूका केही उदाहरणहरू हुन् । कृतिमा यस्तै अन्य झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रयोगले भाषिक सौन्दर्यता बढाएको छ ।

### नामपदको चयन

प्रस्तुत *मोक्ष* उपन्यासमा प्रयुक्त नामपदका केही उदाहरणहरूमा : "गहिरो निद्राबाट ब्युँझियो आविष्कार" (पृ. ५) । "समयको सम्बोधनमा नपरेकाहरू नै हुन् भीडमा हराउने पनि" (पृ. १९) । "बोल्दा बीचबीचमा भावुक हुन्थ्यो र बिगार्थ्यो अनुहार" (पृ. २१) । "तलब र भत्ता दिएर योद्धाहरूको विचार मार्दै लगियो क्यान्टोन्मेन्टमा" (पृ. २१) । "जिल्लाबाट आएका नेताले एक साँझ आमालाई सुनाए" (पृ. १४९) । माथिका वाक्यहरूमा रेखाङ्कित शब्द आविष्कार व्यक्तिवाचक नाम, आमा जातिवाचक नाम, भीड समूहवाचक नाम, भावुक भाववाचक नाम र तलब र भत्ता द्रव्यवाचक नामका रूपमा *मोक्ष* उपन्यासमा प्रयोग भएका नामपदको केही उदाहरणहरू मात्र हुन् । यस्ता नामहरू उपन्यासमा प्रशस्त मात्रामा प्रयोग भएका पाइन्छन् ।

### सर्वनामको चयन

वाक्यमा बारम्बार हुने पुनरावृत्तिले खल्लोपन ल्याउने भएकाले वाक्यमा मिठास र आकर्षक बनाउनका लागि सर्वनामको प्रस्तुत गरिने भएकाले *मोक्ष* उपन्यासमा पनि विभिन्न सर्वनाम शब्दको प्रयोग गरिएको पाइन्छ । त्यसका केही उदाहरणहरूमा : "म यहाँ आएपछि न्यानोपनको महसुस गर्छु आदित्य, ऊ निकै भावुक देखियो" (पृ. ९) । "आविष्कारले यो कुरा

सुनाइरहँदा धेरैपटक भावुक भयो ऊ" (पृ. ६८)। "केही दिनपछि देवले भन्यो, तिम्रो कार्यक्रमको रेकर्ड सुन्छौ ?"(पृ. १०१)। "जुन किनारामा थियौँ त्यही किनारामा आइपुग्यौँ आज" (पृ. १०३)। "ऊ गणितको शिक्षक हो भन्नेमा शङ्का हुन्थ्यो जोकोहीलाई" (पृ. १४२)। "यसको जरा कहाँसम्म र कसरी फैलिएको छ के थाहा यिनीहरूलाई" (पृ. १७२)। "सम्झनाको बाडुल्की मात्र बोकेर आउँछ झरीमय यो साँझ" (पृ. १७८)। "चिया पिउने मन छ रे तिमीसँग एकपटक" (पृ. १९९)। यहाँ दिइएका रेखाङ्कित म, ऊ, तिमी, यिनीहरू व्यक्तिवाचक सर्वनाम हुन् भने जुन, जो सम्बन्धवाचक सर्वनाम हुन् त्यस्तै यो सामान्य दर्शक सर्वनाम हुन्। यस्ता सर्वनाम शब्दको प्रयोगले उपन्यासको भाषालाई कलात्मकता प्रदान गरेका छन्।

**विशेषणपदको चयन**

कुनै व्यक्ति, वस्तु वा स्थानको विशेषता, गुण, दोष, अवस्था, मात्रा आदि बुझाउन प्रयोग गरिने विशेषणपदको *मोक्ष* उपन्यासमा विभिन्न स्थानमा समुचित रूपले उपन्यासकारले प्रयोग गरेका छन्। तिनीहरूका केही उदाहरणहरूमा : "दुईतीनपटक झिमझिम पाऱ्यो परेला" (पृ. १९), "आमाले स्वर चिन्नु भएन क्यार, अल्मलिनु भो थोरै" (पृ. २४)। "आज सबैभन्दापछि खाना खाँदैहुनुहुन्थ्यो बा" (पृ. २७)। "सहर र गाउँघरमा ठूलो हल्लाको विषय भो 'रेडियो जनगणतन्त्र'। कारागारभित्र बज्न थाल्यो यही रेडियो" (पृ. १०५)। "भेरी नदी सुसाउँदा मत हाम्रो तातो भयो" (पृ. १०५)। "हजार तारा अस्ताउँदा पूर्व क्षितिज रातो भयो" (पृ. १०५)। "हेर्दा सोझो लाग्ने निकै चतुर छ यो" (पृ. १९१)। "निकै चर्को थियो उसको आवाज" (पृ. २२४)। माथिका वाक्यहरूमा रेखाङ्कित दुईतीनपटक, ठूलो, थोरै, तातो, रातो, सोझो, चतुर, चर्कोजस्ता शब्दहरू विशेषणका रूपमा प्रयोग गरिएका शब्दहरू हुन्। वाक्यमा प्रयोग भएका ठूलो, तातो, रातो, सोझो, चर्को, चतुर गुणबोधक विशेषण, दुईतीनपटक सङ्ख्याबोधक विशेषण, थोरै परिणामबोधक विशेषण र सबैभन्दापछि तुलनात्मक विशेषणका उदाहरणहरू हुन्। यस्ता विषेषणहरू उपन्यासमा प्रशस्त प्रयोग भएका देखिन्छन्। यस्ता विशेषणहरूको प्रयोगले उपन्यास सरल र पठनयोग्य बनेको देखिन्छ।

**क्रियापदको चयन**

कुनै पनि व्यक्तिले गरेको कार्यव्यापारलाई जनाउने क्रियापद शब्दहरूको प्रयोग प्रस्तुत *मोक्ष* उपन्यासमा व्यापक प्रयोग भएको देखिन्छ । क्रियापदका केही उदाहरणहरूमा : "रिफाले धकेल्दिएकी थिई, एउटा धमिलो विगततिर । उसकै प्रश्नले पुगेको थिएँ त्यो अनन्त सोचाइमा" (पृ.१४) । आमाले भन्नुभएको सम्भिँदा इच्छाको जीवन झन कठिन छ अब । दिलशाको जस्तो हुँदैन सबैको भाग्य" (पृ. १५३) । "आविष्कार ! उसले सुस्तरी बोल्यो" (पृ. १५०) । "परिचय गराउँदै भनें, के आकृतिको दाइ" (पृ. २१८) । "हाँसिरहेको थियो लिपिएको आँगनबाट बढारिएको चोकसम्म पुग्ने बाटो" (पृ. २१९) । "थिएन छापामारको नाममा आएको करोडौंको हिसाब खोज्ने कुनै निकाय" (पृ. २२५) । "निकै बरेपछि सुस्तरी बोल्नुभो - यो दुःखालयमा जति उफ्रिए पनि खस्ने हो - उही दुःखको तलाउमा" (पृ. २२९) । माथिका रेखाङ्कित शब्दहरूमा थिई शब्द अर्थप्राधन्य क्रिया; पुगेको थिएँ, हाँसिरहेको थियो, बढारिएको, खोज्ने कर्मकता क्रिया; सम्भिँदा, बोल्यो, बोल्नुभो आदि समापकता क्रियाअन्तर्गत *मोक्ष* उपन्यासमा प्रयोग भएका छन् । यस्ता क्रियापद उपन्यासमा प्रयोग भएकाका केही उदाहरणहरूमात्र हुन् । यस्ता क्रियापदहरू उपन्यासमा प्रशस्त मात्रामा भेटिन्छन् ।

**क्रियाविशेषण पदको चयन**

प्रस्तुत *मोक्ष* उपन्यासमा प्रशस्त मात्रामा क्रियायोगी शब्दको प्रयोग गरिएको छ । तीमध्ये केहीलाई उदाहरणहरू : "जनताको घरसम्म पुगेका हुन्थे, नदीको किनारैकिनार हिँडेर लामोबाटो" (पृ. १५) । "बिहान उठ्दा घाम परिसकेको थियो झ्यालबाट" (पृ. १८) । "उसले धेरैपल्ट घाम निल्ने डाँडातिर हेरी, यही चौतारीमा उभिएर" (पृ. ९१) । "कुरै नबुझी घर र बाआमालाई छोड्न नहुने यसरी" (पृ. १५४) । "झ्याङबाट तल झर्दै गरेको सैनिक अफिसर अचानक तेस्रो तलामा देखियो" (पृ. १७१) । माथिका शब्दहरूमा रेखाङ्कित शब्दहरू धेरै परिणामवाचक, बिहान समयवाचक, तल स्थानवाचक, यसरी रीतिवाचक, हिँडेर क्रियन्तरवाचक क्रियाविशेषणका रूपमा उपन्यासमा प्रयोग भएका क्रियायोगी वा क्रियाविशेषण शब्दका केही उदाहरणहरू मात्र हुन् । यस्ता अन्य धेरै क्रियाविशेषणको प्रयोगले उपन्यासमा मिठास ल्याएको छ ।

## नामयोगी शब्द चयन

प्रस्तुत *मोक्ष* उपन्यासमा प्रयोग गरिएका नामयोगी शब्द प्रायः नामपदका पछाडि र कहिलेकाहीँ सर्वनाम, विशेषण र अव्ययका पछाडि आउने र वाक्यलाई पठनयोग्य बनाउन सहयोगी हुन्छन् । यस्ता नामयोगी शब्दका केही उदाहरणहरू : "अनुहार छोपेको कपाल हल्का मिलाएर झ्यालबाहिर हेऱ्यो" (पृ. ५) । "युद्ध नै प्रेम र प्रेम नै युद्ध हो लडाकुहरूको लागि" (पृ. ७) । "हरेक साँझ पृथ्वीको गर्भमा हराउने सूर्यजस्तै कतै हराएका थिए यिनीहरू" (पृ. १२) । "आमाले मसिनो स्वरमा भन्नुभयो, कुनै खबर थाहा छैन सेनाले लगेपछि त !" (पृ. २३) । "भित्रैदेखि रिस उठ्यो उसलाई, हतियार बुझाउ भन्न आएका नेताहरूसँग" (पृ. ६९) । "सबैतिर सैनिक छन् ओल्लो बाटोदेखि पल्लो बाटोसम्म" (पृ. १२१) । "म उकालो लाग्दै गएँ भरतपुरतिर । वीरेन्द्र क्याम्पस चोकमा पुगेर फर्किएँ पश्चिमपट्टि" (पृ. १२७) । "लाग्थ्यो जिन्दगीको किनाराबाट भाग्दाभाग्दै बाँचेका हौँ हामी" (पृ. १८४), "अलगअलग देखेँ पर्दाअगाडि र पछाडिका मानिस" (पृ. २२२) जस्ता रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग भएका नामयोगी शब्द चयनका केही उदाहरणहरू मात्र हुन् । यी वाक्यहरूमा प्रयोग भएका बाहिर स्थानवाचक; पछि समयवाचक; जस्तै रीतिवाचक; लागि हेतुवाचक; पट्टि, तिर, बाट, अगाडि, पछाडि दिशावाचक; देखि, सम्म अवधिवाचक नामयागी हुन् । उपन्यासमा यस्ता अनेकौँ धेरै नामयोगी शब्दहरूको प्रयोगले उपन्यास उत्कृष्ट बनेको छ ।

## निपातको चयन

*मोक्ष* उपन्यासमा पनि आफ्नो स्वतन्त्र अर्थ नभएका तर प्रयोग हुँदा प्रतिक्रिया, निश्चय, अनुनय, सहमति, स्वीकृति, सम्बोधन आदि भाव बुझाउने निपात शब्दको प्रयोग व्यापक रूपमा भएको पाइन्छ । यस्ता निपात प्रयोगका केही उदाहरणहरू : "मैले भनेँ, खबर त आइरहन्छ तर अब आउँदैनन् छापामारहरू" (पृ. २३) । "सबै ठिकठाक नै छ उता । चिन्ता लिनुपर्ने केही छैन त्यस्तो" (पृ. ४८) । केही मिनेटपछि कार्ड फर्काउँदै भन्यो, "तुरुन्तै जाने आदेश छ, ब्यारेकअगाडि उभिँदा खत्रा हुन्छ रे" (पृ. ५३) । "जीवन भनेको यही गीत - सङ्गीत त हो नि आदित्य" (पृ. १७८) । "कति कुराहरू अड्किएका छन्, धिपधिपे सम्झनामा । र, कति गाढा भएर स्मृतिको गहिराइमा" (पृ. १८९) । "बा कारागारमा हुँदा सोच आउँथ्यो बारम्बार - अब घर चल्छ कि चल्दैन ?" (पृ. २२८) । दिइएका रेखाङ्कित

शब्दहरू उपन्यासमा प्रयोग भएका निपात शब्द चयनका केही उदाहरणहरू मात्र हुन् । यस्ता धेरै निपातको प्रयोग उपन्यासमा भएको पाइन्छ । यस्ता निपातले उपन्यासको भाषाशैलीमा मिठास थपेको देखिन्छ ।

**संयोजक शब्द चयन**

प्रस्तुत *मोक्ष* उपन्यासमा दुई वा दुईभन्दा बढी अव्यय वा वाक्यलाई जोड्ने संयोजकहरूको प्रयोग भएको पाइन्छ । यस्ता केही संयोजक शब्दका उदाहरणहरू : "आकाशबाट ताराहरू नखस्दै र रुखका हाँगाबाट चराहरूले बिहान नडाक्दै उहिलेउहिले छापामारहरू आउने समयमैं ऊ आएको थियो" (पृ. ५) । यस वाक्यमा कारणवाचक 'र' संयोजक शब्दको प्रयोग भएको छ । "पछिल्लो एकदुईपटक देव पनि मसँगै पुगेको छ कारागार" (पृ. ४६) । यस वाक्यमा समुच्चयवाचक संयोजक शब्द 'पनि' को प्रयोग भएको छ । "सैनिक गयो र गए सैनिकका गाडीहरू तर मनको डर गएन" (पृ. १७२) । यस वाक्यमा कारणवाचक 'र' र विशेषवाचक 'तर' को प्रयोग भएका छन् । "त्यसपछि किन उनले फोन राखे थाहा भएन ?" (पृ. १७२) । यस वाक्यमा कारणवाचक 'किन' संयोजक शब्दको प्रयोग भएको पाइन्छ । "हिँडेर थाकेको लामो बाटोप्रति पनि गुनासो छैन कुनै (पृ. २१६) । यस वाक्यमा समुच्चयवाचक संयोजक 'पनि' को प्रयोग भएको छ । रेखाङ्कित संयोजक शब्दहरू उपन्यासमा रहेका केही उदाहरण मात्र हुन् । उपन्यासमा यस्ता प्रशस्त संयोजक शब्दको प्रयोग भएका छन् ।

**विस्मयादिबोधक शब्द चयन**

प्रस्तुत *मोक्ष* उपन्यासमा मनका भाव, दशा, वृत्ति, संवेदना आदि बुझाउने शब्दहरूको प्रयोगलाई उदाहरणमा : रोकिएर बोलेको थियो, "लय हराएर केही जित्न सकिँदैन आदित्य ! न त युद्ध, न त जिन्दगीको सपना !" (पृ. १०) । "रिसिभर उठाएर बोल्नुभो आमा, 'हजुर !" (पृ. २४) । आमाले मधुरो स्वरमा भन्नुभो, "फर्केर आओ क्यारे !" (पृ. ३१), "धन्यवाद छ सर !" (पृ.१३३) । "छोड्न नहुने पढाइ । कुरै नबुझी घर र बाआमालाई छोड्न नहुने यसरी !" (पृ. १५४) । "ओहो ! यो समय त हामी रेडियो सुन्दै सेन्ट्री बस्ने समय हो; सुन्छु अब" (पृ. १५६) । रेखाङ्कित शब्दहरू उपन्यासमा प्रयोग गरिएका विस्मयादिबोधक शब्दका केही उदाहरणहरू मात्र हुन् । यस्तै धेरै विस्मयाधिबोधक चिन्हको प्रयोगले कृतिलाई रोचक बनाउनुका साथै कृतिको रौनक बढाएको पाउन सकिन्छ ।

**वाक्य चयन**

*मोक्ष* उपन्यासमा समाविष्ट वाक्यलाई सरल वाक्य, संयुक्त वाक्य र मिश्र वाक्यको प्रयोग आदिका आधारमा निम्नानुसार क्रमशः विश्लेषण गरिएको छ :

**सरल वाक्य :** *मोक्ष* उपन्यासमा समावेश गरिएका केही सरल वाक्यका उदाहरणहरू निम्नानुसार प्रस्तुत गरिएको छ : "तर ऊ केही बोलेन" (पृ. ६) । "ऊ निकै भावुक देखियो" (पृ. ९) । "प्रिय थवाङ !" (पृ. ४१) । "आफ्नो कुरा गरेन उसले'' (पृ. ९९) । "आँखैमा राख्छु मेरो देश" (पृ. १४९) । "ऊ हाँसेन" (पृ. १६९) । "आएन कुनै जवाफ" (पृ. २०३) । उल्लिखित वाक्यहरू *मोक्ष* उपन्यासमा प्रयोग भएका केही सरल वाक्यका उदाहरणहरू मात्र हुन् । उपन्यासमा यस्ता सरल वाक्यहरू प्रशस्त मात्रामा प्रयोग भएका पाइन्छन् । यस्ता वाक्यहरूमा एउटा मात्र कर्ता र एउटा मात्र क्रियापदको प्रयोग भएको देखिन्छ ।

**संयुक्त वाक्य :** *मोक्ष* उपन्यासमा संयुक्त वाक्यहरूको प्रयोग व्यापक रूपमा भएको देखिन्छ । यस्ता केही संयुक्त वाक्यका उदाहरणहरू : "डण्डीफोरले बिग्रिएको अनुहार अनि पहाड, जङ्गल र खोँचहरूमा छोडेर आएको सुरिलो आवाज" (पृ. ५) । "गिरफ्तार गर्थ्यो गाउँलेहरूलाई र बनाउँथ्यो बेपत्ता" (पृ. १३) । "जितोस्, उसको लडाकुले र फर्कोस्, विजयको माला पहिरिएर" (पृ. ८२) । "आफ्नो अस्तित्व खोज्न हिँडेको हुँ, यो राज्यको मूलधारमा ?" (पृ. १०३) । "केही कठोर त बनाएकै हो, आफैँसँग र समयसँग पनि" (पृ. १९३) । उल्लिखित वाक्यहरू यस उपन्यासमा प्रयोग भएका केही संयुक्त वाक्यका उदाहरणहरू हुन् । यी उदाहरणमा आएका वाक्यहरूमा एउटा मुख्य उपवाक्य र अर्को एउटा आश्रित उपवाक्यको प्रयोग भएको देखिन्छन् । जस्तै : जितोस्, उसको लडाकुले (मुख्य उपवाक्य) र फर्कोस्, विजयको माला पहिरिएर (आश्रित उपवाक्य) । यस्तै विभिन्न लेख्य चिन्हहरूको प्रयोग समेत यस्ता वाक्यमा भएको पाइन्छ ।

**मिश्र वाक्य चयन :** *मोक्ष* उपन्यासमा सरल र संयुक्त वाक्यका अतिरिक्त मिश्र वाक्यहरूको प्रयोग पनि भएको पाइन्छ । यस्तो केही उदाहरणहरू : आविष्कार यही समयमा बोल्यो गम्भीर भएर, "लय गुमाएर तारमा अड्किएको चङ्गाजस्तै हो, हाम्रो युद्ध" (पृ.१०) । "क्यान्टोनमोन्टबाट निस्किएको दिन म हिँड्दै त थिएँ तर

थाहा थिएन उकालो हिँड्दै छु कि ओरालो ?" (पृ. ११) । "म आफ्नै योद्धा साथीहरूको आँखामा खोजिरहेको हुन्थेँ चिनियाँ क्रान्तिका पात्रहरू, जसलाई मैले पढेको थिएँ पुस्तकहरूमा" (पृ. १५) । "जब जातीय कुरामा गम्भीर बहस चल्छ तब भिकिन्छ वर्ग सङ्घर्ष र विचारको कुरा" (पृ. ३२) । "संसारको सबै दु:ख यही आएर रोकिएजस्तो । अनि डरलाग्दो हुरी पनि यहाँ आएर भुमरी परेजस्तो" (पृ. ५८) । "यही विषयमा कुरा गर्न आज हामीसँग हुनुहुन्छ - चालीसको सङ्ख्यामा माओवादी पूर्वलडाकुहरू, त्यत्तिकै सङ्ख्यामा विभिन्न पार्टीका नेता तथा कार्यकर्ता" (पृ. ८७) । "आदित्य, मानिसको नेचर, कल्चर र सिग्नेचर कहिल्यै परिवर्तन नहुने कुरा हो" (पृ. १७४) । ऊ त्यस दिन निकै भावुक भई, "सपना गुमाएकी छु मैले । र, हराएकी छु हिँड्ने बाटो" (पृ. १९३) उल्लिखित वाक्यहरू यस उपन्यासमा प्रयोग भएका केही मिश्र वाक्यका उदाहरणहरू मात्र हुन् । यस्ता वाक्यको प्रयोगले उपन्यासमा भाषिक मिठास ल्याएको पाइन्छ । यस्ता मिश्र वाक्यहरू उपन्यासमा प्रशस्त प्रयोग भएका पाइन्छन् । माथिका उदाहरणहरूमा सरल वाक्यका साथमा अर्को उपवाक्य जोडिएको देखिन्छ । यस्ता वाक्यहरूमा विभिन्न लेख्य चिन्ह तथा योजक, संयोजकहरूको समेत प्रयोग भएको पाइन्छ । जस्तै : माथिका उदाहरणहरूमा सरल वाक्यका साथमा अर्को उपवाक्य तथा विभिन्न लेख्य चिन्हहरूको प्रयोग भएर मात्र वाक्यले पूर्णता पाएको देखिन्छ ।

### टुक्काको चयन

*मोक्ष* शीर्षकको उपन्यासमा खासै टुक्काहरूको प्रयोग भएको पाइँदैन । टुक्काका केही उदाहरणहरू : "सिमलको भुवाजस्तै उड्ने" (पृ. ५७) । "के थाहा जिन्दगी आज हो कि भोलि ?" (पृ. ८२) । यस्ता टुक्काले उपन्यासको भाषिक संरचनामा मिठास थपेको छ भने उपन्यासमा उखानको प्रयोग भएको पाइँदैन ।

## विचलन

*मोक्ष* उपन्यासमा प्रयोग भएका विचलनलाई निम्नानुसार प्रस्तुत गरिएको छ :

### कोशीय विचलन

*मोक्ष* उपन्यासमा प्रयोग भएका केही कोशीय विचलनका उदाहरणहरूमा : "दोस्रो वर्षमैं <u>निल्यो</u> युद्धले उसलाई" (पृ. १९) । यस वाक्यमा निल्नुको अर्थ खान हुन्छ तर मृत्यु

हुनुसँग जोडिएको छ, जसले कोशीय विचलन भएको देखिन्छ । “हाँसिरहेको थियो लिपिएको आँगनबाट बढारिएको चोकसम्म पुग्ने बाटो” (पृ. २१९) । यस वाक्यमा हाँसिरहनुको कोशीय अर्थ खुसी हुनु भन्ने हुन्छ तर उपन्यासमा घर, आँगन र चोक उज्यालो हुनुसँग दाँजिएको छ, जसका कारण यस शब्दमा पनि कोशीय विचलन भएको छ । “सल्किरहेको आगो थियो त्यो अनुहारमा” (पृ. २२३) । यस वाक्यमा आगोको कोशीय अर्थ बलेको तातो आगो भन्ने हुन्छ तर यहाँ अनुहारमा चर्को रिसको भाव देखिने प्रसङ्गसँग दाँजिएको छ, जसले गर्दा यहाँ कोशीय विचलन भएको देखिन्छ । यस्ता अन्य कोशीय विचलनको प्रयोगले कृतिमा सौन्दर्यता बढाएका छन् ।

**व्याकरणिक विचलन**

*मोक्ष* उपन्यासमा प्रयोग भएका केही व्याकरणिक विचलनका उदाहरणहरू : “युद्ध पटक्कै मन पर्दैन आमालाई” (पृ. २५) । यस वाक्यमा कर्ता पहिला नआएर अन्तिममा आएर व्याकरणिक विचलन भएको देखिन्छ । “सम्झनाको गल्छेडामा हुरी भएर आए यी धेरै कुरा” (पृ. ९) । यस वाक्यमा आएपछि अल्पविराम चिन्हको प्रयोग हुनुपर्नेमा नभएकोले व्याकरणिक विचलन भएको देखिन्छ । “नजिकैको भट्टीबाट ठोक्कियो रक्सीको तीखो गन्ध” (पृ. ९१) । यस वाक्यमा भट्टीबाट आएको हुनुपर्नेमा नभएकाले व्याकरणिक विचलन भएको देखिन्छ । “यतिधेरै नरमाओ फेरि घेर्न आउँछ दुःख भन्नेहरू पनि भेटिन्थे गाउँमा” (पृ. ९७) । यो वाक्यमा पनि व्याकरणिक विचलन भएको देखिन्छ । “ज्ञानी बालिकाझैं आनी पेमालाई चुपचाप सुनिरही इच्छा” (पृ. २१३) । यस वाक्यमा आनी इच्छाको कुरा ज्ञानी बालीकाझैं पेमाले सुनिरही हुनुपर्नेमा अन्य भएकाले व्याकरणिक विचलन भएको देखिन्छ । “अहिले ठूलो परिवर्तन थियो समयमा” (पृ. २२३) । यस वाक्यमा आएको थियो समयमा हुनुपर्नेमा नभएकाले व्याकरणिक विचलन आएको देखिन्छ । यस उपन्यासमा यस्ता अन्य थुप्रै उदाहरणहरू रहेका देखिन्छन् ।

**ध्वनिप्रक्रियात्मक विचलन**

प्रस्तुत उपन्यासमा प्रयोग भएका केही ध्वनिप्रक्रियात्मक विचलनका केही उदाहरणहरूमा : “यतिधेरै नरमाओ फेरि घेर्न आउँछ दुःख भन्नेहरू पनि भेटिन्थे गाउँमा” (पृ. ९७) । यस वाक्यमा नरमाउनु भन्ने वाक्यलाई नरमाओ भनेकाले ध्वनिप्रक्रियात्मक विचलन भएको देखिन्छ । “नन्दे सीसी क्यामेराको पनि बाबु होस् तँ” (पृ. १९१) । यस

वाक्यमा बुवा हुनु पर्नेमा बाबु शब्दको प्रयोग भएको देखिन्छ । यसरी यसरी लेखाइमा अर्थ उही आए पनि फरक उच्चारण आएका कारण ध्वनि प्रक्रियात्मक विचलन भएको देखिन्छ । यस्ता अन्य ध्वनिप्रक्रियात्मक विचलनको प्रयोगले कृतिको भाषिक उच्चारणलाई सहज बनाउनुका साथै पाठकलाई श्रुतिमधुरता थपिदिएको छ ।

**लेख्य प्रक्रियात्मक विचलन**

कुनै पनि लेखक वा स्रष्टाले कृतिमा लेखन प्रक्रियामा विचलन गरी आफ्नै तरिकाले कृतिलाई पूर्णता दिने गर्दछन् । यसरी लेखन कार्य गर्दा लेखकले लेखन प्रक्रियालाई विचलन गरेर आफ्नै ढाँचाको प्रयोग गर्दछन् । यस *मोक्ष* उपन्यासमा पनि लेखकले विभिन्न स्थानमा लेख्य प्रक्रियाको व्यवस्थापनलाई बिगारेर लेखेको देखिन्छ, तर यस उपन्यासका स्रष्टाले यस्तो कार्य नगरेको पाइन्छ ।

**अर्थतात्त्विक विचलन**

साहित्यकारले कृतिरचनाको सन्दर्भमा अर्थगत दृष्टिले विचलन ल्याई अर्थतात्विक विचलन गर्ने गर्दछन् । यसले लेखकले कुनै पनि वाक्यमा आफ्नोपन ढालेको देखिन्छ । *मोक्ष* उपन्यासमा प्रयोग भएका केही अर्थतात्त्विक विचलनका केही उदाहरणहरूमा : "भुइँचालोले लडाएको रुख र समयले पल्टाएको मान्छे, उठ्नै नसक्ने गरी लड्दोरहेछ" (पृ. १८) । यस वाक्यमा भुइँचालोको कारणले लडेको रुखसँग असफल भएको वा समयसँग हारेको मान्छेको तुलना गरेर मानवको प्रकृतिकरण गरेकोले यस वाक्यमा अर्थतात्त्विक विचलन भएको प्रष्ट हुन्छ । "त्यो दिन घाम लागेर पनि उज्यालो पोखिएन आँगनमा"
(पृ. २३) । यस वाक्यमा घाम लागेर पनि आँगनमा उज्यालो नपोखिएकाले अर्थतात्त्विक विचलन आएको छ । "खुसीको गहिरो तलाउमा झ्वाम्म हामफालेर बाहिर आएजस्तो निकै उज्यालो देखियो आमाको अनुहार" (पृ. २५) । यस वाक्यमा गहिरो तलाउको प्रसङ्गले प्रकृतिलाई मानवीकरण गरिएको हुनाले अर्थतात्त्विक विचलन हुन पुगेको छ । "आमाको खुसीले सिङ्गो परिवारमा रोपिन्छ खुसी" (पृ. २५) । यस वाक्यमा आमाको खुसीले सिङ्गो परिवारमा खुसी रोपिन्थ्यो भन्नुले अर्थतात्त्विक विचलन ल्याएको छ । यसरी अर्थतात्त्विक विचलनद्वारा कृतिकारले उपन्यासको माध्यमबाट पोख्न खोजेको विचारलाई उत्कर्षमा पुऱ्याएको पाइन्छ ।

**प्रयुक्तिगत विचलन**

*मोक्ष* उपन्यासमा उपन्यासकारले एक प्रसङ्ग वा परस्थितिमा प्रयोग गरिने शब्द वा भाषा अर्को सन्दर्भमा प्रयोग गरेका छन् । यस्ता प्रयुक्ति विचलन भएका केही उदाहरणहरू : "शान्त बालकभ्कैँ चुपचाप थियो गाउँ" (पृ. ३५) । यस वाक्यमा गाउँ सुनसान भएको प्रसङ्गलाई शान्त बालकभ्कैँ चुपचाप भनी प्रस्ट्याउन खोजिएको छ । "पत्रिकाहरूले देखाए खाराले ओकलिरहेको आगोको लप्का"
(पृ. ७०) । यस वाक्यमा खारामा आगो बलिरहेको प्रसङ्गलाई ओकलिरहेको भनेर प्रस्ट्याउन खोजिएको छ, जसले गर्दा प्रयुक्तमा विचलन आएको छ । "लड्नुपर्ने योद्धाहरूलाई शिविरमा थन्क्याएपछि खिया लाग्दै गयो धारिलो विचारमा" (पृ. २३) । यस वाक्यमा लडाकुहरूलाई क्यान्टोन्मेन्टमा राखेपछि विचारशून्य भएको अथवा काम नभई उक्तिकै बस्नुपरेको प्रसङ्गलाई खिया लागेको भनेर देखाइएको छ, जसले गर्दा प्रयुक्ति विचलन भएको पाइन्छ । "बिहान सल्किएर उकालो लाग्दा पनि बाँकी थियो पातलो कुहिरो (पृ. ७५) । यस वाक्यमा बिहान भएर दिन हुँदै साँभ्क पर्नलाग्दा पनि कुहिरो रहिररहेको प्रसङ्गलाई सल्किरहेको भनी प्रयुक्तिगत विचलनको प्रयोग गरिएको पाइन्छ । यस्ता अन्य प्रयुक्ति विचलनको प्रयोगले कृतिको कथ्यलाई सशक्त बनाएको पाइन्छ ।

**भाषिकागत विचलन**

*मोक्ष* उपन्यासका उपन्यासकारले आफ्नो रचनामा नवीनता र सजीवता प्रदान गर्नको लागि खाली मानक रूपको मात्र प्रयोग नगरी आफ्नो परिवेशगत भाषिका, उपभाषिकाका शब्दलाई विचलन गरी प्रयोग गरेको पाइन्छ । यस्ता केही उदाहरणहरू : "ऊसँग घुर्मैलो सम्भ्कना छ पुराना दिनहरूको" (पृ. ७०) । "हल्लिएनन् सेता छाला भएका अम्रिकानेहरू" (पृ. ६९) । "तल्लाघरे माइलोसँगै खुसी बोकेर धेरैले उकालो चढे गाउँतिर" (पृ. ९७) । "मलाई त ऊ सनाको कर्णेल हो भन्नेमैं शङ्का भो" (पृ. ११५) । "मोटाएर राम्रो देखिने उमेर त तिमेरुको हो" (पृ. १६६) । प्रस्तुत वाक्यांशहरूमा रेखाङ्कित घुर्मैलो, माइलो, अम्रिकाने, तिमेरु, भन्नेमैं, भो, तिमेरुजस्ता शब्दहरूका मानक रूप धमिलो, माइला, अमेरिकन, तिमीहरू, भन्नेमा नै भयो, तिमीहरू हुनुपर्नेमा मानक रूप परिमार्जन गरेकोले भाषिका विचलन भएको देखिन्छ । यस्ता भाषिक विचलनका उदाहरणहरू उपन्यासमा प्रशस्त मात्रामा रहेको देखिन्छ ।

## समानान्तरता

समान प्रकारका भाषिक संरचनाहरूको पुनरावृत्तिले कृतिमा साहित्यिकताको अभिवृद्धि हुनुका साथै आकर्षण पैदा हुने हुनाले लेखक तथा कृतिकारले यस्ता वाक्यहरूको पुनरावृत्ति गराउने गर्दछन् । *मोक्ष* उपन्यासमा पनि विभिन्न स्थानमा पुनरावृत्ति गरिएको पाइन्छ । यस उपन्यासमा प्रयोग गरिएका समानान्तरताका केही उदाहरणहरूलाई निम्नानुसार बाह्य समानान्तरता र आन्तरिक समानान्तरता गरी दुई प्रकारमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ :

### बाह्य समानान्तरता

उपन्यासकारले भाषाका ध्वनि, वर्ण, रूप, शब्द, पदावली आदि बाह्य स्वरूपको पुनरावृत्ति गराएका छन् । जस्तै : "पानी परेको साक्षी बसेको छ, बलेसीको तप्केनी" (पृ. ६) । यस वाक्यमा साक्षी, बसेको, बलेसी शब्दमा 'स' वर्णको आवृत्ति भएको हुनाले बाह्य समानान्तरता भएको पाइन्छ । "युद्ध नै प्रेम र प्रेम नै युद्ध हो लडाकुहरूका लागि" (पृ. ७) । यस वाक्यमा ध्वनि र वर्णको आवृत्ति भएको पाइन्छ । "सबैतिर सैनिक नै छन् ओल्लो बाटोदेखि पल्लो बाटोसम्म" (पृ. १२१) । यस वाक्यमा ओल्लो र पल्लो शब्दमा 'ल' वर्णको आवृत्ति भएको छ । "चराहरूले पनि भुल्दै गए आफ्नै चिर्बिरको लय" (पृ. १५१) । यस वाक्यमा चरा र चिर्बिर 'च' वर्णको आवृत्ति भएको छ । यसरी पुनरावृत्ति भएर आएका शब्द र वर्णले उपन्यासको भाषामा सन्तुलन कायम गरेको देखिन्छ ।

### आन्तरिक समानान्तरता

यस *मोक्ष* उपन्यासमा प्रयोग भएको केही आन्तरिक समानान्तरतालाई निम्नानुसार प्रस्तुत गरिएको छ : "हार्न हिँडेका होइनौं आमा ! तपाईंको आशीर्वाद लागोस्, एक दिन आउँछौं जितेर" (पृ. ३१) । यस वाक्यमा हार्न हिँडेका होइनौ भन्नु र जित्नु भन्ने दुईवटा कुराले एउटै अभिप्रायलाई प्रस्तुत गरेका छन् । "शारदा पुगेपछि नमिलेको कुरा मिल्थ्यो र बन्थ्यो नबनेको सबै काम" (पृ. ७७) । यस वाक्यमा नमिलेको भन्नु र नबनेको भन्ने दुईवटा कुराले एउटै अर्थ बुझाएको छ । "कमरेडहरूले क्लियर बुझ्दा हुन्छ, हामीले न हार्‍यौं न त जित्यौँ" (पृ. ८९) । यस वाक्यमा 'न हार्‍यौँ' र 'न त जित्यौँ' भन्ने दुईवटै शब्दले एउटै अर्थ प्रस्तुत गरेको हुनाले यहाँ आन्तरिक समानान्तरता आएको छ । "म हिँड्दै आएँ, काँडाको बाटो । ... जिन्दगीको बाँकी बाटो अरू कठिन छ मेरा लागि" (पृ. १६१) । यस वाक्यमा

'काँडाको बाटो' र 'बाटो अरू कठिन' भन्ने दुईवटा कुराले एउटै अभिप्राय प्रस्तुत गरेको हुनाले यहाँ आन्तरिक समानान्तरता बन्न पुगेको छ। "अरू कठोर समय सुरु भो तिम्रो। सजिलो छैन, यो उमेरमा मन बाँध्ने कुरा" (पृ. २१५)। यस वाक्यमा 'कठोर समय' र 'सजिलो छैन' भन्ने वाक्यहरूले एउटै भावलाई प्रस्तुत गर्ने हुनाले आन्तरिक समानान्तरता आएको छ। "बाटो लामो थियो हिँड्दै आएको तर, सपना थिएन। बाँकी थियो लामो जिन्दगी तर भविष्य थिएन" (पृ. २३)। यस वाक्यमा 'लामो बाटो' र 'लामो जिन्दगी' ले एउटै अभिप्राय अर्थात् लामो समयको अर्थ प्रदान गर्ने र 'भविष्य' र 'सपना' शब्दले ले पनि एउटै अभिप्राय अर्थात् आउने दिनहरूको अर्थ प्रदान गर्ने भएको हुँदा आन्तरिक समानान्तरता आएको छ। यस्तै अन्य आन्तरिक समानान्तरताले कृतिको भावलाई अझ बढी अर्थ प्रदान गर्दै कृतिको सौन्दर्यलाई बढाएको छ।

## चिन्ह प्रयोग

*मोक्ष* उपन्यासमा विभिन्न किसिमका चिन्हहरूको प्रयोग भएको पाइन्छ। जुन निम्नानुसार रहेका छन् :

### प्रश्नवाचक चिन्ह प्रयोग

*मोक्ष* उपन्यासमा प्रशस्त मात्रामा प्रश्नवाचक चिन्हको प्रयोग भएको पाइन्छ। यस्ता केही प्रश्नवाचक (?) चिन्हका केही उदाहरणहरूमा : कसैले सोध्यो, "के दुश्मनको घेराबन्दीमा छौँ हामी ? कि गलत सेन्टरमा आइपुग्यौँ, बाटो बिराएर ?" (पृ. २१)। सोध्यो, "बाको खबर के छ ?" (पृ. २३)। "तपाईँ कहिलेबाट नाच्नुहुन्थ्यो नानी ? "(पृ. ४२)। सोधेको थिएँ उही समय, "किन केही भनेनौ त आकृतिलाई ?" (पृ. ४६)। "भन्नोस्, कुन शैक्षिक प्रमाणपत्र बुझाऊँ म तपाईंलाई ?" (पृ. १०३)। "खाँदै गरेको गाँस रोकेर सोधेँ, "यो धन्यवाद केका लागि म्याडम ?" (पृ. १३३)।

### योजक चिन्ह प्रयोग

*मोक्ष* उपन्यासमा विभिन्न शब्दलाई जोड्नका लागि योजक चिन्हहरूको प्रयोग गरेको देखिन्छ। यस्ता केही योजक चिन्ह (-) का केही उदाहरणहरूमा : "आकाशबाट ताराहरू नखस्दै र रुखका हाँगाबाट चराहरूले बिहान नडाक्दै उहिले-उहिले छापामारहरू आउने समयमैं ऊ आएको थियो" (पृ. ६)। "आमालाई थाहा थियो - शारदा अब धेरै नबस्ने कुरा" (पृ. ७)। "त्यसपछि गीत बज्नथाल्यो - *कसले भन्छ क्रान्ति यहाँ सफल हुँदैन ?*" (पृ. १०५)।

"फरक-फरक पात्र हुन् उपन्यासकी सकम्बरी र वर्तमानमा बाँचिरहेकी इच्छा" (पृ. ११४) । अर्को छापामार बोल्यो - "यति नाटक गर्नै पर्थेन छाड्नलाई" (पृ.१२३) । देव बोल्दाबोल्दै रोकेर भन्यो आविष्कारले - "कोही अछुत छैन तर अछुत बनाएको छ समाजले" (पृ. १४६) ।

### उद्गार चिन्हको प्रयोग

*मोक्ष* उपन्यासमा उपन्यासकारले विभिन्न स्थानमा आश्चर्य, मनोभाव तथा सम्बोधन जनाउनका लागि उद्गार चिन्ह ( ! ) को प्रयोग गरेका छन् । यस्ता उद्गार चिन्हका केही उदाहरणहरूमा : फेरि भन्यो, "आदित्य ! तिमीले न्याय गरेर लेख, मैले युद्धमा खर्चिएको समयलाई" (पृ. १३) । कमान्डरले सूचना सुनाउँदै भन्यो, "कमरेडहरू ! रिट्रिङ हुनुपर्ने भयो अब" (पृ.७६) । "आन्दोलन हुँदैछ रे रेडियोमा ! ख्याल राख्नू" (पृ.१९१) । "अब सबैलाई एकैचोटि छाड्ने रे ! अर्को निराधार झुट बोलेर थालको खाना सकेँ" (पृ. १८२) । "म्यासेज सिन भएको निकै समयपछि इच्छाले लेखी - अप्पो दीपो भवः !" (पृ. २०३) ।

### पूर्णविराम चिन्हको प्रयोग

*मोक्ष* उपन्यासमा प्रयोग भएका पूर्णविराम चिन्ह ( । ) का केही उदाहरणहरूमा : "केही बेरअघि मात्र सुतेको थियो । अझै पुगेको छैन उसको निद्रा ?" (पृ. ५) । "समय आएपछि सबै जान्छन् । रोक्न सक्दैनौं हाम्ले" (पृ. २७) । "भोलि बिहान गर्छु कुरा ।" दाहिने हातको दुई औँलाले मोबाइललाई टेबलमा घुमाउँदै भन्यो (पृ. ५६) । "तिमी त भेटिनै छाड्यौ त आदित्य !" देवले पुस्तकबाट आँखा हटाएर मतिर हेऱ्यो ।" (पृ. ९८) । "बा गिरफ्तार भएपछि कुनै सम्पर्क छैन उनीहरूसँग । उपाय लागेसम्म बुझौँला कुरा" (पृ.१३१) । ऊ फिस्स हाँसेर भनी, "ठीकै चल्दै छ ।" प्राकृतिकपन थिएन उसको हाँसोमा । (पृ.१६७) ।

## सारांश

यस अध्यायमा *मोक्ष* उपन्यासलाई उत्कृष्ट बनाउनका लागि केकस्ता शब्दहरूको चयन गरिएको छ भन्नेबारेमा अध्ययन गरिएको छ । अध्ययनका क्रममा कृतिलाई सौन्दर्यात्मक र कलात्मक बनाउनका लागि टुक्का, व्याकरणिक, अर्थतात्त्विक र कोशीय विचलनजस्ता माध्यमहरूको उचित प्रयोग गरिनुका साथै उपन्यासमा प्रयोग भएका शब्द, वाक्य र तिनको अभिव्यक्तिलाई चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन गरिएको छ । यसैगरी उपन्यासमा प्रयुक्त विभिन्न लेख्यचिन्हहरूको समेत सङ्क्षिप्त व्याख्या र विश्लेषण गरिएको छ । यसमा चयनअन्तर्गत नेपाली भाषामा संस्कृत भाषाबाट रूप

परिवर्तन नगरी जस्ताको तस्तै आएका तत्सम् शब्दहरूको प्रयोग, नेपाली भाषामा संस्कृत भाषाबाट रूप परिवर्तन भएर आएका तद्भव शब्दहरू,संस्कृत स्रोतभन्दा बाहिरका अन्य भाषाबाट नेपालीमा आई प्रयोग भएका शब्दहरू, झर्रा तथा अनुकरणात्मक शब्दहरूको प्रयोग, नामपदको चयन, सर्वनामको चयन, विशेषणपदको चयन, क्रियापदको चयन, क्रियाविशेषण पदको चयन, नामयोगी शब्द चयन, निपातको चयन, संयोजक शब्द चयन, विस्मयादिबोधक शब्द चयनको बारेमा उदाहरणसहित ब्याख्या गरिएको छ। यसैगरी वाक्य चयनअन्तर्गत उपन्यासमा प्रयोग भएका सरल वाक्य, संयुक्त वाक्य, मिश्र वाक्य र टुक्काहरूको उदाहरणसहित ब्याख्या गरिएको छ। यसका साथै विचलनअन्तर्गत *मोक्ष* उपन्यासमा प्रयोग भएका केही कोशीय विचलन, व्याकरणिक विचलन, ध्वनिप्रक्रियात्मक विचलन, लेख्य प्रक्रियात्मक विचलन, अर्थतात्त्विक विचलन, प्रयुक्ति विचलन, भाषिका विचलनको उपन्यासमा प्रयोग भएका उदाहरणसहित ब्याख्या गरिएको छ। यसैगरी समानान्तरताअर्न्गात बाह्य र आन्तरिक समानान्तरताको उदाहरणसहित ब्याख्या गरिएको छ भने त्यसपछि चिन्ह प्रयोगअन्तर्गत प्रश्नवाचक चिन्ह, योजक चिन्ह, उद्गार चिन्ह, पूर्णविराम चिन्हको प्रयोगलाई उदाहरणसहित प्रस्तुत गरिएको छ भने अध्यायको अन्त्यमा यस अध्यायको सङ्क्षिप्त सारांश प्रस्तुत गरिएको छ र अध्यायलाई समाप्त गरिएको छ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपादेयता

## सारांश

प्रस्तुत अध्याय अर्थात् अध्याय सातमा प्रस्तुत शोधकार्यको अनुसन्धानात्मक प्रश्नको आधारमा गरिएको उपन्यासको शैली विश्लेषणलाई सङ्क्षिप्त रूपमा कथानक संरचनालाई आरम्भ, सङ्घर्ष विकास, चरमोत्कर्ष, सङ्घर्षह्रास र उपसंहारमा वर्गीकरण गरी प्रस्तुत गरिएको छ ।

शोधको अध्याय एकमा विषय परिचयअन्तर्गत उपन्यासको सङ्क्षिप्त परिचय दिनुका साथै सामान्य रूपमा शैलीविज्ञानको परिचय पनि उल्लेख गरिएको छ । समस्याकथनमा कृतिलाई शैलीवैज्ञानिक पद्धतिका आधारमा विश्लेषण गर्ने भन्ने कुरालाई प्रस्तुत गरिएको छ । यसैगरी अध्ययनको उद्देश्यअन्तर्गत यस कृतिको शैलीवैज्ञानिक आधारमा केकसरी विश्लेषण गरी उल्लेख गरिएको छ । कृतिलाई तथ्यपूर्ण ढङ्गले बुझ्न, वस्तुगत आधारमा कुनै उपन्यासको शैलीविज्ञानको विभिन्न पक्षहरूको व्यावहारिक उपयोग गर्न मार्गप्रशस्त गरेकाले यस अध्ययनको औचित्यलाई पुष्टि गरेको छ । यस उपन्यासलाई शैलीवैज्ञानिक आधारमा कथानक, पात्रगत र चयन भाषिक विचलन र समानान्तरताका आधारमा व्याख्या र विश्लेषण गरिनु र अन्य पक्षबाट विश्लेषण नगरिनु सीमाङ्कनमा प्रस्तुत गरिएको छ ।

अध्याय दुई 'सम्बन्धित कार्यको पुनरावलोकन' शीर्षक दिई शैलीविज्ञानसँग सम्बन्धित पाँचवटा पुस्तकहरूको समीक्षालाई 'सैद्धान्तिक पुनरावलोकन' र दसवटा शोधपत्रहरूको अध्ययनलाई 'प्रायोगिक पुनरावलोकन' उपशीर्षक दिई गर्न लागिएको शोधकार्यमा केकस्तो सहयोग गरेका छन् भनेर अध्ययन गरिएको छ । 'पूर्वकार्यको अनुप्रयोग' उपशीर्षकअन्तर्गत पूर्वकार्यको पुनरावलोकनले प्रस्तुत शोधपत्रमा पुऱ्याएको सहयोगबारे केकस्ता सहयोग पुऱ्याएको छ भन्नेबारे विश्लेषण गरिएको छ । शैलीविज्ञानको सैद्धान्तिक अवधारणाअन्तर्गत शैलीविज्ञानको सैद्धान्तिक अवधारणा, शैलीको परिचय, शैलीविज्ञानको स्वरूप र विकासप्रक्रिया, शैलीविज्ञानको पूर्वीय र पाश्चात्य परम्परा, अन्य विधासँगको सम्बन्ध, शैलीविश्लेषण प्रक्रिया, साहित्यिक र भाषिक संरचना, भाषाशिक्षण र शैलीविज्ञानको सम्बन्धको बारेमा व्याख्या र विश्लेषण गरिएको छ । उपन्यासको कथानकअन्तर्गत

कथानकको आरम्भ, सङ्घर्षविकास, सङ्घर्षह्रास, चरम र उपसंहारको व्याख्या तथा विश्लेषण गरिएको छ । यसैगरी पात्रहरूको चरित्र चित्रणलाई लिङ्ग, कार्य, प्रवृति, जीवनचेतना, आसन्नता र आबद्धताका आधारमा वर्गीकरण गरिएको छ ।

अध्याय तीनलाई 'शोधविधि र प्रक्रिया' शीर्षक दिई अवधारणात्मक ढाँचा, अनुसन्धान कार्य,  सामग्री सङ्कलन, तथ्याङ्क सङ्कलनको लागि पुस्तकालयीय अध्ययनविधिको प्रयोग गरिएको छ भने नतिजा र छलफल, अध्ययनको रूपरेखालाई पनि प्रस्तुत गरिएको छ ।

चौथो अध्यायमा *मोक्ष* उपन्यासको कथानक संरचना प्रस्तुत गरिएको छ । कथानक संरचनाअन्तर्गत कथावस्तुको आरम्भ/चिनारी,  सङ्घर्षविकास, चरमोत्कर्ष, सङ्घर्षह्रास र उपसंहार गरी पाँचवटा उपशीर्षकमा वर्गीकरण गरेर कथानकको घटनाक्रमलाई प्रस्तुत गरिएको छ । यसरी युद्धको विषयवस्तुलाई आधार बनाइ लेखिएको यस उपन्यासको कथानकको संरचनालाई ब्याख्या र विश्लेषण गरिएको छ ।

पाँचौं अध्यायमा *मोक्ष* उपन्यासको पात्रहरूको चरित्र विश्लेषणलाई प्रमुख, सहायक र गौणका आधारमा आधारित रहेर प्रस्तुत गरिनुका साथै चरित्रचित्रणका आधारहरूअन्तर्गत लिङ्ग, कार्य, प्रवृत्ति, जीवनचेतना, आसन्नता र आबद्धताजस्ता पक्षहरूमा विश्लेषण गरिएको छ । चरित्र चित्रणका हिसाबले पनि यो उपन्यास सबल देखिन्छ । यस उपन्यासमा धेरै थरीका पात्रहरूको चरित्र रहेको छ । नेपालको दसवर्षे सशस्त्र जनयुद्ध र त्यसले पारेका विविध प्रभावहरूमा आधारित यस उपन्यासमा पात्रहरूलाई विश्लेषण गरिएको छ । विश्लेषणको क्रममा पात्रहरूको तालिकासमेत प्रस्तुत गरिएको छ । जसले गर्दा उपन्यासमा प्रयुक्त पात्रहरूको भूमिकालाई विस्तृत रूपमा प्रस्ट्याएको देखिन्छ ।

छैटौं अध्यायमा *मोक्ष* उपन्यासलाई उत्कृष्ट बनाउनका लागि केकस्ता शब्दहरूको चयन गरिएको छ भन्नेबारेमा अध्ययन गरिएको छ । अध्ययनका क्रममा कृतिलाई सौन्दर्यात्मक र कलात्मक बनाउनका लागि टुक्का, व्याकरणिक, अर्थतात्त्विक र कोशीय विचलनजस्ता माध्यमहरूको उचित प्रयोग गरिनुका साथै उपन्यासमा प्रयोग भएका शब्द, वाक्य र तिनको अभिव्यक्तिलाई चयन, विचलन र समानान्तरताका आधारमा अध्ययन गरिएको छ । यसैगरी उपन्यासमा प्रयुक्त विभिन्न लेख्यचिन्हहरूको समेत सङ्क्षिप्त ब्याख्या र विश्लेषण उदाहरणसहित गरिएको छ ।

अध्याय सातमा प्रस्तुत शोधकार्यको अध्ययनको निष्कर्षलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरिएको छ । यसरी नै उपादेयताअन्तर्गत प्रस्तुत शोधपत्र *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन*ले अन्य व्यक्ति तथा सम्बन्धित निकायहरूलाई पुऱ्याउने सहयोग अथवा उपयोगिताको बारेमा लेखिएको छ ।

## निष्कर्ष

सिर्जन अविरलद्वारा २०७८ साल भदौमा लिखित एवम् साङ्ग्रिला पुस्तक प्रा.लि. बाट प्रकाशित *मोक्ष उपन्यासको शैलीवैज्ञानिक अध्ययन* शीर्षकको प्रस्तुत शोधपत्रमा शोधको उद्देश्यअनुसार शैलीविज्ञानका विभिन्न कोणबाट विवेच्य कृतिको विश्लेषण गरिएको छ । यो उपन्यास नेपालको दसवर्षे सशस्त्र द्वन्द्वलाई प्रमुख विषयवस्तु बनाएर लेखिएको हो । अगणनीय चार पृष्ठ र गणनीय २२७ पृष्ठ गरी जम्मा २३१ पृष्ठको यस उपन्यास डिमाइ साइजमा प्रकाशित भएको छ । यस उपन्यासलाई आन्तरिक रूपमा अठारवटा शीर्षकहरूमा वर्गीकरण गरिएको छ । उपन्यासमा उपन्यासकारले फरकफरक शैलीको प्रयोग गरेकाले उपन्यास सरस, सरल र बोधगम्य बनेको छ ।

कथानकगत रूपमा प्रस्तुत उपन्यासलाई हेर्दा प्रमुख पात्र आविष्कार र आदित्यको भेटपछि दुईजनाबीच भएको कुराकानीबाट उपन्यासको घटनाक्रमको थालनी भएको छ । आफ्नो ज्यानको बाजी लगाएर वर्गीय मुक्तिको लागि समाजमा दलनको अन्त्यको लागि युद्धको मैदानमा उत्रिएर युद्ध जितेर पनि अयोग्य भएका साहसी योद्धाहरूलाई अनमिनद्वारा अयोग्य बनाइनु, पार्टी नेतृत्व सत्ता र पैसामोहमा लागेर घाइते, सहिद र बेपत्ताहरूको मर्मलाई बिर्सनु, शारदा, इन्छा, अम्बिका, सलिना, विद्रोहजस्ता नेपाल आमाका छोराछोरीहरू जो आफ्नो व्यक्तिगत सपनालाई पन्छाएर अन्याय, अत्याचार, शोषण, दलन र असमानताको मुक्तिको निम्ति माओवादी युद्धमा लागेर युद्धमा होमिनु, रोल्पाको थवाङ् होस् वा चितवनको कोराक होस् देशको विभिन्न स्थानहरूमा आफ्नो बलिदानी दिन पनि पछि नपरिकन युद्धको अग्रमोर्चामा प्रस्तुत हुनु, कमरेड आकृतिजस्ता हजारौँले युद्धबाटै सहादत प्राप्त गर्नु, कार्यालय बा युद्धलाई सघाएवापत जेलमा हुनु, उनी जेलमा भएकै कारण उनको सिङ्गो परिवार आँसुमा डुब्नु, आदित्यले बालाई छुटाउन अनेक प्रयास गर्नु, रेडियोसँगको आफ्नो कर्म, परिवारप्रतिको दायित्व, बाको गिरफ्तारीपछिको पीडाजस्ता अनेक दुःखहरूलाई झेल्दै बाको रिहाइका लागि आदित्यले ब्यारेकसँग राम्रो सम्बन्ध स्थापित गर्नु, कलम समाउने हातहरूले बन्दुक समाउन आएका युद्धका सिपाहीहरूलाई आमाले माया र सद्भावपूर्ण

व्यवहार गर्नु, युद्ध खासै मन नपराउने आमाले बाको गिरफ्तारीपछि दुःख भुल्न मन्दिर जानु, भगवान्सँग पीडा साट्नु, माओवादी युद्ध सल्कदै जानु, थुप्रै जनधनको क्षति हुनु, अन्याय, अत्याचार, शोषण, दमन र असमानताको मुक्तिको लागि युद्धमा होमिएका लडाकुहरूलाई क्यान्टोन्मेन्टमा राखिनु, उनीहरूलाई राज्यले एउटा रोजगार दिलाउला, गाँस, बास र कपासको सुनिश्चितता गर्ला, गरिब र सीमान्तकृत वर्गको विभेद हट्ला भन्ने अपेक्षा गरिरहेकै बखत अनमिनद्वारा कैयौँ लडाकुहरूलाई अयोग्य घोषित गरेपछि युद्धलाई नै सर्वोपरी मान्दै युद्धमा होमिने पात्रहरूमध्ये अन्त्यमा आविष्कारले आत्महत्याको बाटो रोज्नु, इच्छाले भिक्षुको बाटो रोज्नु, इमा र दिलाशाहरू विदेसिनु, आदित्यजस्ता पात्रहरू मानसिक द्वन्द्वबाट गुज्रिदै लेखनतर्फ लाग्नुजस्ता घटनाक्रमहरू उपन्यासमा प्रस्तुत गरिएको छ । यसरी प्रस्तुत उपन्यास *मोक्ष*मा भएको कथानक संरचनाको आधारमा उपन्यासको कथावस्तु उत्कृष्ट रहेको छ ।

उपन्यासको पात्रगत स्थितिलाई हेर्दा प्रमुख पात्रहरू आदित्य, आविष्कार, शारदा र इच्छा हुन् । त्यसै गरी कार्यालय बा, आमा, देव, अम्बिका, रिफा, कर्णेल र सलिना उपन्यासका सहायक पात्रहरू हुन् । क. आकृति, दिलाशा, विद्रोह, पाखिन दाइ, कृष्णसेन इच्छुक, चुनु गुरुङ, तारा कुमाल, क. प्रज्वल, भैरवजस्ता पात्रहरू उपन्यासका गौण पात्रहरू हुन् । यी पात्रहरूमध्ये आविष्कार, दिलाशा र कर्णेलजस्ता पात्रहरू प्रतिकूल पात्रका रूपमा प्रस्तुत भएका छन् भने अरू सबै अनुकूल पात्रका रूपमा देखिएका छन् । त्यस्तै गरेर कर्णेल, नारायण श्रेष्ठ, रिफाजस्ता पात्रहरू व्यक्तिगत चरित्रका पात्रहरू हुन् भने अन्य सबै वर्गीय चरित्रका पात्रहरू हुन् । दिलाशा र नारायण श्रेष्ठ नेपथ्य पात्र हुन् भने अन्य सबै पात्रहरू मञ्चीय पात्रहरू हुन् । नारायण श्रेष्ठ र रिफा मुक्त पात्र हुने भने अन्य सबै पात्रहरू बद्ध पात्र हुन् । यसरी यिनै पात्रहरूको भूमिकामा उपन्यास संरचित रहेको छ ।

यस कृतिमा शब्द चयन प्रमुख रूपमा रहेको छ । तत्सम, तद्भव, झर्रा, अनुकरणात्मक र आगन्तुक शब्दको चयन गरिएको छ । यस्तो शब्दहरूको चयन उद्देश्यपूर्ण देखिन्छ । वाक्य चयनअन्तर्गत सरल वाक्यको अत्यधिक प्रयोगले कृतिको संवादलाई रोचक र सम्प्रेष्य बनाएको छ साथै यस कृतिलाई सजीव बनाउनमा पनि मद्दत पुऱ्याएको छ । त्यसकारण वाक्य चयन उद्देश्यपूर्ण देखिन्छ । त्यस्तै लेख्य चिन्हको प्रयोगले मानवीय संवेगहरू हर्ष, विस्मात, आश्चर्य आदिको भाव व्यक्त गर्न सहयोग गरी आकर्षक बनाएको छ । अङ्ग्रेजी भाषाका शब्दहरू पनि धेरै मात्रामा प्रयोग गरिएको पाउन सकिन्छ । कोशीय,

व्याकरणिक, अर्थतात्त्विक, भाषिक, ध्वनि प्रक्रियात्मक, प्रयुक्तिगत विचलनजस्ता विचलनको प्रयोगले कृति उत्कृष्ट बन्न पुगेको छ । बाह्य र आन्तरिक समानान्तरताको प्रयोगले कृतिको सौन्दर्यलाई बढाएको छ । समगम्रमा प्रस्तुत *मोक्ष* उपन्यासको कथानक संरचना, शब्द चयन, विचलन, समानान्तरता र पात्रविधानको शैलीवैज्ञानिक विश्लेषणका दृष्टिले उपन्यास उत्कृष्ट बन्न पुगेको निष्कर्ष निकाल्न सकिन्छ ।

## उपादेयता

जुनसुकै शोधकर्ता वा अध्येताले कुनै पनि विषयमा शोध अध्ययन गर्दा केही न केही उद्देश्य लिएको हुन्छ र त्यसै उद्देश्यमा केन्द्रित रहेर शोध वा अध्ययनको निष्कर्षमा पुग्दछ । ती निष्कर्षहरूको विभिन्न प्रकारका उपादेयता (उपयोगिता) रहेका हुन्छन् । यसले नीतिगत तथा प्रयोगगत तहमा आवश्यक परिवर्तन गर्नका लागि मार्गनिर्देशन गर्दछ । यसलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

### नीतिगत तह

नीतिगत तहमा यसको उपादेयतालाई दृष्टिगत गर्दा वर्तमान सन्दर्भमा कुनै पनि आख्यानात्मक कृतिको शैलीवैज्ञानिक अध्ययन गरिनु अत्यन्तै महत्त्वपूर्ण रहेको हुन्छ । यसको अध्ययनबाट पाठक, शिक्षक, विद्यार्थी, शोधार्थी, समीक्षक आदिका लागि उपयोगी हुनेछन् । शैलीवैज्ञानिक आधारमा *मोक्ष* उपन्यासको अध्ययन हालसम्म कसैले पनि नगरेको हुनाले यस उपन्यासको बारेमा जिज्ञासा राख्ने जोकोहीलाई पनि प्रस्तुत अध्ययन उपयोगी हुनेछ भने कुनै पनि कृतिको शैलीवैज्ञानिक अध्ययनबाट कृतिका कृतिकार, समालोचक, साहित्यिक तथा राजनैतिक समीक्षकहरू, सरोकारवाला सङ्घसंस्था लगायत यस विषयसँग सम्बन्धित व्यक्तित्वहरूका लागि भाषिक अभिव्यक्ति तहका नीतिहरू निर्माण गर्न शोधसामग्रीका रूपमा उपयोगी  हुनेछ ।

### प्रयोगगत तह

शैलीवैज्ञानिक अध्ययनबाट गरिएको यो शोधकार्यको सहयोगबाट स्रष्टाले कस्तो भाषा प्रयोग गर्दा रचना अभिव्यक्ति शैली र भाषिक दृष्टिले उपयोगी हुन्छ भन्ने कुरामा पनि उपयोगी हुनेछ । उपन्यास मात्र नभई अन्य विधाको पनि शैलीवैज्ञानिक अध्ययन गर्ने परम्परा त्यति अघि नपुगेकाले समालोचनाको क्षेत्रमा महत्त्वपूर्ण स्थान बनाउन यस शैलीवैज्ञानिक अध्ययन सान्दर्भिक हुन्छ । शोधनिर्देशकलाई यस शोधपत्रको बारेमा

मूल्याङ्कन गर्न तथा अन्य शोधार्थीहरूलाई उदाहरण दिनसमेत सघाउ पुऱ्याउँछ। विद्यार्थीको लागि प्रस्तुत शोधपत्रलाई नमुनाको रूपमा प्रस्तुत गरेर र अध्ययन अनुसन्धान गर्दा आधार बनाएर शैक्षिक सङ्घसंस्थालाई पनि यस शोधकार्यले सहयोग पुऱ्याउने अपेक्षा गर्न सकिन्छ। प्रस्तुत उपन्यास *मोक्ष*का उपन्यासकार सिर्जन अविरललाई आफ्नो कृतिमा गरिएको अध्ययन विश्लेषण हेर्न सहयोग पुग्दछ।

## सन्दर्भ सामग्रीसूची


अविरल, सिर्जन (२०७८), *मोक्ष,* काठमाडौँ : साङ्ग्रिला पुस्तक प्रा.लि. ।

आचार्य, विष्णु र विश्वास भुसाल (२०७३), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : शुभकामना प्रकाशन ।

कँडेल, गोपालप्रसाद (२०७२),*समानान्तर आकाश उपन्यासको शैली वैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

कोइराला, सुष्मा (२०७०), *अर्जुनदृष्टि लघुकथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी क्याम्पस, नारायणगढ ।

खतिवडा, भवानी (२०७४), *तीन घुम्ती उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

गैरे, ईश्वरीप्रसाद (२०७६), *आधुनिक नेपाली उपन्यास,* काठमाडौँ : दिव्य देउराली प्रकाशन प्रा.लि. ।

पौड्याल, कृष्णविलास (२०६९), *सृजना, शोधविधि र संस्कृत काव्यशास्त्र,* कीर्तिपुर : त्रि.वि., अक्सफोर्ड बुक्स हाउस ।

भण्डारी, पारसमणि र अन्य (२०६८), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयाम,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लम्साल, रामचन्द्र र अन्य (२०६९), *प्रायोगिक भाषाविज्ञान,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

लामा, देवीराम (२०७५), *ऐना कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

शर्मा, कुमारी (२०७७), *खलंगामा हमला कृतिको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

शर्मा, मोहनराज (२०५८), *शैलीविज्ञान (दो.सं.),* काठमाडौँ : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान ।

शर्मा, रीतादेवी (२०७७), *मैदारो उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

श्रेष्ठ, धनमाया (२०६८), *सीताहरू कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., बालकुमारी कलेज, नेपाली भाषा शिक्षा विभाग, नारायणगढ ।

सापकोटा, कमलाकुमारी (२०७२), *प्रेम र मृत्यु कथासङ्ग्रहको शैलीवैज्ञानिक अध्ययन,* स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, बालकुमारी कलेज, नारायणगढ ।

सुनार, टीकाराम (२०७७), *फेब्रुअरी १४ उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।

सुवेदी, पूजा (२०७७), *प्रेमदासको डायरी उपन्यासको शैलीवैज्ञानिक अध्ययन,* शोधपत्र, त्रि.वि., सप्तगण्डकी बहुमुखी क्याम्पस, नेपाली भाषा शिक्षा विभाग, चितवन ।



# व्यक्तिवृत्त

| | |
|---|---|
| नाम | : सविना लामिछाने |
| जन्ममिति | : २०५२/०५/०८ |
| जन्मस्थान | : तान्द्राङ, गोरखा |
| बाबुको नाम | : गोकुलप्रसाद लामिछाने |
| आमाको नाम | : लक्ष्मी लामिछाने |
| पतिको नाम | : बलराम दाहाल |
| राष्ट्रियता | : नेपाली |
| लिङ्ग | : महिला |
| धर्म | : हिन्दु |
| वैवाहिक स्थिति | : विवाहित |
| भाषा | : नेपाली |
| रुचि | : अध्ययन, भ्रमण, सङ्गीत र समाजसेवा |
| कार्य | : गृहिणी |
| हालको ठेगाना | : भरतपुर-९, शरदपुर, चितवन |
| सम्पर्क | : ९८४५५६६०२० |

शैक्षिक योग्यता

| क्र.सं. | तह | अध्ययन गरेको संस्था | उत्तीर्ण वर्ष | श्रेणी |
|---|---|---|---|---|
| १ | स्नातकोत्तर | सप्तगण्डकी क्याम्पस, भरतपुर | | अध्ययनरत |
| २ | स्नातक | श्री दुल्लभ क्याम्पस, गोरखा | २०७२ | द्वितीय |
| ३ | दश जोड दुई | श्री शान्ति मा.वि., गोरखा | २०६८ | द्वितीय |
| ४ | एस.एल.सी. (प्रवेशिका) | श्री सिद्धकाली मा.वि., गोरखा | २०६६ | प्रथम |